स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
(स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ द्वारा स्थापित)

"An Autonomous, Professional, Client Centered, Gender Responsive National Institute of Excellence in the area of Local-Self Governance."

Local Development Training Academy
(Established by Local Development Training Academy Act, 2049)

LDTA >>>

# स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता सम्वन्धी अध्ययन प्रतिवेदन

## २०७९ असोज




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# फिक्कल गाउँपालिका

## सिन्धुली, बागमति प्रदेश

**पेश गरिएको:**

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर**

# स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता सम्वन्धी अध्ययन प्रतिवेदन

## २०७९ असोज

**पेश गरिएको:** स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर

**अध्ययन गरिएको स्थानीय तह:** फिक्कल गाउँपालिका


**अध्ययनकर्ता:** श्री जय कृष्ण श्रेष्ठ
श्री योग माया सापकोटा
श्री कलसा सिंह


**अध्ययन गरिएको वर्ष:** आ. व. २०७७।०७८ र २०७८।०७९

**अध्ययन मिति:** २०७९।५।२६ देखि २०७९।५।३० सम्म

# कृतज्ञता

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको प्रभावकरिता सम्वन्धी अध्ययन गर्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले बागमति प्रदेश अन्तर्गत सिन्धुली जिल्लाको फिक्कल गाउँपालिकामा हामीलाई अध्ययनका लागि जिम्मेवारी प्रदान गरेकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। फिक्कल गाउँपालिकामा निर्माण भएका कानुन र तिनको परिपालन, आर्थिक अनुशासन एवम् राजश्व व्यवस्थापन, प्रशासनिक कार्य सम्पादन तथा सेवा प्रवाहका सन्दर्भको विश्लेषण गर्नका लागि स्थलगत अवलोकन गरिएको छ। अध्ययनमा विषयगत क्षेत्रसँग सम्वद्ध १५० वटा संरचित वस्तुगत र १२ वटा विषयगत प्रश्नावली निर्माण गरी प्राप्त प्रतिक्रियालाई मूल स्रोत बनाई विश्लेषण गरिएको छ। अध्ययन टोलीले प्रमाणहरुबाट पुष्टि हुनेनहुने अवस्थाहरुको सम्वन्धमा गाउँपालिकामा उपलब्ध अभिलेखहरु भिडान गरी प्रतिवेदनमा उल्लेख गरिएको छ जसबाट समष्टिगत तथ्य विश्लेषणका लागि सहज भएको छ।

अध्ययनका क्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा सम्वन्धित कर्मचारीहरुबाट भएको सहयोगका लागि हार्दिक आभार व्यक्त गर्दछौं। साथै यस अध्ययनका क्रममा भएका छलफलहरुले गाउँपालिकाको शासकीय पक्षहरुमा सुधार गर्नुपर्ने कुराको महसूस समेत गरिएको पाइएकोले भावी दिनहरुमा गाउँपालिकाले आफ्ना सुधार गर्नुपर्ने पक्षहरुमा काम गर्न सहज हुने देखिन्छ।

अन्तमा यस अध्ययनका लागि मार्गनिर्देश गर्नुहुने स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री कुमार प्रसाद दहालज्यू र प्रतिष्ठान परिवारप्रति कृतज्ञता व्यक्त गर्दछौं।

धन्यवाद !

अध्ययनकर्ता
जय कृष्ण श्रेष्ठ
योग माया सापकोटा
कलसा सिंह

# विषयसूची


कृतज्ञता iii

विषयसूची iv

संक्षिप्त शब्दसूची v

कार्यकारी सारांश vi

**१.० अध्याय एक १**

१.१ पृष्ठभूमि १

१.२ गाउँपालिकाको परिचय २

१.३ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.५ अध्ययनको सान्दर्भिकता र उपादेयता ३

१.६ अध्ययनको सीमा ४

**२.० अध्याय दुई ५**

२.१ अध्ययन विधि र प्रक्रिया ५

२.१.१ अध्ययनको ढाँचा ५

२.१.२ अध्ययन विधि ५

२.२ सूचनाका स्रोत ५

२.३ सूचना सङ्कलनका साधन ६

२.४ तथ्य सङ्कलन प्रक्रिया ७

२.५ विश्लेषण र प्रस्तुतिकरण ७

**३.० अध्याय तीन ८**

३.१ नतिजा र विश्लेषण ८

**४.० अध्याय चार १६**

४.१ निष्कर्ष १६

४.२ सुझाव १९

**अनुसूचीहरु २१**

१. स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता सम्वन्धी अध्ययन प्रश्नावली फाराम २२

२. बैठकमा उपस्थित पदाधिकारी र कर्मचारीहरुको नामावली ६४

३. फोटोहरु ६५

# संक्षिप्त शब्दसूची

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| गा.पा. | गाउँपालिका |
| न.पा. | नगरपालिका |
| उ.स. | उपभोक्ता समिति |
| आ.ले.प. | आन्तरिक लेखा परीक्षण |
| म.ले.प. | महालेखा परिक्षक |
| प्र.प्र.अ. | प्रमुख प्रशासकिय अधिकृत |
| ल.ई. | लगत इस्टिमेट |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| गै.स.सं. | गैर सरकारी संस्था |
| आ.वि. | आर्थिक विवरण |
| ले.प. | लेखा परीक्षण |
| DRMP | Disaster Risk Management Plan |
| IEE | Initial Environment Examination |
| MTMP | Master Transportation Municipal Plan |
| SuTRA | Sub-National Treasury Regulatory Application |

# कार्यकारी सारांश

य ो अध्ययन फिक्कल गाउँपालिकाबाट भएका कानूनी, प्रशासनिक, आर्थिक तथा व्यवहारिक पक्षका सम्पादन गरिएका भूमिका एवम् जनजीविकाका सवालमा गरिएका सेवा प्रवाहको अवस्था पहिचान र विश्लेषणमा केन्द्रित छ । प्रस्तुत अध्ययनको मूल उद्देश्य फिक्कल गाउँपालिका सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता विश्लेषण गर्नु हो । यस अध्ययनको निर्दिष्ट उद्देश्यहरू फिक्कल गाउँपालिकाको कानुन निर्माण तथा कार्यान्वयनको अवस्थाको पहिचान गर्नु,फिक्कल गाउँपालिकामा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियाको अध्ययन गर्नु, फिक्कल गाउँपालिकामा आर्थिक अनुशासन तथा वित्तीय जोखिम व्यवस्थापन प्रक्रियाको तथ्य निरूपण गर्नु, फिक्कल गाउँपालिकामा राजश्व व्यवस्थापन अवस्था पहिचान गर्नु, फिक्कल गाउँपालिकामा प्रशासनिक अवस्था तथा सुशासनको स्थिति विश्लेषण गर्नु, फिक्कल गाउँपालिकामा सेवा प्रवाहको अवस्था पहिल्याउनु र फिक्कल गाउँपालिकामा कोरोना भाइरस नियन्त्रण तथा अवस्था पहिचान गर्नु रहेका छन् ।

प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित छ । यसमा फिक्कल गाउँपालिकामा निर्माण भएका कानुन र तिनको परिपालन, आर्थिक अनुशासन एवम् राजश्व व्यवस्थापन, प्रशासनिक कार्य सम्पादन तथा सेवा प्रवाहका सन्दर्भको विश्लेषण गर्नका लागि क्षेत्रगत अवलोकन गरिएको छ । अध्ययनका लागि निर्धारित शीर्षक या क्षेत्रअन्तर्गतका विविध कथन या सूचकमा आधारित प्रश्नावली निर्माण गरी प्राप्त प्रतिक्रियालाई मूल स्र ोत बनाई विश्लेषण गरिएको छ । निर्दिष्ट उद्देश्यहरु परिपूर्तिका लागि विषयगत क्षेत्रसँग सम्वद्ध १५० वटा संरचित वस्तुगत कथन एवम् १२ वटा विषयगत प्रश्नावली तयार पारिएको छ । स्थलगत अनुसन्धाताबाट लिइएका तथ्य नै यस अध्ययनका मुख्य स्रोत सामग्री बनेका छन् । सूचनाको सङ्कलनका लागि संरचित तथा खुला प्रकृतिका कथन, सूचक एवम् प्रश्नावलीको निर्माण गरी स्थलगत सर्वेक्षण, अवलोकन गरिएको छ भने अभिलेखको अध्ययनबाट पनि सूचना प्राप्त गरिएको छ । यस अध्ययनमा मूलतः वर्णनात्मक विधिको उपयोग गरिएको छ । यस अध्ययनबाट गाउँपालिकामा स्थानीय कानून कार्यान्वयन, योजना तर्जुमा, आर्थिक व्यवस्था तथा सेवा प्रवाह सम्वनन्धमा विशेष तथ्यहरु प्राप्त भएका छन् ।

फिक्कल गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँसभा र गाउँकार्यपालिकाको बैठक बसेको देखिन्छ । गाउँपालिकाले निर्माण गरेका सबै ऐन, नियमावली, निर्देशिका, कार्यविधि र आचार सहिताहरू स्थानीय राजपत्रमा प्रकाशन भएको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँसभाबाट लेखा समितिमात्र गठन भएको छ । कानूनी प्रावधान विना गाउँसभाको निर्णयबाट सुविधा उपलब्ध गराउने गरी राजनीतिक नियुक्ती दिएको देखिन्छ । न्यायिक समितिको कार्यसम्पादन गाउँपालिकाको न्यायिक कार्यसम्पादन ऐन अनुसार हुने गरेको देखिन्छ । त्यसैगरी गाउँकार्यपालिका बैठकबाट अनुगमन तथा सुपरीवेक्षण समिति र स्थानीय राजश्व परामर्श समिति गठन भएको देखिन्छ । अनुगमन तथा सुपरीवेक्षण समिति सञ्चालनको कार्यविधि तर्जुमा नभएको र अनुगमन प्रतिवेदन आयोजनाको अन्तिम भुक्तानीको लागि मात्र उपयोग गरेको देखिन्छ । स्थानीय राजश्व परामर्श मिति सञ्चालन कार्यविधि नहुँदा समितिले राजश्व प्रशासन सुधार र राजश्व परिचालन सम्वन्धी कार्यहरू प्रभावकारी रुपमा गरेको देखिएन ।

फिक्कल गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार गाउँपालिकाको पार्श्व चित्र, आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार गरेको छ । गाउँ

कार्यपालिकाबाट गठन गरिएका विषयगत समितिहरु गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सक्रिय भएको देखिएन र विषयगत समिति सञ्चालन कार्यविधि निर्माण भएको पनि पाइएन। गाउँसभाले असार मसान्त भित्रनै गाउँपालिकाको बार्षिक योजना तथा बजेट कार्यक्रम तर्जुमा गरी स्वीकृत गरेको देखिएता पनि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार योजना तर्जुमाका चरणहरु र समयसिमाको पालना भएको पाइएन।

आर्थिक कारोबार सार्वजनिक खरिद ऐन २०६३ र नियमावली अनुरुप सम्पादन गर्ने गरेको छ। धेरैजसो आयोजनाहरु उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने गरेको देखिन्छ। बार्षिक योजना तथा कार्यक्रममा केहि रकम अबण्डा राख्ने र पछि अध्यक्ष र कार्यपालिकाले निर्णय गरी कार्यान्यिन गरेको देखिन्छ। आर्थिक कारोबार नगदमा हस्तलिखित, अनलाइन प्रणाली, बैकिङ्ग प्रणाली र विद्युतीय प्रणालीबाट हुने गरेको देखिन्छ। अन्तिम लेखा परीक्षणबाट देखिएका बेरुजुको समपरीक्षण कम प्रतिशत मात्र भएको देखिन्छ र गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। गाउँपालिकाको आन्तरिक राजश्व अधिल्लो आ. व. को तुलनामा केहि बृद्धि भएको देखिन्छ। सामान्यतया राजश्व छुट दिने सम्वन्धी व्यवस्था नभएतापनि कोभिडको समयमा गाउँसभाबाट निर्णय गरी मिनाहा दिएको देखिन्छ। गाउँपालिकामा समयभित्रका व्यक्तिगत घटना दर्ता निःशुल्क गर्ने गरिएको भएतापनि नागरिकता प्रतिलिपी सिफारिशका लागि केहि शुल्क लिने व्यवस्था गरको देखिन्छ। सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत दिने गरेको र उनीहरुको विवरण त्रैमासिक रुपमा अद्यावधिक गरिएको पाइन्छ। गाउँपालिकाले संघ र प्रदेशमा आर्थिक विवरणमात्र र अन्य विवरणहरू नियमित नभइ माग अनुसार मात्र पठाउने गरेको देखिन्छ।

गाउँपालिकाले खाली दरबन्दीमा विज्ञापन मार्फत करारमा कर्मचारी पदपूर्ति गरेको देखिन्छ। कर्मचारीहरुलाई कार्यविवरण दिइएको छैन र शाखा तोकी कार्य सम्पादन गर्न जानकारी गराएको देखिन्छ। कर्मचारीहरुले समयमै कार्यसम्पादन मूल्याङ्कन र सम्पति विवरण बुझाउने गरेको देखिन्छ। गाउँपालिकाको सेवा प्रवाहमा विचौलियाको प्रयोग भएको देखिदैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उजुरी सम्वन्धी कार्यकालागि प्रशासन शाखाबाट हुने गरेको पाइन्छ। गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको अङ्क अधिल्लो बर्षभन्दा घटेको देखिन्छ। गाउँपालिकामा सार्वजनिक सम्पतिको अभिलेख तथा संरक्षणको अभिलेख राखेको देखिएन र सुशासन सम्वन्धी नीति तर्जुमा नभएको देखिन्छ। गाउँसभा र गाउँकार्यपालिकाले गरेका निर्णयहरु गाउँपालिकाको वेवसाइडमा अद्यावधिक गर्ने गरेको देखिदैन। गाउँपालिकामा विद्यालय व्यवस्थापन समिति अभिभावक भेलाबाट मात्र गठन गरेको र विद्यालयको निर्माण कार्य सोही समितिबाटै हुने गरेको देखिन्छ। गाउँपालिकामा नियम अनुसार उद्योगहरु दर्ता गर्ने गरेको र तिनिहरुको नवीकरण पनि गर्ने गरेको देखिन्छ। गाउँपालिकाले कोभिडको समयमा कारोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ अनुसार कोष स्थापना गरी सञ्चालन गरी खर्च गरेको देखिन्छ।

गाउँपालिकालाई प्रभावकारी रुपमा सञ्चालन गरी सफल तुल्याउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विधायन समिति र सुशासन समिति गाउँसभाबाट गठन गर्नुपर्ने र यी समितिहरु र लेखा समितिको सञ्चालन कार्यविधि निर्माण गरी नियमित र सक्रिय बनाउनुपर्ने र सम्वन्धित समितिहरुका संयोजक तथा सदस्यहरुलाई जवाफदेही बनाउनु पर्ने। साथै गाउँसभा, गाउँ कार्यपालिका र समितिहरुवीचको कार्यसम्वन्ध र समन्वय तथा भूमिकामा प्रष्ट गर्नुपर्ने। अनुगमन तथा सुपरीवेक्षण समिति सञ्चालन र स्थानीय राजश्व परामर्श समिति कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नुपर्ने।

गाउँपालिकाले तयार गरेका पार्श्व चित्र, आवधिक योजना र मध्यमकालीन खर्च संरचनालाई प्रत्येक बर्ष समिक्षा सहित अद्यावधिक गरी बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा उपयोग र तादम्यता गर्नुपर्ने। साथै दिगो विकास लक्ष्य स्थानीयकरण गरी गाउँपालिकाको बार्षिक योजना तथा कार्यक्रममा त्यसको आन्तकीरिकरण गर्ने व्यवस्था गर्नुपर्ने । प्रत्येक विषयक्षेत्रगत समितिहरुको बैठक नियमित रुपमा गर्ने र सम्वन्धित कर्मचारी र समितिका संयोजकहरुलाई जवाफदेही बनाउनुपर्ने। गाउँपालिकाले बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसारका चरणहरु र प्रमुख कार्यहरू समयसिमा भित्र सम्पन्न गर्ने गरी व्यवस्था गर्नुपर्ने। बार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने र गाउँपालिकाले कार्यान्वयन गरेका आयोजनाहरुको एकीकृत तथ्याङ्क र सूचनाको अभिलेख व्यवस्थित बनाउन सम्वन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्ने । अन्तिम लेखा परीक्षणबाट देखिएका बेरुजुहरुको अभिलेख तयार गरी समयमै समपरीक्षण गराई बेरुजु न्यूनीकरण गर्नुपर्ने। आन्तरिक नियन्त्रण प्रणाली र नयाँ राजश्व सुधार कार्ययोजना तयार र कार्यान्वयन गर्नुपर्ने।

कार्यालय परिसरमा र वडा कार्यालयहरुमा नागरिक वडापत्र सबैले देख्ने र बुझ्ने गरी राख्नुपर्ने। सोधपुछ कक्षको व्यवस्था गर्नुपर्ने । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले नियमित रुपमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्नुपर्ने। गाउँसभा र गाउँ कार्यपालिकाका निर्णयहरु गाउँपालिकाको वेवभसाइटमा नियमित रुपमा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्ने। गाउँपालिकाको सुशासन नीति तयार गरी कार्यान्वयन गर्नुपर्ने। गाउँपालिकाले सहकारी संस्थाहरूलाई सहकारीका सिद्धान्तहरू, मूल्य र मान्यता मनन हुने गरी कानुनको परिधिभित्र रही गाउँपालिकाको स्थानीय आर्थिक विकासको महत्वपूर्ण खम्बा बन्न सक्ने गरी परिचालन गर्नुपर्ने। यसका लागि गाउँपालिकाले सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनका लागि जनशक्ति र वित्तीय व्यवस्थापन गर्नुपर्ने । गाउँपालिकामा कृषिक्षेत्र महत्वपूर्ण भएकोले त्यसलाई प्राथमिकतामा राखी कृषिसँग सम्वन्धित कार्यविधि र मापदण्ड निर्माण गर्नुपर्ने र आवश्यकता अनुसार निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको विभिन्न विषयहरुमा क्षमता विकास गर्नुपर्ने छ।

फिक्कल गाउँपालिका कानून निर्माण, योजना निर्धारण र कार्यसम्पादन, जनजीविकाका पक्षमा संवेदनशील रहेको पाइयो भने भौतिक पूर्वाधार, मानवीय स्रोत व्यवस्थापन, विद्युतीय र प्राविधिक पक्षमा भने सीमाहरु रहेको पाइयो।

# अध्याय एक

## पृष्ठभूमि

नेपाललाई नेपालको संविधान २०७२ ले सङ्घीय लोकतान्त्रिक गणराज्यका रूपमा परिभाषित गरेको छ । संविधानले परिभाषित गरेपछि कानुनी र व्यावहारिक रूपमा नेपालका शासकीय, कानुनी तथा प्रशासनिक संरचना निर्माण गरी तदनुकूलका व्यवहार, सेवा तथा सर्तको कार्यान्वयन गर्नुपर्ने भएकाले नेपालको परम्परित शासकीय संरचनाको पुनर्संरचना गरियो । तत्पश्चात् नेपाल औपचारिक रूपमा एकात्मक शासन प्रणालीबाट सङ्घात्मक शासन प्रणालीमा रूपान्तरण भयो । सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको २०७४ मा निर्वाचन भई स्थानीय सरकारको पहिलो कार्यकाल सम्पन्न भइसकेको र दोस्रो कार्यकालको निर्वाचन २०७९ बैशाखमा सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरूले कार्य आरम्भ गरेको अवस्था छ ।

नेपालको संविधान २०७२ ले नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले कानुनबमोजिम प्रयोग गर्ने छन् भनी धारा ५६ (२) मा उल्लेख गरेको छ । यसबाट पनि स्थानीय तहलाई राज्यशक्तिको आधार एकाइका रूपमा लिइएको प्रस्ट हुन्छ । स्थानीय तहको वडालाई सार्वजनिक सेवा प्रवाहको मेरुदण्डको रूपमा लिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आवधिक तथा वार्षिक योजनाहरू बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था गरेको छ । स्थानीय तहले हरेक वर्षको वार्षिक योजना, बजेट तथा कार्यक्रम प्रत्येक वर्षको असार १० गतेभित्र पेस गरिसक्नुपर्ने कानुनी व्यवस्थासमेत गरेको छ ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार सूची र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीको व्यवस्था गरिएको छ । तीनै तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित छ । सरकारका अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका रूपमा गाउँ/नगर कार्यपालिका, गाउँ/नगरसभा र न्यायिक समितिको व्यवस्था संविधानको धाराहरू क्रमशः २१४, २२१ र २१७ मा गरी पूर्ण सरकारको स्वरूपसमेत दिइएको छ । संविधानले दिएको अधिकारको प्रयोग गर्दै जनताको दैनिकीसँग प्रत्यक्ष सम्बद्ध प्रशासनिक निकाय या सरकारका रूपमा स्थानीय सरकारले आफ्नो भूमिका निभाइरहेको अवस्था छ ।

नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने हुँदा संविधानले दिएको अधिकारको हदसम्म तीनै तहका सरकार स्वतन्त्र रूपमा कार्य गर्न सक्छन् । एक तहले अर्को तहको अधिकारमाथि हस्तक्षेप गर्न नपाउने व्यवस्था पनि संविधानमा उल्लेख गरिएको छ । स्थानीय तहको सेवा प्रवाहलाई व्यवस्थित, प्रभावकारी तथा सेवामुखी बनाउन उक्त तहका कर्मचारीहरूको सेवाका सर्त र सुविधालाई पनि अपेक्षित र सामयिक बनाउनु आवश्यक छ । यस सम्बन्धमा कानुन तर्जुमा गर्न र कानुनबमोजिम आवश्यक व्यवस्था गर्न धारा २२७, धारा २८५ (३) र अनुसूची ८ मा उल्लेख भएका अधिकारका सूचीहरूले क्रमशः प्रदेश र स्थानीय तहलाई अधिकार प्रदान गरेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त र सुविधासम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानुनबमोजिम हुने भनी उल्लेखसमेत गरिएको छ । साथै स्थानीय तहले सोही सङ्घीय कानुनको अधीनमा रही स्थानीय कानुन बनाउनु पर्नेसम्मको बेहोरासमेत उल्लेख छ ।

संविधानको अनुसूची ८ मा उल्लेख भएका अधिकारहरू स्थानीय तहका एकल अधिकार हुन् । उक्त अधिकारको प्रयोग गर्ने र यी सम्बन्धमा कानुन बनाउने अधिकार पनि स्थानीय तहकै हो । यसका अतिरिक्त संविधानमा स्थानीय तहको अधिकार भनी तोकिएका र सङ्घ र प्रदेशले आफूलाई प्राप्त एकल अधिकार र साझा अधिकारको सूचीमा रहेका विषयमा कानुन बनाई स्थानीय तहलाई सुम्पेका कार्यहरूसमेत स्थानीय तहले सम्पादन गर्नुपर्ने हुन्छ । सङ्घीय पद्धतिको मूल मर्म भनेकै जनताको नजिकमा सरकार पुग्नु हो । सेवाको वरिपरि जनता हैन जनताको वरिपरि सेवा पुग्नुपर्छ भन्ने मान्यता पनि रहिआएको छ । यस्तो जनमुखी तथा व्यावहारिक सवालका सन्दर्भमा नेपालका स्थानीय तहबाट भएका कानुनी, प्रशासनिक, आर्थिक तथा व्यावहारिक पक्षका सम्पादन गरिएका भूमिका एवम् जनजीविकाका सवालमा गरिएका सेवा प्रवाहको अवस्था अध्ययन गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।

**गाउँपालिकाको परिचय** *स्रोतः गाउँपालिका वेवसाइड*

सिन्धुली जिल्लाको पूर्वोत्तर क्षेत्रका साविक महादेवडाँडा, सुम्नाम पोखरी, खोलागाउँ, खाङसाङ, सोल्पाठाना र रत्नावती गाउँ विकास समितिहरुलाई मिलाएर **फिक्कल गाउँपालिका** निर्माण गरिएको हो । पर्यटकीय स्थल फिक्कल चुचुरोको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । महाभारत श्रृङखलामा पर्ने २,३८६ मिटर उचाईमा रहेको फिक्कल चुचुरो जिल्लाकै सर्वोच्च शिखर हो । मनोरम दृश्यावलोकनका लागि प्रसिद्ध फिक्कल चुचुरो यस गाउँपालिका भित्रको महत्वपूर्ण पर्यटकीय स्थल हो । मध्यपहाडी लोकमार्गको सिन्धुली खण्डको अधिकांश भाग यसै गाउँपालिकाको उत्तरी क्षेत्र भएर गएको हुनाले यस फिक्कल गाउँपालिकाको आर्थिक रुपले भविष्य उज्वल छ ।

फिक्कल गाउँपालिकाको केन्द्र खाङसाङ, फिक्कल -४ मा रहेको छ । यस गाउँपालिकाको क्षेत्रफल १८६.०६ वर्ग किलोमिटर छ र जनसंख्या १६,९६८ (२०६८ को जनगणना अनुसार) रहेको छ र जनघनत्व ९१.७० जना प्रति वर्ग कि.मी. छ । यस गाउँपालिकामा ६ वटा वडा रहेका छन् । यसको पूर्वमा ओखलढुंगा र उदयपुर जिल्ला, पश्चिम सीमाना तीनपाटन, गोलन्जोर र दुधौली नगरपालिका जोडेका छन् भने उत्तरी सीमानामा ओखलढुंगा र रामेछाप जिल्ला र दक्षिणी सीमाना दुधौली नगरपालिका र उदयपुर जिल्ला रहेको छ ।

## समस्याकथन

स्थानीय सरकारहरूबाट लोकतान्त्रिक गणतन्त्रको चाहना र स्थानीय परिवेश एवम् जनचाहना अनुरूपका कार्य सम्पादनको किटान कानुनले गरेको छ भने तदनुकूलका व्यवहारको अपेक्षा जनताले गरेका हुन्छन् । लामो समयसम्म केन्द्रीय शासन प्रणालीमा अभ्यस्त नेपालको राजनीतिक, प्रशासनिक तथा आर्थिक व्यवस्थालाई सङ्घीय प्रणालीले स्थापना गरेका मान्यता तथा स्थानीय स्वायत्तताको पक्षमा रूपान्तरण या पुनर्संरचना गर्न मनोवैज्ञानिक तथा व्यावहारिक सीमाहरू देखा परिरहेका छन् । कानुनतः स्पष्ट व्यवस्था भए पनि मानवीय संसाधन व्यवस्थापनको जटिलता, आर्थिक अनुशासन तथा स्रोत व्यवस्थापन, आवश्यकता अनुकूलका स्थानीय कानुन निर्माणमा कठिनाई, शक्ति सन्तुलनको अनपेक्षित प्रतिस्पर्धाका कारण स्थानीय तहमा अपेक्षाकृत विकास, सुशासन, आर्थिक व्यवस्था र सन्तुलन एवम् जनसेवाका सवालमा सन्तुष्टिको स्तर कायम हुन सकेको छैन । स्थानीय तहका काम, कर्तव्य तथा अधिकारका सन्दर्भमा नेपालका स्थानीय तहहरूको कानुनी, प्रशासनिक, आर्थिक तथा सेवा प्रवाहको अवस्था के कस्तो छ भन्ने विषय नै प्रस्तुत अध्ययनको प्रमुख जिज्ञासा हो ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मूल उद्देश्य फिक्कल गाउँपालिका सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता विश्लेषण गर्नु हो। यस अध्ययनको निर्दिष्ट उद्देश्यहरू निम्नानुसार छन्ः

1. फिक्कल गाउँपालिकाको कानुन निर्माण तथा कार्यान्वयनको अवस्थाको पहिचान गर्नु
2. फिक्कल गाउँपालिकामा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियाको अध्ययन गर्नु
3. फिक्कल गाउँपालिकामा आर्थिक अनुशासन तथा वित्तीय जोखिम व्यवस्थापन प्रक्रियाको तथ्य निरूपण गर्नु
4. फिक्कल गाउँपालिकामा राजश्व व्यवस्थापन अवस्था पहिचान गर्नु
5. फिक्कल गाउँपालिकामा प्रशासनिक अवस्था तथा सुशासनको स्थिति विश्लेषण गर्नु
6. फिक्कल गाउँपालिकामा सेवा प्रवाहको अवस्था पहिल्याउनु
7. फिक्कल गाउँपालिकामा कोरोना भाइरस नियन्त्रण तथा अवस्था पहिचान गर्नु।

## अध्ययनको सान्दर्भिकता र उपादेयता

सङ्घीयताको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनामा रूपान्तरण भएको छ अर्थात् परम्परित केन्द्रीय संरचनाको पुनसंरचना गरिएको छ । मूलतः कानुनी, प्रशासनिक तथा आर्थिक पक्षमा स्थानीय तहको अनुभूति गराउन सक्ने गरी राज्य संयन्त्र केन्द्रित छ तर जनताले अपेक्षाकृत लाभ लिन सके नसकेको विषय प्रस्ट भएको छैन । स्थानीय सरकार सञ्चालनका विविध सीमा पनि छन् । मानवीय तथा आर्थिक स्रोत व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । कानुनले व्यवस्था गरेअनुसारका कानुनी, प्रशासनिक, आर्थिक तथा जनताका जनजीविकाका सवालमा स्थानीय सरकारको उत्तरदायित्व, भूमिका तथा अवस्थाका बारेका अध्ययन गरिएको प्रस्तुत अध्ययनले स्थानीय तहका वास्तविकताको उजागर त गर्छ नै साथै सम्बद्ध पक्ष एवम् सरोकारवालालाई तत्सम्बन्धमा सुसूचित पनि गर्न◌े छ । तसर्थ प्रस्तुत अध्ययन नियामक निकाय, स्थानीय तहसँग सम्बद्ध व्यक्ति एवम् संस्थाका लागि उपयोगी हुने अपेक्षा गरिएको छ । अध्ययनका सन्दर्भमा स्थानीय तहको पर्यवेक्षण पनि हुने भएकाले तत् तत् स्थानका सेवा प्रदायतामा अभिप्रेरणा पनि सिर्जना गर्न सक्ने देखिन्छ । यस प्रकृतिका भावी अध्ययनका लागि पृष्ठपोषण दिई अध्ययनका प्रारूप निर्माण गर्न पनि  उपयोगी हुने छ।

सहभागितामूलक कार्य एवम् सहकार्यात्मक प्रकृतिको अध्ययन भएकाले सम्बद्ध मानव स्रोतमा अनुसन्धान चेत विकास गर्न र सचेतना अभिवृद्धि गर्न पनि प्रस्तुत अध्ययन उपयोगी बन्ने अपेक्षा गर्न सकिन्छ। प्रस्तुत अध्ययनमा सहभागी भएका या उपयोग गरिएका स्थानीय तहको कानुनी, प्रशासनिक तथा आर्थिक अवस्था एवम् सेवा प्रवाहको स्थिति निरूपण हुने भएकाले उक्त  स्थानीय तह तथा सोही प्रकृतिका स्थानीय तहहरूको सुदृढीकरणमा पनि यो अध्ययनबाट पृष्ठपोषण प्राप्त हुने अपेक्षा गर्न सकिन्छ। यसरी सङ्घीयताको अभ्यासमा सक्रिय नेपालका सबै स्थानीय तहहरूको कानुनी, आर्थिक, प्रशासनिक तथा सेवा प्रवाह अवस्था विकासमा सम्बद्ध संस्था, व्यक्ति तथा अनुसन्धाताका लागि प्रस्तुत अध्ययनको उपादेयता सिद्ध हुन्छ । त्यसैगरी नेपालमा सङ्घीयता कार्यान्वयनको अवस्थाले पुर्णता नपाइसकेको वर्तमान विकासशील परिप्रेक्ष्यमा प्रस्तुत अध्ययनबाट प्राप्त पृष्ठपोषणले माथिल्ला

निकायको कार्य प्रणाली एवम् स्थानीय तहका कार्य सम्पादन प्रक्रियाका तथ्यपरक जानकारी दिने हुनाले वर्तमान समयमा यस प्रकृतिका अध्ययनको सान्दर्भिकता पनि पुष्टि हुन्छ।

## अध्ययनको सीमा

फिक्कल गाउँपालिकाको कानुन निर्माण तथा कार्यान्वयनको अवस्था, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रिया, आर्थिक अनुशासन तथा वित्तीय जोखिम व्यवस्थापन, राजश्व व्यवस्थापन, सुशासनको स्थिति, सेवा प्रवाहको अवस्था र कोरोना भाइरस नियन्त्रण तथा अवस्थाको अध्ययन मात्र सीमित गरिएको छ। उक्त सातवटा विषयगत क्षेत्रसँग सम्वद्ध १५० वटा वस्तुगत सूचक र १२ वटा विषय सूचकमा आधारित भई स्थलगत भ्रमण र अवलोकनबाट प्राप्त तथ्यमा मात्र केन्द्रित गरिएको छ।

# अध्याय दुई

# अध्ययन विधि र प्रक्रिया

## अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित छ । प्रस्तुत अध्ययनमा स्थानीय तहमा निर्माण भएका कानुन र तिनको परिपालन, आर्थिक अनुशासन एवम् राजश्व व्यवस्थापन, प्रशासनिक कार्य सम्पादन तथा सेवा प्रवाहका सन्दर्भको विश्लेषण गर्नका लागि क्षेत्रगत अवलोकन गरिएको छ । अध्ययनका लागि निर्धारित शीर्षक या क्षेत्रअन्तर्गतका विविध कथन या सूचकमा आधारित प्रश्नावली निर्माण गरी प्राप्त प्रतिक्रियालाई मूल स्र्ोत बनाई विश्लेषण गरिएको छ । प्रश्नावलीका माध्यमबाट प्राप्त सूचनालाई क्षेत्रगत आधारमा उपशीर्षक बनाई विश्लेषण गरिएको छ । विश्लेषण गर्दा वर्णनात्मक विधिको उपयोग गरिएको छ । विश्लेषणमा गाउँपालिकाबाट लिइएका सूचनालाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

प्रस्तुत अध्ययनमा उद्देश्यमूलक नमुना छनोट प्रक्रियाबाट स्थानीय तहको चयन गरिएको छ । धरातलीय स्वरूप, प्रादेशिक क्षेत्र तथा स्थानीय तहको प्रकृतिको विविधतालाई प्रतिनिधित्व गर्ने गरी स्थानीय तहहरू छनोट गरिएको छ । सूचनाको सम्प्राप्तिको सम्भावनालाई ख्याल गरी सुविधाजनक नमुना पनि लिइएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा मूलतः वर्णनात्मक विधिको उपयोग गरिएको छ । निर्दिष्ट उद्देश्यसँग सम्बद्ध सूचनाको सङ्कलन गरी क्षेत्रगत आधारमा विश्लेषण गरिएको छ । सम्वद्ध सूचनाको सङ्कलनका लागि संरचित तथा खुला प्रकृतिका कथन, सूचक एवम् प्रश्नावलीको निर्माण गरी स्थलगत सर्वेक्षण, अवलोकन गरिएको छ भने अभिलेखको अध्ययनबाट पनि सूचना प्राप्त गरिएको छ । प्रश्नावली, छलफल तथा अन्तवार्ताका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ । विविध तरिकाबाट तथ्य सङ्कलन गर्ने सूचक, कथन, आधार तथा प्रश्नहरू दुई किसिमका बनाइएको छ । विकल्पसहितका संरचित कथन या सूचक वस्तुपरक प्रकृतिका बनाइएको छ भने विषयगत प्रकृतिका असंरचित प्रश्नहरू बनाइएको छ । विभिन्न तरिकाबाट प्राप्त सूचना तथा तथ्यलाई वर्णनात्मक किसिमले प्रस्तुत गरिएको छ ।

## सूचनाका स्रोत

प्रस्तुत अध्ययनमा प्राथमिक तथा द्वितीयक स्रोतबाट सूचना ग्रहण गरिएको छ ।

**प्राथमिक स्रोतः** प्रस्तुत अध्ययनमा सूचना सङ्कलनका लागि उद्देश्यअनुसारका कथन तथा सूचक निर्माण गरी उक्त कथन, सूचक तथा प्रश्नावलीमा आवश्यक पर्ने विकल्प, प्रतिक्रिया तथा उत्तर उत्तरदाताबाट लिइएको छ । अवलोकनबाट पनि सूचना ग्रहण गरिएको छ । उक्त सूचना अनुसन्धानमा सहभागी स्थलगत अनुसन्धाता, अनुसन्धानमा छनोटमा परेका गाउँपालिकाका स्रोत व्यक्ति तथा सम्बद्ध सरोकारवालाट लिइएको छ । उक्त विविध स्रोतबाट लिइएका उत्तर, सूचना तथा प्रतिक्रिया नै प्रस्तुत अध्ययनका प्राथमिक स्रोत रहेका छन् ।

**द्वितीयक स्रोतः** प्रस्तुत अध्ययनमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तहबाट निर्मित कानुन र नियमावली, निर्देशिका, स्थानीय तहमा सुरक्षित अभिलेख आदि द्वितीयक स्रोतका सूचना रहेका छन् ।

## सूचना सङ्कलनका साधन

प्रस्तुत अध्ययनमा अभिलेख, प्रश्नावली, अवलोकन, अन्तर्वार्ता, छलफलजस्ता साधन तथा उपकरणको उपयोग गरी तथ्य तथा सूचना सङ्कलन गरिएको छ । अभिलेख अध्ययन, प्रश्नावली, अन्तर्वार्ता, छलफल तथा अवलोकनजस्ता साधनबाट अध्ययनका लागि तथ्य तथा सूचना सङ्कलन गर्न उद्देश्यअनुसारका क्षेत्रगत कथन एवम् सूचक तथा प्रश्नहरू निर्माण गरिएको छ । निर्माण गरिएका वस्तुगत प्रकृतिका कथनमा विविधता रहेको छ भने विषयग प्रकृतिका कथन प्रश्नावलीका रूपमा रहेका छन् । निर्माण गरिएका १५० वटा कथनमध्ये स्थानीय कानुन कार्यान्वयनको अवस्थासँग सम्बद्ध सूचना लिन सकिने २५ वटा कथन बनाइएको छ । ४० वटा कथन योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित छन् । त्यस्तै, आर्थिक अनुशासन तथा वित्तीय जोखिम व्यवस्थापनसँग सम्बद्ध ३२ वटा  कथन निर्माण गरिएको छ । राजश्वसम्बन्धी व्यवस्थासँग सम्बद्ध सूचना लिन ८ वटा कथन तयार गरिएको छ भने सुशासन तथा विविध शीर्षकसँग सम्बद्ध ३१ वटा कथन निर्माण गरिएको छ । त्यसैगरी सेवा प्रवाहको अवस्था अध्ययनका लागि ९ वटा कथन एवम् कोरोना भाइरससँग सम्बद्ध तथ्य लिनका लागि पाँचवटा कथन निर्माण गरिएको छ । निर्दिष्ट उद्देश्यसँग सम्बद्ध असंरचित प्रतिक्रिया लिनका लागि विषयगत प्रकृतिका १२ वटा प्रश्नावली निर्माण गरिएको छ । उपर्युक्त १५० किसिम संरचित एवम् १२ किसिमका असंरचित कथनमा सूचना सङ्कलन गर्न विविध साधनको उपयोग गरिएको छ । ती साधन यस प्रकार छन् ।

**अभिलेखः** प्रस्तुत अध्ययनमा गाउँपालिकामा रहेका कानुन, राजश्व, आर्थिक, सेवा प्रवाह तथा प्रशासनिक पक्षसँग सम्बद्ध लिखत, रसिद, नियमावली, अभिलेख आदिका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ ।

**प्रश्नावलीः** प्रस्तुत अध्ययनका उद्देश्यसँग सम्बन्धित सूचना तथा तथ्य सङ्कलन गर्न संरचित एवम् वस्तुगत प्रकृतिका १५० वटा कथन निर्माण गरिएको छ । उक्त कथनमध्ये केही प्रश्नका रूपमा पनि रहेको छन् । त्यस्तै, स्रोत व्यक्ति तथा सरोकारवालाका प्रतिक्रिया लिनका लागि विषयगत प्रकृतिका प्रश्नावली पनि निर्माण गरिएको छ । यस अध्ययनमा अधिकांश सूचना प्रश्नावलीका माध्यमबाट लिइएको छ । निर्दिष्ट कथनमध्ये उत्तर लिन सकिने कथन तथा विषय प्रश्नबाट सूचना लिइएको छ । सूचनाको सम्प्राप्तिका लागि उत्तरदाता या स्रोत व्यक्ति एवम् सरोकारवालासँगको छलफलमा उद्देश्यको प्राप्तिका लागि सम्बद्ध पूरक प्रश्नहरू पनि स्थलगत अनुसन्धाताबाट सोधिएका छन् ।

**अन्तर्वार्ताः** गाउँपालिकाकाे स्रोत व्यक्ति तथा सरोकारवालासँग स्थलगत अनुसन्धाताले गहन अन्तर्वार्ताकाे माध्यमबाट निर्दिष्ट कथनसँग सम्बद्ध सूचना तथा तथ्य लिइएको छ ।

**छलफलः** निर्दिष्ट उद्देश्य तथा सूचकमा आधारित भई स्थलगत अनुसन्धाताबाट गाउँपालिकाका स्रोत व्यक्ति एवम् सरोकारवालासँग छलफल गरी कथनसँग सम्बद्ध सूचना लिइएको छ । अभिलेख अध्ययन तथा अवलोकनका सन्दर्भमा सूचनाको प्रस्टीकरण तथा प्रामाणिकताका लागि छलफललाई उपयोग गरिएको छ ।

**अवलोकनः** सेवा प्रवाह, प्रशासनिक सन्दर्भ, सार्वजनिक सूचना आदिसँग सम्बद्ध सूचना एवम् तथ्य सङ्कलनका लागि स्थलगत अनुसन्धाताबाट गाउँपालिकाका वडापत्र, भौतिक तथा प्राविधिक पूर्वाधार, परिसरको अवस्था, पम्प्लेट, पोस्टर तथा अन्य अवलोकनीय पक्षको अवलोकन गरिएको छ ।

## तथ्य सङ्कलन प्रक्रिया

निर्दिष्ट उद्देश्यको परिपूर्तिका लागि निर्माण गरिएका १५० वटा संरचित वस्तुगत कथन तथा १२ वटा विषयगत प्रश्नावली तयार पारिएको छ । स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कर्मचारीहरू स्थलगत अनुसन्धाताका रूपमा सहभाग गरिएको थियो । उक्त अनुसन्धातालाई तथ्यपरक सूचना सङ्कलन गर्न लगाइएको छ । तोकिएका अनुसन्धाता निर्धारित स्थानीय तहमा प्रत्यक्ष उपस्थित भई स्थलगत अवलोकन, प्रश्नावली, अन्तर्वार्ता, छलफल, अभिलेख अध्ययन आदिबाट सूचनाको सम्प्राप्तिको स्थितिमा पुगिएको छ ।

## विश्लेषण र प्रस्तुतिकरण

प्रस्तुत अध्ययनबाट प्राप्त सूचना वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ । कथनको प्रकृतिका आधारमा कथनको विश्लेषण पनि गरिएको छ । निर्दिष्ट १५० वटा सूचकबाट प्राप्त संरचित सूचनालाई उद्देश्यअनुसार अलग अलग उपशीर्षक दिई व्याख्या तथा विश्लेषण गरिएको छ । विश्लेषणमा विषयगत प्रश्नावलीबाट प्राप्त प्रतिक्रिया अलग उपशीर्षकमा चर्चा गरिएको छ । विभिन्न शीर्षक तथा उपशीर्षकमा व्याख्या र विश्लेषण गरी मूलभूल तथ्यलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ भने रिक्तता देखिएका सन्दर्भ, क्षेत्र तथा पक्षमा आवश्यक सुझावसमेत दिइएको छ ।

# अध्याय तिन

## नतिजा र विश्लेषण

यस अध्यायमा अध्ययनका लागि निर्धारण गरीएका सातवटा विषयगत क्षेत्रसँग सम्वद्ध १५० वटा वस्तुगत सूचक एवम् १२ वटा विषयगत सूचकमा आधारित भइ स्थलगत अनुसन्धाताबाट प्राप्त तथ्य एवम् सूचनालाई विश्लेषण गरिएको छ।

### (क) **स्थानीय कानून कार्यान्वयनको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १९ मुताविक स्थानीय तहको सभा सामान्यतया बर्षको दुई पटक बस्ने व्यवस्था भएअनुसार आ.व. २०७७।७८ र २०७८।७९ मा गरी जम्मा ४ पटक गाउँसभा भएको थियो। त्यसमध्ये २०७७।११।२६, २०७८।०३।०९ र २०७८।११।१८ मा श्री धन बहादुर कार्कीको अध्यक्षतामा आठौं गाउँसभा, नवौं गाउँसभा र दशौं गाउँसभा भएको थियो भने मिति २०७९।०३।१० मा श्री पार्वती सुनुवारको अध्यक्षतामा एघारौं गाउँसभा भएको थियो। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मुताविक कार्यपालिकाको बैठक कम्तिमा महिनाको एक पटक बस्ने व्यवस्था भएअनुसार गाउँकार्यपालिकाको बैठकहरु औसतमा बसेको पाइयो र आ.व. २०७७।७८ र २०७८।७९ मा क्रमशः २० र ११ पटक कार्यपालिकाको बैठक बसेको थियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २२ अनुसार मिति २०७५।३।२१ मा बसेको फिक्कल गाउँपालिकाको तेश्रो गाउँसभाबाट तात्कालिन कार्यपालिका सदस्य एवम् वडा नं २का वडा अध्यक्ष श्री शंकर बहादुर भण्डारीको संयोजकमा लेखा समिति गठन गरिएको थियो। सो समितिका अन्य सदस्यहरुमा कार्यपालिका सदस्य एवम् वडा नं ६का वडा अध्यक्ष श्री खड्ग नेपाली सदस्य र कार्यपालिका सदस्य श्री विष्णु कुमारी घिमिरे बराल सदस्य थियो। उपलब्ध दस्तावेज अनुसार २०७८ फागुन ६ गते एक पटक मात्र लेखा समितिको बैठक बसेको छ। बैठकले आ.व. २०७४।७५, २०७५।७६ र २०७६।७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औल्याएका बेरुजु समपरीक्षण गर्ने सम्वन्धमा ९ वटा प्रतिवेदन प्रस्तुत, छलफल र निर्णय गरेको थियो। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २२ अनुसार गाउँसभावाट विधायन समिति गठन भएको छैन तर गाउँकार्यपालिकाबाट मिति २०७९ जैठ २३ गतेको निर्णय अनुसार कार्यापालिका सदस्य श्री पूर्णमाया थापा मगरको संयोजकमा विधेयक तथा विधायन समिति गठन गरेको पाइयो।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा ४६ अनुसार २०७४।१२।२४ गतेको गाउँपालिकाको दोश्रो गाउँसभाबाट तात्कालिन उपाध्यक्ष श्री पार्वती सुनुवारको संयोजकमा न्यायिक समिति गठन भएको थियो। अन्य सदस्यहरुमा श्री शंकर बहादुर भण्डारी र श्री भानुभक्त श्रेष्ठ थियो। गाउँपालिकामा नयाँ पदाधिकारीहरु निर्वाचित भएर आइसकेपछि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नै गाउँसभावाट न्यायिक समिति गठन भएको भनिएता पनि उपलब्ध दस्तावेज अनुसार गाउँकार्यपालिका बैठकबाट मिति २०७९ जेठ २३ गतेको निर्णय अनुसार उपाध्यक्ष श्री राजु बरालको संयोजकमा श्री पदम बहादु कटुवाल र श्री पूर्णामाया भुजेल सदस्य हुने गरी न्यायिक समिति गठन गरेको देखिन्छ। न्यायिक समितिको कार्य सम्पादन गर्नका लागि सभाबाट फिक्कल गाउँपालिकाको न्यायिक कार्यसम्पादन ऐन, २०७४ तर्जुमा गरीएको छ। वडास्तरमा मेलमिलाप समितिहरू गठन गरी सक्रिय गरिएको छ। न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुको क्षमता विकासका लागि प्रदेशले २०७८ असोजमा प्रशिक्षण दिइएको पाइयो। दुई आ.व. मा न्यायिक समितिले जम्मा ४९ वटा उजूरी परेकोमा ४२ वटा फछौट गरेका छन र

केहि विवादहरु जिल्ला अदालतमा पुनरावेदनमा गएका छन् । न्यायिक समितिले विवादहरु समाधान गर्दा कुन दफा (४७ १ र २) अन्तर्गतको विवाद हो छुट्टिने गरेको छैन ।

स्थानीय राजश्व परामर्श समिति, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नै गठन गरेका छन् । मिति २०७९ जेठ २३ गतेको गाउँ कार्यपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित स्थानीय राजश्व परामर्श समिति श्री राजु बराल संयोजकमा गठन गरिएको छ । अन्य सदस्यहरुमा श्री मोहन बहादुर मगर, श्री मंगलादेवी तामाङ, श्री श्याम तामाङ र श्री प्रेम बहादुर थापा मगर र राजश्व शाखा प्रमुख सदस्य सचिव हुनुहुन्छ । त्यसैगरी गाउँकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ १६.४ ख ५ मा व्यवस्था भएअनुसार उपाध्यक्ष श्री राजु बराल संयोजकमा अनुगमन समिति गठन गरेको पाइयो । हालसम्म गाउँसभाबाट ऐनहरु, नियमहरु, निर्देशिका र कार्यविधि तथा अन्य गरी ४३ वटा पारित गरेको छन् । ती ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरु राजपत्रमा प्रकाशन हुने गरेको छ ।

आ.व. २०७७।७८ र २०७८।७९ मा गाउँ सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई कार्यान्वयनको लागि मार्गदर्शन र बजेट अख्तियारी दिने गरेको भनिएपनि सो सम्वन्धी कुनै अभिलेख उपलब्ध नभएको अवस्था छ । २०७८ असार २५ गतेको गाउँसभाको निर्णयबाट तलवभत्ता पाउने गरी कानूनी सल्लाकारको राजनीतिक नियुक्ती गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ अनुसार गाउँसभाबाट विधायन समिति र सुशासन समिति गठन भएको छैन । गाउँसभाबाट ऐन मात्र स्वीकृत हुनुपर्नेमा सबै नियमावली, विनियम, निर्देशिका, कार्यविधि र आचार संहिता पनि गर्ने गर्दा ती दस्तावेजहरुको आवश्यकता अनुसार समयमै संशोधन तथा सुधार गर्न नसकेको अवस्था छ । स्थानीय तहमा हुने विवाद समाधानमा न्यायिक समिति महत्वपूर्ण रहेको र त्यस सम्वन्धी दस्तावेजहरुलाई अद्यावधिक र चुस्त दुरुस्त राख्न सकेको छैन । स्थानीय राजश्व परामर्श समिति बजेट तथा कार्यक्रम तर्जुमाको अवधिमा मात्र सक्रिय हुन्दा राजश्व प्रशासन सुधार र राजश्व परिचालन सम्वन्धी कार्यहरु हुन नसकिरहेको अवस्था छ । अनुगमन तथा सुपरीवेक्षण समिति सञ्चालन कार्यविधि नभएकोले आयोजना अनुगमन प्रतिवेदन भुक्तानी प्रयोजनको लागि मात्र उपयोग हुने गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (२) अनुसार प्रमुख प्रशासकिय अधिकृतले वडाकार्यालयलाई स्वीकृत योजना कार्यान्वयनका लागि अख्तियारी दिने गरेको छैन ।

(ख) **योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन प्रक्रिया**

**योजना तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीय विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दिर्घकालीन विकास योजना बनाइ लागु गनुपर्ने कानूनी व्यवस्था छ । सोही अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११.२. ड अनुसार गाउँपालिकाले पार्श्व चित्र तयार गरेको छ । त्यसैगरी सोही ऐनको दफा २४ मुताविक आ.व. २०७८।०७९ देखि २०८२।०८३ सम्मको गाउँपालिकाको आवधिक योजना तयार भएको छ । अन्तर– सरकारी

वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार आ.व. २०७८।०७९ देखि २०८२।०८३ सम्मको गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गरेको पाइयो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर– सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार संघ र प्रदेशबाट बजेट पूर्वानुमान र मार्गदर्शन तोकिएको समयमा पत्र प्राप्त नभएतापनि SuTRA मार्फत प्राप्त हुने गरेको छ। अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तोकिएको समयभित्र बजेट पूर्वानुमान पेश गरेको छैन। आ.व. २०७७।०७८ का लागि २०७७ असार ९ गते र आ.व. २०७८।०७९ का लागि २०७८ असार २ गते मात्र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति बैठकले बजेट पूर्वानुमान पेश गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६.७ अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट मातहत बिषयगत शाखा, वडा समितिमा मार्गदर्शन र बजेट पूर्वानुमान पठाउने गरेको छैन। गाउँपालिकाले बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा बस्ती स्तरमा भेला गरी योजनाहरु संकलन गर्ने गरेको देखियो। वडा समितिले पनि बस्तीबाट वडामा आएका योजनाहरुको प्राथमिकीरण स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा भएको सूचकहरु अनुसार नगरी आ–आफ्नो हिसावले योजनाहरु निर्धारण गरी गाउँपालिकामा पठाउने गर्ने गरेको देखियो। गाउँकार्यपालिकाको मिति २०७९।२।२३ को बैठकको निर्णय अनुसार विषय क्षेत्रगत समितिहरु आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण र विपद् व्यवस्थापन र सेवा परामर्श तथा क्षमता विकास समितिहरू गठन गरिएको छ । तर ती समितिहरुको नियमित बैठक गरी छलफल तथा निर्णय गरेको पाइएन। बजेट तथा कार्यक्रम तर्जुमा समितिले योजनाहरु सामान्य छलफल गरी गाउँकार्यपालिकामा पेश गर्ने गरिएको छ। कार्यपालिका बैठकमा कार्यक्रम र बजेट, प्राथमिकता, बजेट मन्तव्य, प्राथमिकता प्राप्त योजना र क्षेत्रगत प्राथमिकता र दीगो विकासका लक्ष समेत र लैससास (लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण), वातावरण, बालमैत्री, मौलिक हकको कार्यान्वयन पक्षमा सामान्य छलफल गरेको पाइयो। बार्षिक बजेट तथा कार्यक्रम असार मसान्त भित्र पारित गरेता पनि यसको तर्जुमाका चरणहरु तोकिएको समयमा सपन्न हुने नगरेको पाइयो। गाउँपालिकाले दिगो विकास लक्ष्य स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार गर्ने गरेका छैन। सो सम्वन्धी छलफल पनि हुने गरेको छैन। बार्षिक योजना तथा कार्यक्रममा केहि रकम अबण्डा राख्ने र पछि अध्यक्ष र कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्ने गरेको पाइयो। आ.व. २०७८।७९ का भौतिक पूर्वाधार क्षेत्र अन्तर्गतका बहु बर्षीय योजनाको संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यक्रम संचालन गर्ने गरिएको छ जस्तैः DPR of Phikkal Homestay Proramme। गाउँपालिकाले अन्य ११ वटा योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ। ती योजनाहरु विशेषत समपुरक र विशेष अनुदान अन्तरर्गतका योजनाहरुको मागका लागि तयार गरेको पाइयो। स्थानीय पूर्वाधार विकास साझेदारि कार्यक्रममा गाउँपालिकासंग सामान्य समन्वय गरेता पनि उक्त योजनाहरु छनौट गर्दा गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना भित्रबाट लिने गरेको छैन।

गाउँपालिकाले बार्षिक योजना तथा बजेट कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको वस्तुगत विवरण, आवधिक योजना र मध्यमकालीन खर्च संरचना आदि दस्तावेजहरुसंग तादम्यता गरेको छैन। स्थानीय तहको योजना तर्जुमा दिगदर्शन २०७८ अनुसार गाउँपालिकाको बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा समयसिमाको पालना नभएको र वडाहरुबाट योजनाहरुको प्राथमिकीकरण नगरी योजनाको सूची मात्र पठाउने गरेको छ। विषयगत समिति संचालन कार्यविधि नभएको र समितिहरुले आफ्नो भूमिका प्रभावकारी रुपमा निभाउन नसकेको अवस्था छ। साथै विषयगत

शाखाहरुलाई बजेट पूर्वानुमान र मार्गदर्शन दिने नगरेको गाउँपालिकाले तर्जुमा गरिएको योजनाहरुमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरिएको छैन । गाउँपालिकामा आयोजना बैक स्थापना र यातायात गुरु योजना निर्माण भएको छैन ।

**योजना कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ अनुसार गाउँसभाबाट पारित योजनाहरु कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलीका आधारमा अमानत, उपभोक्ता समिति, ठेक्काबाट योजना कार्यान्वयन गर्ने गरेको पाइयो । फिक्कल गाउँपालिकाले आ.व. २०७८।७९ मा २३४ वटा आयोजना स्वीकृत भएकोमा जम्मा २३० वटा आयोजनाको मात्र सम्झौता भएको थियो ४ वटाको सम्झौता हुन सकेन । सो मध्ये २२२ वटाको मात्र भुक्तानी भएको छ । गाउँपालिकाले धेरै योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरेका छन । उपभोक्ता समितिको गठन लाभान्वित समूहको आम भेलाबाट हुने गरेको छ । उपभोक्ता समिति मार्फत कायान्वयन गर्दा डोजरको पनि प्रयोग गर्ने गरेको छ । यसरी गर्दा लगत ईस्तिमेट गर्दा नै डोजरको प्रयोग गर्ने गरी गरिने रहेछ । केहि योजनाहरु ई विडिङ मार्फत गर्ने गरेको पाइयो । योजनाहरुलाई टुक्रयाएर संचालन गर्ने गरेका छैन तर योजनाहरुलाई संशोधन गरी गर्ने गरेका छन् । पूर्वाधार विकास योजनाहरुको भुक्तानी गर्दा अनुगमन प्रतिवेदन र सार्वजनिक परीक्षण पश्चात अन्तिम भुक्तानी प्रमुख प्रशासकिय अधिकृतको निर्णयबाट हुने गरेका छन् । गाउँपालिकामा विपद् व्यवस्थापनका लागि कोषको स्थापना गरेका छन् ।

गाउँपालिकाले कार्यान्वयन गरेका योजनाहरुको एकीकृत तथ्याङ्क तथा सूचना अभिलेख उपलब्ध छैन । बार्षिक खरिद योजना तयार गर्ने गरेका छैन ।

**योजना अनुगमन तथा मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ ४ ख ५ अनुसार अनुगमन तथा सुपरीवेक्षण समिति उपाध्यक्ष श्री राजु बराल संयोजक गठन गरेको पाइयो र समिति क्रियाशील रहेको छ । आ.व. २०७८।७९ मा २२२ वटा योजना अनुगमन गरेको पाइयो । ८ वटा योजनाहरुको विविध कारणले समयमै अनुगमन तथा भुक्तानी हुन सकेन । अनुगमन तथा सुपरीवेक्षण समिति संचालन कार्यविधि, २०७७ नमूना अनुसार नभई गाउँपालिकाले आफ्नै अनुगमन ढाँचा तयार गरी प्रतिवेदन तयार गर्ने गरेको छ । उक्त प्रतिवेदनको प्रयोग विशेषत भुक्तानी गर्ने प्रयोजनका लागि गर्ने गरेका छन् । वडाको योजना अनुगमन प्रतिवेदन भुक्तानीका लागि सिधै लेखा शाखामा पेश हुने गरेको छ । प्राथमिकता प्राप्त योजनाको समस्या समाधानको लागि समीक्षा बैठक बस्ने गरेको छैन । तर कार्यलय प्रमुख र कर्मचारीहरु अनौपचारिक छलफल गरी समस्या समाधानको प्रयास गरिने र समाधान नभएमा कार्यपालिकाका पदाधिकारीसँग छलफल गर्ने गरेको छ । गाउँपालिकाले त्रैमासिक समिक्षा गर्ने गरेका छन् । संघ, प्रदेश र जिससमा सम्वन्धित योजनाहरुको मात्र आर्थिक विवरण पठाउने गरेका छन ।

अनुगमन तथा सुपरीवेक्षण समितिले कार्यपालिकामा एकीकृत अनुगमन प्रतिवेदन पेश नगर्ने र सो सम्वन्धी छलफल हुने गरेको छैन । आयोजना अनुगमन प्रतिवेदन कार्यपालिका बैठकमा छलफल नभएको र गाउँपालिकाको बार्षिक अनुगमन कार्ययोजना तयार भएको छैन् । विषयगत शाखा, कार्यालय वा गैससबाट तोकिएको समयमा पुरा भौतिक

वा आर्थिक प्रतिवेदन प्राप्त हुने गरेको छैन। समयमा प्रतिवेदन नपठाउने मातहतका निकाय/शाखालाई कुनै कार्वाही गर्ने गरिएको छैन।

(ग) **आर्थिक अनुशासन तथा वित्तीय जोखिम व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार गाउँपालिकाले बार्षिक बजेट तथा कार्यक्रम सभामा असार १० गतेभित्र समयमै पेश तथा असार मसान्त भित्र पारित गर्ने गरेका छन्। बजेट तथा कार्यक्रम सम्वन्धी सभामा २ हप्ता लगाएर छलफल गरेको भनिएता पनि कमै मात्र बैठक बसी छलफल गरेका छन्। खरिद सम्वन्धी कार्यका लागि संघीय खरिद ऐन, २०६३ र नियमावली नै प्रयोग गरेको छ। गाउँपालिकाको लेखा प्रणालीमा SuTRA (Sub-National Treasury Regulatory Application) प्रणाली लागु गरेको छ। आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचामा राखिएको छ। खरिद प्रक्रियामा ई-विडिङ प्रणाली आंशिक रुपमा अवलम्बन गरेको छ। जस्तै आ.व. २०७७।०७८मा पोखरी लुम्ती चनौटे सडक र आ व २०७८।०७९मा दमार कोल्डस्टोर निर्माणमा ई-विडिङ प्रणाली अपनाएको छ। आन्तरिक लेखा परीक्षण वार्षिक रूपमा हुने गरेको छ। साविक स्थानीय निकायबाट बेरूजुको लगत हस्तान्तरण भएको तथ्य ले.प. प्रतिवेदन २०७४।७५ को दफा १२० मा अद्यावधिक बेरुजु स्थिति अनुसार रु. १५,१३,००० देखिएको छ।

आ.व. २०७७।७८ को मात्र अन्तिम लेखा परीक्षण भइसकेको छ। आ. व. २०७७।०७८ कुल खर्च रु. ४६,६४,९१,७३१ र बेरुजु रु १,५२,८४,००० हुँदा वेरुजु ३.२% रहेको छ। आ. व. २०७६।०७७ मा कुल बेरुजु रु. ३,३४,९३,००० मा संमपरीक्षण रु. ११,२८,००० गरी फर्छौट ३.४% रहेको छ। आ. व. २०७७।०७८ कुल बेरुजु रु. ४,७६,४९,००० मध्ये संमपरीक्षण रु. ४८,९६,००० गरी फर्छौट १०.३% रहेको छ। लेखापरीक्षणको बेरुजु अभिलेख राख्ने गरेको छैन। कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गरेको छैन। आयोजनाहरुको निर्माण गुणस्तर सुनिश्चित गर्न प्राविधिकले गुणस्तर प्रमाणीकरण सहित नापी किताव र कार्यसम्पादन प्रतिवेदन प्रक्रिया अवलम्वन गरिएका छन। विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर भएको र आवश्यकता अनुसार कार्यक्रम नै परिवर्तन गरी शीर्षकान्तर गरिने गरिएको छ। पूँजीगत शीर्षकबाट चालु खर्चमा रकमान्तर गरी खर्च गरेको छैन। गाउँपालिकाको आम्दानी सम्वन्धी आर्थिक कारोवार नगदमा हस्तलिखित, अनलाइन प्रणाली, बैकिङ्ग प्रणाली र विद्युतीय प्रणालीबाट गर्ने गरेका छन्। गाउँपालिका र वडाहरुमा कर बुझाउन सक्ने व्यवस्था गरेको छ। स्वीकृत IEE /EIA (Initial Environmental Examination/Environmental Impact Assessment) अनुसार मात्र प्राकृतिक स्रोत साधनको सार्वजनिक खरिद ऐन अनुसार प्रयोग गर्न दिएको छ। गाउँपालिकाले बार्षिक रुपमा कोषको विवरण भिडान गर्ने गरेको छ।

गाउँपालिकाले बार्षिक खरिद योजना र खरिद गुरू योजना तयार गरको छैन। प्रमुख प्रशासकिय अधिकृतले खर्च भएको रकमको त्रैमासिक प्रगति कार्यपालिका बैठकमा पेश गर्ने गरिएको छैन। गाउँपालिकाको वडा कार्यालयहरुले पनि आफ्नो आयव्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्ने गरेको छैन। गाउँपालिकाले कानून बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन। हिउँदे गाउँसभाबाट कार्यक्रम औचित्य नखुलाई नै आयोजना परिवर्तन गरी शीर्षकान्तर गरिएको र कोषको विवरण मासिक भिडान गर्ने गरेको छैन।

(घ) **राजश्व सम्बन्धी व्यवस्था**

फिक्कल गाउँपालिकाले राजश्व सुधार कार्ययोजना २०७५ मा तयार गरेको थियो। आ.व. २०७७।०७८मा आन्तरिक आय र राजश्व बाँडफाँटको आयले शत प्रतिशत साधारण खर्च पुगेको छ भने आ.व. २०७८।०७९मा आन्तरिक आय र राजश्व बाँडफाँटको आयले ८४ प्रतिशत मात्र साधारण खर्च पुगेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ अनुसार राजस्व परामर्श समितिबाट राजश्वको करका आधार र दर निर्धारण गरी पूर्वानुमान तयारीका लागि पौष मसान्तभित्र प्रतिवेदन पेश गर्ने गरेको व्यवस्था भएतापनि आ.व. २०७७।०७८ का लागि मिति २०७७ जेठ २१ गते र आ.व. २०७८।०७९ कालागि मिति २०७८ जेठ २८ गते मात्र राजश्व परामर्श समिति बैठक बसि राजश्वका करका आधार र दर निर्धारण गरी गाउँपालिकामा पेश गरेको पाइयो। आ.व. २०७७।७८ मा आ.व. २०७६।७७ को तुलनामा २४.५% राजश्व बृद्धि भएको र आ.व. २०७८।७९ मा आ.व. २०७७।७८ को तुलनामा ८.९९% राजश्व बृद्धि भएको छ। खास प्रयोजनका लागि राजश्वमा छुट सम्वन्धी व्यवस्था नगरिएको भएतापनि कोभिडको समयमा गाउँसभाबाट पारित गरी मिनाहा दिने कार्य भएको छ। घटना दर्ता तथा नागरिकता सिफारिश दस्तुर राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली २०७७ अनुसार लिने गरेको छ भने प्रतिलिपीका लागि रू. ५०० लिने गरेका छन।

राजश्व सुधार कार्ययोजना संशोधन वा नयाँ राजश्व सुधार कार्ययोजना तयार गरिएको छैन। राजश्व प्रशासन सुधारका लागि कार्यपालिकालाई परामर्श दिने गरेको छैन। स्थानीय राजश्व परामर्श समिति सञ्चालन कार्यविधि, २०७७ नमूना अनुसार सक्रिय हुन नसकेको देखिन्छ।

(ङ) **सुशासन तथा विविध**

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेको भएपनि स्वीकृत भएको छैन। तर कर्मचारीलाई आफ्नो पदको जिम्मेवारी गर्न र तोकेको शाखामा वसी कार्य गर्न भनी जानकारी गरिएको छ। गाउँपालिकाको स्वीकृत संगठन संरचना अनुसार कर्मचारीहरुको आंशिक मात्र पदपूर्ति भएको अवस्था छ। रिक्त पदहरुको पदपूर्तिका लागि लोकसेवा आयोगमा माग फाराम पठाएको छ। खाली पदहरुमा करार मार्फत कर्मचारीहरु भर्ना गरेका छन्। करारमा पदपूर्ति गर्दा विज्ञापन मार्फत गर्ने गरेका छन्। लोकसेवा आयोगबाट सिफारिश भई आएका कर्मचारीहरुलाई नियुक्ती गरी काममा लगाएको छ। कर्मचारीहरुले समयमै कार्यसम्पादन मूल्याङ्कन तथा सम्पत्ति विवरण भरेर बुझाउने गरेका छन्। गाउँपालिकाले असक्त तथा अपाङ्ग सेवाग्राहीलाई सहयोग गर्ने कर्मचारी नतोकेको भएतापनि सम्वन्धित शाखामा कार्यरत कर्मचारीहरुले निशुल्क रुपमा सहयोग गरिदिने गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उजुरी सम्वन्धी सोधनीको लागि शाखा नतोकेता पनि प्रशासन शाखाले प्रायः समयमै जवाफ दिने गरेको छ।

संघ र प्रदेशमा आर्थिक विवरण मात्र पठाउने गरेका छन्। अन्य विवरण नियमित नभइ माग अनुसार मात्र पठाउने गरेका छन्। सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत दिने गरेका छन् र समयमै अध्यावधिक गर्ने गरेका छन्।

सम्वन्धित कर्मचारीहरुलाई कोभिडको समयमा प्रोत्साहन भत्ता प्रदा गरेको छ। जनप्रतिनिधिहरुले प्रदेश कानूनको अधिनमा रहेर मात्र सुविधा लिने गरेको छ। २ बर्षमा एक पटक मात्र सार्वजनिक सुनुवाई गरेका छन् भने स्थानीय

तह संस्थागत क्षमता स्वमूल्याङ्कन आ.व. २०७७।७८ र आ.व. २०७८।७९ मा क्रमशः ४७ र ३५ अंक प्राप्त गरेको छ ।

निजामती सेवा नियमावलीको नियम ९ अनुसार कर्मचारीहरुलाई कार्यविवरण प्रदान गरिएको छैन । दरवन्दी अनुसार कर्मचारी पदपूर्ति नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । गाउँपालिकाले दस्तावेज तथा अभिलेखहरु व्यवस्थित रुपमा राख्न सकेको छैन । नागरिक वडापत्र नरहेको र सार्वजनिक जवाफदेहिताका औजारहरु जस्तै सामाजिक परीक्षण गर्ने गरेको छैन । गाउँपालिकामा सोधपुछ कक्ष छैन । गाउँपालिकामा सार्वजनिक सम्पतिको अभिलेख तथा संरक्षणको अभिलेख नभएको र सुशासन सम्वन्धी नीति तर्जुमा गर्न बाँकी रहेको छ । गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा सुधार भएको छैन । गाउँसभा र गाउँकार्यपालिकाले गरेका निर्णयहरु गाउँपालिकाको वेवसाइडमा अद्यावधिक गर्ने गरेको छैन ।

(च) **सेवा प्रवाहको अवस्था**

गाउँपालिकामा अवस्थित विद्यालयहरुमा अभिभावक भेलाबाट व्यवस्थापन समिति गठन हुने गरेको छ र सोही समितिहरु मार्फत विद्यालयमा निर्माण कार्य हुने गरेको छ । गाउँपालिकामा हाल २९ वटा सहकारी संस्थाहरु कार्यरत रहेका छन् । गाउँपालिकामा नियम अनुसार उद्योगहरु दर्ता गर्ने गरेको छ र तिनिहरुको नवीकरण पनि गर्ने गरेको छ ।

गाउँपालिकामा कृषि क्षेत्र महत्वपूर्ण भएतापनि सो सम्वन्धी कार्यहरुमा प्राथमिकतामा नपरेको र कृषिसंग सम्वन्धित दस्तावेज तथा मापदण्ड निर्माण भएको छैन । गाउँपालिकाले सहकारी संस्थाहरुको नियमन गर्न सकेको छैन । जसले गर्दा ती सहकारी संस्थाहरुको वर्तमान अवस्था सम्वन्धमा कुनै दस्तावेज उपलब्ध छैन ।

(छ) **कोभिड/कोरोना भाइरस सम्बन्धी अवस्था**

गाउँपालिकामा २८६ जनामा कोभिड संक्रमित भएकोमा ८ जनाले ज्यान गुमाउनु परेको छ । कोभिड उपचारका लागि संघ सरकारबाट ४० लाख र गाउँपालिकाबाट ६ लाख १९ हजार उपलब्ध भएको थियो र स्थानीय स्तरमा ३० हजार गरी जम्मा ४६ लाख ४९ हजार जम्मा भएकोमा ४६ लाख ४५ हजार कारोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि २०७६ अनुसार खर्च गरेको र कोषमा ४ हजार जम्मा रहेको विवरण उपलब्ध भएको छ । गाउँपालिकाले कोभिड भाइरस सम्वन्धी अभिलेख खण्डीकृत तथा वडास्तरमा राख्ने गरेको छैन ।

गाउँपालिकामा वर्तमान अवस्थामा विभिन्न समस्याहरु रहेको प्रतिक्रिया प्राप्त भएको छ । सुविधा सम्पन्न भवनको अभाव तथा आन्तरिक स्रोतको कमी गाउँपालिकाले बेहोर्नुपरेका प्रमुख समस्या हुन् । त्यसैगरी सडक पूर्वाधार निर्माण व्यवस्थित हुन नसक्नु, कृषि पेशालाई व्यवस्थित गर्न नसक्नु, आवश्यक कानुन निर्माण गर्न नसक्नु पनि मुख्य समस्या बनेका छन् । सुविधा सम्पन्न भवन नभएको कारण गाउँसभा तथा कार्यपालिका बैठक वस्ने स्थान व्यवस्थित हुन सकेको छैन । बैठकका सदस्यहरुले बैठक एजेण्डाको वारेमा वुझाई कमी रहेको छ । साथै गाउँपालिकाको भौगोलिक विकट अवस्थाका कारण सभा तथा बैठकमा सदस्यहरुको आवागमनमा समस्या भएको छ ।

करको दर न्यून र दायरा सीमित हुँदा र राजश्व संकलनमा कठिनाई रहदा आर्थिक व्यवस्थापन चुनौति बनेको प्रतिक्रिया प्राप्त भएको छ । यस गाउँपालिकामा वार्षिक योजना सञ्चालनमा संघ, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय, गैसस, स्थानीय

तहका योजना वीच दोहोरोपन नदेखिनु वा नबाझिनु सकारात्मक पक्ष मान्नुपर्छ । कर्मचारीको अपेक्षित व्यवस्था तथा पदपूर्ति हुन नसक्दा कार्यालय तथा जनसरोकारका सवालमा प्भावकारी कार्यसम्पादन गर्न नसकिएको जनाइएको छ । त्यस्तै विद्युत र इन्टरनेटको अभावका कारण डिजिटल प्रविधिमा समेत चुस्तता हासिल गर्न नसकिएको देखिन्छ ।

गाउँपालिकामा पर्यटनको सम्भावना रहेको देखिन्छ । सिन्धुली जिल्लाको सवैभन्दा अग्लो स्थानमा पर्यटन प्रवर्द्धन गर्ने हेतुले १८ वटा कोठा सहितको होमस्टे भवनहरु निर्माण गरिएको छ । सो होमस्टेमा स्थानीय तथा प्राङगारिक वस्तुको उपभोग गर्न पाईने व्यवस्था गरिएको छ । जनसेवाका लागि दुई वटा एम्वुलेन्स पनि गाउँपालिकाद्धारा संचालन गरिएको छ ।

अन्तमा फिक्कल गाउँपालिकाको समग्र शासकीय अवस्थामा केही राम्रा पक्षहरु र केही सुधार गर्नुपर्ने पक्षहरु देखिएका छन् । कानून बनाउने र कार्यान्वयन गर्ने सन्दर्भमा फिक्कल गाउँसभा बस्नु कार्यपालिका वैठक बस्नु समितिहरु गठन गर्नु तथा राजपत्रमा प्रकाशन गरिनु गाउँपालिकाका राम्रा पक्षका रुपमा देखिएको छ भने समितिहरुको क्रियाशिलता कम देखिएको र समिति गठन सम्वन्धमा तथा कार्यपालिका र गाउँसभाको कार्यसम्वन्धमा प्रष्टता नभएको देखिन्छ । योजना तर्जुमा तर्फ दीर्घकालीन सोचका साथ आवधिक योजना र मध्यकालीन खर्च संरचना तयार भएतापनि त्यसको तादम्यता वार्षिक योजना तर्जुमा नहुदा नतिजा प्राप्तिमा कमजोर देखिन्छ । सहभागितात्मक बार्षिक योजना तर्जुमाका चरणहरु समयसीमा भित्र पुरा नगर्दा त्यसको असरबाट व्यापक जनसहभागिता गराउन नसकेको, विषयगत समितिहरुमा छलफल नभएको देखिन्छ । त्यसैगरी बार्षिक अनुगमन कार्ययोजना बनाई सूचकहरु तयार गरी अनुगमन नगरेकोले आयोजनाको अपेक्षित परिमाण र गुणस्तर कायम भएको सुनिश्चित गर्न सकिएन । नियमित रुपमा आर्थिक विवरण सार्वजनिक गर्ने, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई लगायतका सामाजिक जवाफदेहीता पुरा गर्ने कार्यहरु नदेखिएकाले सुशासन र आर्थिक अनुशासनलाइ संस्थागत गर्ने आधार कमजोर रहेको देखिन्छ । सारतः फिक्कल गाउँपालिका कानून निर्माण, योजना निर्धारण र कार्यसम्पादन, जनजीविकाका पक्षमा संवेदनशील रहेको पाइयो भने भौतिक पूर्वाधार, मानवीय स्रोत व्यवस्थापन, विद्युतीय र प्राविधिक पक्षमा भने सीमाहरु रहेको पाइयो ।

# अध्याय चार

# निश्कर्ष तथा सुझाव

य ो अध्ययन फिक्कल गाउँपालिकाबाट भएका कानूनी, प्रशासनिक, आर्थिक तथा व्यवहारिक पक्षका सम्पादन गरिएका भूमिका एवम् जनजीविकाका सवालमा गरिएका सेवा प्रवाहको अवस्था पहिचान र विश्लेषणमा केन्द्रित छ । प्रस्तुत अध्ययनको मूल उद्देश्य फिक्कल गाउँपालिका सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता विश्लेषण गर्नु हो । यस अध्ययनको निर्दिष्ट उद्देश्यहरू फिक्कल गाउँपालिकाको कानुन निर्माण तथा कार्यान्वयनको अवस्थाको पहिचान गर्नु,फिक्कल गाउँपालिकामा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियाको अध्ययन गर्नु, फिक्कल गाउँपालिकामा आर्थिक अनुशासन तथा वित्तीय जोखिम व्यवस्थापन प्रक्रियाको तथ्य निरूपण गर्नु, फिक्कल गाउँपालिकामा राजश्व व्यवस्थापन अवस्था पहिचान गर्नु, फिक्कल गाउँपालिकामा प्रशासनिक अवस्था तथा सुशासनको स्थिति विश्लेषण गर्नु, फिक्कल गाउँपालिकामा सेवा प्रवाहको अवस्था पहिल्याउनु र फिक्कल गाउँपालिकामा कोरोना भाइरस नियन्त्रण तथा अवस्था पहिचान गर्नु रहेका छन् ।

यस अध्ययनमा सातवटा विषयगत क्षेत्रसँग सम्वद्ध १५० वटा बस्तुगत कथन एवम् १२ वटा विषयगत कथनमा आधारित उत्तर, अभिलेख, अवलोकन आदिबाट प्राप्त सूचना तथा तथ्यको विश्लेषण गरिएको छ । स्थलगत अनुसन्धाताबाट लिइएका तथ्य नै यस अध्ययनको मुख्य स्रोत सामग्री बनेका छन् ।

## निश्कर्ष

- फिक्कल गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बर्षको दुई पटक गाउँसभा र औसतमा महिनाको एक पटक गाउँकार्यपालिकाको बैठक बसेको देखिन्छ । गाउँपालिकाले निर्माण गरेका सबै ऐन, नियमावली, निर्देशिका, कार्यविधि र आचार सहिताहरू स्थानीय राजपत्रमा प्रकाशन भएको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँसभाबाट गठन हुनुपर्ने लेखा समिति, सुशासन समिति र विधायन समितिमध्ये लेखा समितिमात्र गाउँसभाबाट भएको छ । कार्यपालिका बैठकबाट विधेयक तथा विधायन समिति गठन गरिएको छ भने सुशासन समिति गठन नै गरिएको देखिएन । लेखा समितिको बैठक हालसम्म एक पटकमात्र बसि गाउँसभामा प्रस्ताव पेश गरेको हुनाले लेखा समितिको सक्रियता कम छ । कानून निर्माण नगरी गाउँसभाको निर्णयबाट सुविधा पाउने गरी राजनीतिक नियुक्ती दिएको छ ।
- गाउँसभाबाट गठन हुनुपर्ने न्यायिक समिति गाउँ कार्यपालिकाको बैठक निर्णयबाट उपाध्यक्षको संयोजकत्वमा गठन गरिएको छ । न्यायिक समितिको कार्यसम्पादन गाउँपालिकाको न्यायिक कार्यसम्पादन ऐन अनुसार हुने गरेको देखिन्छ । तर न्यायिक समितिले विवादहरू समाधान गर्दा कुन दफा (४७ १ र २) अन्तर्गतको कुन प्रकारको विवाद हो छुट्टिने गरेको पाइएन । न्यायिक समितिले गरेका कार्यहरुको दस्तावेज र अभिलेख चुस्त दुरुस्त पाइएन ।
- फिक्कल गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यपालिका बैठकबाट अनुगमन तथा सुपरीवेक्षण समिति र स्थानीय राजश्व परामर्श समिति गठन भएको देखिन्छ । अनुगमन तथा सुपरीवेक्षण समिति सञ्चालनको कार्यविधि तर्जुमा नभएको र अनुगमन प्रतिवेदन आयोजनाको अन्तिम भुक्तानीको लागि मात्र हुने गरेको देखिन्छ । समितिको प्रतिवेदन कार्यपालिका बैठकमा छलफल भएको देखिएन । स्थानीय राजश्व

परामर्श समिति पनि बजेट तथा कार्यक्रम तर्जुमा समयमा मात्र सक्रिय भएको देखिन्छ। स्थानीय राजश्व समिति सञ्चालन कार्यविधि नहुँदा समितिले राजश्व प्रशासन सुधार र राजश्व परिचालन सम्वन्धी कार्यहरू प्रभावकारी रुपमा गरेको छैन।

- फिक्कल गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन र बजेट अख्तियारी दिने गरेको देखिन्छ। तर प्रमुख प्रशासकिय अधिकृतले वडा कार्यालयलाई अख्तियारी दिने गरेको देखिएन।
- फिक्कल गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार गाउँपालिकाको पार्श्व चित्र, आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार गरेको छ। तर गाउँपालिकाले बार्षिक योजना तथा बजेट कार्यक्रम तर्जुमा गर्दा उक्त दस्तावेजहरुसँग तादम्यता गरेको देखिएन। गाउँपालिकाले बार्षिक योजना तथा बजेट कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरिएको पनि देखिएन।
- गाउँ कार्यपालिकाबाट विषयक्षेत्रगत समितिहरु गठन भएको देखिन्छ। तर उक्त समितिहरु गाउँपालिकाको बार्षिक योजना तथा बजेट कार्यक्रम तर्जुमा गर्दा सक्रिय भएको देखिएन र विषयगत समिति सञ्चालन कार्यविधि पनि उपलब्ध भएको पाइएन। फिक्कल गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ र प्रदेशबाट बजेट पूर्वानुमान र मार्गदर्शन समयमै प्राप्त नगरेतापनि SuTRA मार्फत प्राप्त भएको देखिन्छ। गाउँसभाले असार मसान्त भित्रनै गाउँपालिकाको बार्षिक योजना तथा बजेट कार्यक्रम तर्जुमा गरी स्वीकृत गरेको देखिएता पनि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार योजना तर्जुमाका चरणहरु र समयसिमाको पालना भएको देखिएन।
- आर्थिक कारोबार सार्वजनिक खरिद ऐन र नियमावली अनुरुप सम्पादन भएको छ भने ठूला योजनाहरु ई बिडिङ्ग मार्फत कार्यान्वयन भए पाइन्छ। धैरैजसो साना आयोजनाहरु उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने गरेको देखिन्छ। आयोजनाहरुलाई टुक्रयाएर कार्यान्वयन गरेको देखिएन तर आयोजनाहरुलाई नै संशोधन गरी शिर्षक परिवर्तन गर्ने गरेको पाइन्छ। बार्षिक योजना तथा कार्यक्रममा केहि रकम अबण्डा राख्ने र पछि अभ्यक्ष र कार्यपालिकाले निर्णय गरी कार्यान्यन गरेको देखिन्छ। गाउँपालिकाले कार्यान्वयन गरेका योजनाहरुको एकीकृत तथ्याङ्क तथा सूचना अभिलेख छैन। बार्षिक खरिद योजना तयार गरेको देखिएन।
- फिक्कल गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गठन भएको अनुगमन तथा सुपरीवेक्षण समिति र वडास्तरीय अनुगमन समितिले आयोजनाहरुको स्थलगत अनुगमन गर्ने गरेको देखिन्छ। अनुगमन तथा सुपरीवेक्षण समिति सञ्चालन कार्यविधि नभएको र उक्त समितिले बार्षिक अनुगमन कार्ययोजना तयार गरेको देखिएन।
- फिक्कल गाउँपालिकामा आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारद्धारा निर्धारित पद्धति र ढाँचामा राखेको देखिन्छ। आर्थिक कारोबार नगदमा हस्तलिखित, अनलाइन प्रणाली, बैकिङ्ग प्रणाली र विद्युतीय प्रणालीबाट हुने गरेको देखिन्छ। आन्तरिक लेखा परीक्षण बार्षिक रुपमा हुने गरेको देखिन्छ। अन्तिम लेखा परीक्षणबाट देखिएका बेरुजुको समपरीक्षण गरी फछ्यौट हुने गरेका छन। तर बेरुजु फछ्यौट कम प्रतिशत मात्र भएको देखिन्छ। लेखापरीक्षण बेरुजु अभिलेख राखेको देखिएन। गाउँपालिकाले मासिक / त्रैमासिक

नभइ वार्षिक रुपमा बैकमा रकम भिडान गर्ने गरेको देखियो । गाउँपालिकाले कानून बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन ।

- फिक्कल गाउँपालिकाले राजश्व सुधार कार्ययोजना, २०७५ मा तयार गरेको देखिन्छ । तर सो अनुसार कार्यान्वयनमा ल्याएको देखिएन । गाउँपालिकाको आन्तरिक राजश्व अघिल्लो आ. व. को तुलनामा केहि बृद्धि भएको देखिन्छ । सामान्यतया राजश्व छुट दिने सम्वन्धी व्यवस्था नभएतापनि कोभिडको समयमा गाउँसभाबाट निर्णय गरी मिनाहा दिएको देखिन्छ । स्थानीय राजश्व परामर्श समितिले ढिला भएपनि राजश्वको आधार र दर निर्धारण गरी प्रतिवेदन कार्यपालिकामा पेश गरेको देखिन्छ । गाउँपालिकामा समयभित्रका व्यक्तिगत घटना दर्ता निःशुल्क गर्ने गरिएको भएतापनि नागरिकता प्रतिलिपी सिफारिशका लागि केहि शुल्क लिने व्यवस्था गरको देखिन्छ । सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत दिने गरेको र उनीहरुको विवरण त्रैमासिक रुपमा अद्यावधिक गरिएको पाइन्छ ।
- गाउँपालिकाको नयाँ संगठन तथा व्यवस्थापन सर्भेक्षण तयार भएपनि स्वीकृत भएको देखिएन र बर्तमान खाली दरबन्दीमा विज्ञापन मार्फत करारमा कर्मचारी पदपूर्ति गरेको देखिन्छ । कर्मचारीहरुलाई कार्यविवरण दिइएको देखिएन र गाउँपालिकाले शाखा तोकी कार्य सम्पादन गर्न जानकारी गराएको देखिन्छ । कर्मचारीहरुले समयमै कार्यसम्पादन मूल्याङ्कन बुझाउने गरेको देखिन्छ । गाउँपालिकाको सेवा प्रवाहमा विचौलियाको प्रयोग भएको देखिदैन ।
- गाउँपालिकाले संघ र प्रदेशमा आर्थिक विवरणमात्र र अन्य विवरणहरू नियमित नभइ माग अनुसार मात्र पठाउने गरेको देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उजुरी सम्वन्धी कार्यकालागि प्रशासन शाखाबाट हुने गरेको पाइन्छ । गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरु सबैले कानून बमोजिम पेश गर्नुपर्ने सम्पति विवरण समयमै पेश गरेको र सरकारी पोशाक लगाएको देखिन्छ ।
- गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको अङ्क अघिल्लो बर्षभन्दा घटेको देखिन्छ । गाउँपालिकामा नागरिक वडापत्र र सोधपुछ कक्ष भएको देखिएन भने सामाजिक परीक्षण गरिएको पनि देखिदैन । दुई आ. व.मा एक पटक मात्र सार्वजनिक सुनुवाई भएको देखिन्छ । गाउँपालिकामा सार्वजनिक सम्पतिको अभिलेख तथा संरक्षणको अभिलेख राखेको देखिएन र सुशासन सम्वन्धी नीति तर्जुमा नभएको देखिन्छ । गाउँसभा र गाउँकार्यपालिकाले गरेका निर्णयहरु गाउँपालिकाको वेवसाइडमा अद्यावधिक गर्ने गरेको देखिदैन ।
- गाउँपालिकामा विद्यालय व्यवस्थापन समिति अभिभावक भेलाबाट मात्र गठन गरेको र विद्यालयको निर्माण कार्य सोही समितिबाटै हुने गरेको देखिन्छ । गाउँपालिकामा नियम अनुसार उद्योगहरु दर्ता गर्ने गरेको र तीनिहरुको नवीकरण पनि गर्ने गरेको देखिन्छ । गाउँपालिकामा सहकारी संस्थाहरु कार्यरत रहेको भएतापनि गाउँपालिकाले तिनिहरुको नियमन गर्ने गरेको देखिएन । गाउँपालिकामा कृषिसंग सम्वन्धित दस्तावेज तथा मापदण्ड निर्माण भएको पाइएन ।
- गाउँपालिकाले कोभिडको समयमा कारोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ अनुसार कोष स्थापना गरी सञ्चालन गरी खर्च गरेको देखिन्छ भने कोभिड भाइरस सम्वन्धी अभिलेख खण्डीकृत तथा वडास्तरमा राख्ने गरेको देखिदैन ।

## सुझाव

प्रस्तुत अध्ययनबाट प्राप्त भएका निष्कर्षका आधारमा निम्नानुसारका सुझाब सिफारिश गरिएको छः

- गाउँपालिकालाई प्रभावकारी रुपमा सञ्चालन गरी सफल तुल्याउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विधायन समिति र सुशासन समिति गाउँसभाबाट गठन गर्नुपर्ने र यी समितिहरु र लेखा समितिको सञ्चालन कार्यविधि निर्माण गरी नियमित र सक्रिय बनाउनुपर्ने र सम्वन्धित समितिहरुका संयोजक तथा सदस्यहरुलाई जवाफदेही बनाउनु पर्ने । साथै गाउँसभा, गाउँ कार्यपालिका र समितिहरुवीचको कार्यसम्वन्ध र समन्वय तथा भूमिकामा प्रष्ट गर्नुपर्ने ।
- गाउँपालिका कार्यलाई सहज र सरल बनाउन गाउँपालिकाले कानून निर्माण गरेर मात्र सल्लाहकार पदपूर्ति गर्नुपर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाबाट न्यायिक समिति गठन गर्नुपर्ने र न्यायिक समितिले गरेका कार्य सम्पादनहरुको अभिलेख अद्यावधिक सहित चुस्त दुरुस्त राख्ने र न्यायिक समिति आफुले गरेका कार्यहरुको बार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा छलफल गर्ने व्यवस्था गर्नुपर्ने ।
- अनुगमन तथा सुपरीवेक्षण समिति सञ्चालन कार्यविधि निर्माण गरी सूचकका आधारमा आयोजनाहरुको अनुगमन गर्नुपर्ने र समितिले अनिवार्य रुपमा बार्षिक अनुगमन कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने । साथै अनुगमन समितिले गरेका कार्यहरुको बार्षिक प्रतिवेदन तयार गरी कार्यापालिकामा छलफल गर्ने व्यवस्था गर्नुपर्ने । अनुगमन समितिले गरेका कार्यहरुको अभिलेख व्यवस्थित बनाउन सम्वन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्ने ।
- स्थानीय राजश्व परामर्श समिति सञ्चालन कार्यविधि निर्माण गर्नुपर्ने र समितिलाई बजेट तथा कार्यक्रम तर्जुमाको समयमा मात्र नभइ बाह्रै महिना सक्रिय बनाई नियमित बैठकहरू बसी राजश्व प्रशासन सुधार र राजश्व परिचालनमा सहयोग हुनेगरी व्यवस्था गर्नुपर्ने ।
- गाउँपालिकाले तयार गरेका पार्श्व चित्र, आवधिक योजना र मध्यमकालीन खर्च संरचनालाई प्रत्येक बर्ष समिक्षा सहित अद्यावधिक गरी बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा उपयोग र तादम्यता गर्नुपर्ने । साथै दिगो विकास लक्ष्यको स्थानीयकरण गरी गाउँपालिकाको बार्षिक योजना तथा कार्यक्रममा त्यसको आन्तकीरिकरण गर्ने व्यवस्था गर्नुपर्ने ।
- प्रत्येक विषयक्षेत्रगत समितिहरुको बैठक नियमित रुपमा गर्ने व्यवस्था गर्नुपर्ने र समितिका अलग अलग निर्णय पुस्तिका बनाई अभिलेख पनि व्यवस्थित बनाउन सम्वन्धित कर्मचारी र समितिका संयोजकहरुलाई जवाफदेही बनाउनुपर्ने । गाउँपालिकाले बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसारका चरणहरु र प्रमुख कार्यहरू समयसिमा भित्र सम्पन्न गर्ने गरी व्यवस्था गर्नुपर्ने ।
- बार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने र गाउँपालिकाले कार्यान्वयन गरेका आयोजनाहरुको एकीकृत तथ्याङ्क र सूचनाको अभिलेख व्यवस्थित बनाउन सम्वन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्ने ।
- गाउँपालिका र वडा कार्यालयहरुले आफ्नो आयव्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने । आन्तरिक लेखापरीक्षण त्रैमासिकमा गरी अन्तिम लेखा परीक्षणबाट देखिएका बेरुजुहरुको अभिलेख

तयार गरी समयमै समपरीक्षण गराई बेरुजु न्यूनीकरण गर्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।

- गाउँपालिकाको राजश्वको संभाव्यता अध्ययन गरी नयाँ राजश्व सुधार कार्ययोजना तयार र कार्यान्वयन गर्नुपर्ने ।
- गाउँपालिकाले तयार गरिएको संगठन तथा व्यवस्थापन सर्भेक्षणको छलफल र सुधार गरी स्वीकृत गर्नुपर्ने र स्वीकृत दरबन्दीमा कर्मचारी पदपूर्ति गरी गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी र सहज बनाउनुपर्ने । गाउँपालिकाको शाखाहरुबीचमा समन्वय गरी एकीकृत अभिलेख राख्ने गरी ज्ञान व्यवस्थापन गर्नुपर्ने ।
- कार्यालय परिसरमा र वडा कार्यालयहरुमा नागरिक वडापत्र सबैले देख्ने र बुझ्ने गरी राख्नुपर्ने । सोधपुछ कक्षको व्यवस्था गर्नुपर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाका योजना तथा कार्यक्रमको प्रभावकारिता बृद्धि गर्न पारदर्शी बनाउन र सम्वद्ध पक्षलाई जवाफदेही बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्नुपर्ने । गाउँसभा र गाउँ कार्यपालिकाका निर्णयहरु गाउँपालिकाको वेवभसाइटमा नियमित रुपमा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्ने ।
- गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको अङ्क अधिल्लो बर्षभन्दा घटेको हुनाले त्यसमा देखिएका कमि कमजोर विषयक्षेत्रगत पहिचान सहित कार्यपालिकामा व्यापक छलफल गरी सुधारका निम्ति कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने । गाउँपालिकाको सुशासन नीति तयार गरी कार्यान्वयन गर्नुपर्ने ।
- गाउँपालिकाले सहकारी संस्थाहरूलाई सहकारीका सिद्धान्तहरू, मूल्य र मान्यता मनन हुने गरी कानुनको परिधिभित्र रही गाउँपालिकाको स्थानीय आर्थिक विकासको महत्वपूर्ण खम्बा बन्न सक्ने गरी परिचालन गर्नुपर्ने । यसका लागि गाउँपालिकाले सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनका लागि जनशक्ति र वित्तीय व्यवस्था गर्नुपर्ने ।
- गाउँपालिकामा कृषिक्षेत्र महत्वपूर्ण भएकोले यसलाई प्राथमिकतामा राखी कृषिसँग सम्वन्धित कार्यविधि र मापदण्ड निर्माण गर्नुपर्ने ।
- यि माथिका सुझावहरु कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको विभिन्न विषयहरुमा क्षमता विकास गर्नुपर्ने ।

**अनुसूचीहरु**

1. स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता अध्ययन प्रश्नावली फाराम खण्ड क वस्तुगत प्रश्नावली र खण्ड ख विषयगत प्रश्नावली
2. बैठकमा उपस्थित पदाधिकारी र कर्मचारीहरुको नामावली
3. फोटोहरु

# स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता सम्बन्धी अध्ययन

## प्रश्नावली फाराम

**प्रश्नावली भर्ने सम्बन्धी जानकारी/मार्गदर्शन:**

1. स्थानीय तहको आ.व. २०७७/०७८ र २०७८/०७९ को कार्यसम्पादनका विषय बस्तुलाई यस अध्ययनले समेट्नेछ।
2. प्रश्नावली दुई किसिमका रहेका छन्। खण्ड 'क' मा रहेका बस्तुगत प्रश्नहरूमा गाउँ/नगर पालिकाले एक वा एकभन्दा बढी मिल्दो विकल्पमा चिन्ह लगाउनु पर्ने र केहि प्रश्नावलीहरुमा विवरण भर्नु पर्नेछ।
3. प्रश्नावलीको खण्ड 'ख' मा गाउँ/नगर पालिकाले विवरण भर्ने गरी खुला प्रश्नहरु राखिएका छन्। अध्ययनकर्ता/ सहजकर्ताले उपलब्ध गराएको उक्त प्रश्नहरुकोप्रति सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले भरी बुझाउनु पर्नेछ।
4. प्रश्नावलीमा चिन्ह लगाएपछि यस सम्बन्धी सुनिश्चितताका लागि तथ्य र आधारहरू संलग्न गर्नु पर्नेछ।
5. प्रश्नावली भरी सकेपछि प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी प्रमुख वा अध्यक्षलाई जानकारी गराई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट खटिएका अध्ययनकर्ता/सहजकर्तालाई बुझाउनु पर्नेछ।
6. खुला प्रश्नहरूको हकमा स्थानीय तहले आफ्नो अवस्था वा धारणा खण्ड 'ख' को प्रश्नावलीमा भरी प्रस्तुत गर्नु पर्नेछ। अध्ययनकर्ता/सहजकर्ताले सो क्रममा प्रश्नावलीबाट आएका जवाफ र पुष्टयाईको आधारसँग तादम्यता नमिलेमा सो बारेमा जानकारी गराई सहजीकरण गर्नु पर्नेछ।
7. प्रश्नावली भर्ने क्रममा कुनै द्विविधा भएमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका तोकिएका कर्मचारीलाई फोन सम्पर्क गरी प्रष्ट हुन सकिने छ।

## मुख्य नतिजा (खण्ड - क) विश्लेषण

<table>
<tr><th>सि. न.</th><th>प्रश्नावली</th><th>उत्तर</th><th>सुनिश्चितताका आधारहरु</th></tr>
<tr><td colspan="4">क. स्थानीय कानून कार्यान्वयनको अवस्था</td></tr>
<tr><td>१.</td><td>विगत दुई आर्थिक वर्ष (२०७७/०७८ तथा २०७८/०७९) मा गाउँ/नगर सभाको बैठक कति पटक बस्यो ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा १९)</td><td>१. एक पटक [ ]<br>२. दुई पटक [ ]<br>३. तीन पटक [ ]<br>४. चार पटक वा सो भन्दा बढी [✓]</td><td>गाउँसभाको उपस्थिति पुस्तिका</td></tr>
<tr><td colspan="4">व्याख्याः दुई आवमा जम्मा ४ पटक गाउँसभा भएको थियो ।<br>आव २०७७।७८ मा दुई पटक<br>▪ २०७७।११।२६ मा धन बहादुर कार्कीको अध्यक्षतामा आठौं गाउँसभा र<br>▪ २०७८।०३।०९ मा धन बहादुर कार्कीको अध्यक्षतामा नवौं गाउँसभा<br>आव २०७८।७९ मा दुई पटक<br>▪ २०७८।११।१८ मा धन बहादुर कार्कीको अध्यक्षतामा दशौं गाउँसभा र<br>▪ २०७९।०३।१०मा पार्वती सुनुवारको अध्यक्षतामा एघारौं गाउँसभा</td></tr>
<tr><td>२.</td><td>गाउँ/नगर सभाबाट विधायन समितिको गठन भएको छ कि छैन?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा २२)</td><td>१. छ [ ]<br>२. छैन [✓]</td><td>सभाको निर्णय। गठित समितिका सदस्यहरूको नामावली उल्लेख गर्ने।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँसभावाट विधायन समिति गठन भएको छैन तर गाउँकार्यपालिकाबाट मिति २०७९ जैठ २३ गतेको निर्णय अनुसार कार्यापालिका सदस्य श्री पूर्णमाया थापा मगरको संयोजकमा विधेयक तथा विधायन समिति गठन गरेको छ।<br>○ श्री पूर्णमाया थापा मगर संयोजक<br>○ श्री होम बहादुर सुनुवार सदस्य<br>○ श्री तारा विश्वकर्मा सदस्य</td></tr>
<tr><td>३.</td><td>गाउँ/नगर सभाबाट सुशासन समिति गठन भएको छ कि छैन?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा २२)</td><td>१. छ [ ]<br>२. छैन [✓]</td><td>सभाको निर्णय। गठित समितिको सदस्यहरूको नामावली उल्लेख गर्ने।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँसभावाट सुशासन समिति गठन गरिएको छैन ।</td></tr>
<tr><td>४.</td><td>गाउँ/नगर सभाबाट लेखा समितिको गठन भएको छ कि छैन?</td><td>१. छ [✓]<br>[ ]</td><td>सभाको निर्णय। गठित समितिको सदस्यहरूको</td></tr>
</table>

<table>
<tr><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन (दफा २२)</td><td>२. छैन</td><td>नामावली उल्लेख गर्ने।</td></tr>
<tr><td colspan="4">व्याख्या: २०७५।३।२१ मा बसेको फिक्कल गाउँपालिकाको तेश्रो गाउँसभाबाट लेखा समिति निम्न अनुसार गठन भएको थियो।<br>▪ कार्यपालिका सदस्य एवम् वडा नै २का वडा अध्यक्ष श्री शंकर बहादुर भण्डारी संयोजनक<br>▪ एवम् वडा नै ६का वडा अध्यक्ष श्री खड्ग नेपाली सदस्य<br>▪ कार्यपालिका सदस्य श्री विष्णु कुमारी घिमिरे बराल सदस्य</td></tr>
<tr><td>५.</td><td>गाउँ/नगर सभाबाट (विधायन, सुशासन तथा लेखा समिति बाहेक) थप कतिवटा समिति गठन भएका छन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा २२)</td><td>थप कति समिति छन् समितिको नाम उल्लेख गर्ने [छैन]<br>१.<br>२.<br>३.<br>४.<br>५.</td><td>सभाको निर्णय।</td></tr>
<tr><td colspan="4">व्याख्या:<br>▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँसभावाट अन्य समितिहरु गठन गरिएको छैन।</td></tr>
<tr><td>६.</td><td>सभाका समितिहरूको जम्मा कति पटक बैठक बस्यो?</td><td>१. सुशासन समितिको बैठक संख्या [ ]<br>२. विधायन समितिको बैठक संख्या [ ]<br>३. लेखा समितिको बैठक संख्या [१]<br>४. सभाका अन्य समितिको बैठक संख्या [ ]</td><td>नमूनाको रूपमा केही बैठकको माइन्यूट भिडान गर्ने।</td></tr>
<tr><td colspan="4">व्याख्या:<br>▪ उपलब्ध दस्तावेज अनुसार २०७८ फागुन ६ गते एक पटक मात्र लेखा समितिको बैठक बसेको छ। बैठकले आव २०७४।७५, २०७५।७६ र २०७६।७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औल्याएका बेरुजु समपरीक्षण गर्ने सम्वन्धमा छलफल र निर्णय गरेको थियो।</td></tr>
<tr><td>७.</td><td>सभाका प्रत्येक समितिहरूले सभामा कति कतिवटा प्रतिवेदनहरू प्रस्तुत गरे?</td><td>१. सुशासन समितिको प्रतिवेदन संख्या [ ]<br>२. विधायन समितिको प्रतिवेदन संख्या [ ]<br>३. लेखा समितिको प्रतिवेदन संख्या [९]<br>४. सभाका अन्य समितिको प्रतिवेदन संख्या [ ]</td><td>कुनै प्रतिवेदनको नमूना संलग्न गर्ने।</td></tr>
<tr><td colspan="4">व्याख्या:<br>▪ लेखा समितिले गाउँसभामा तीन आव २०७४।७५, २०७५।७६ र २०७६।७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औल्याएका बेरुजु समपरीक्षण गर्ने सम्वन्धमा ९ वटा प्रतिवेदन प्रस्तुत गरेको थियो।</td></tr>
<tr><td>८.</td><td>कार्यपालिकाबाट कतिवटा प्रतिवेदन सभामा (उक्त दुवै वर्षमा) प्रस्तुत भएको छ ?</td><td>१. सुशासन सम्बन्धी प्रतिवेदन [ ]<br>२. आलेप र मलेपको बेरुजु प्रतिवेदनहरु [२]<br>३. अन्य [ ]</td><td>पेश गरिएका प्रतिवेदनको सूची।</td></tr>
<tr><td colspan="4">व्याख्या:</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| कार्यपालिकाबाट अध्ययन आवमा २ वटा आलेप र १ वटा मलेप प्रतिवेदन प्रतिवेदन सभामा प्रस्तुत भएको छ | | | |
| ९. | सभाले प्राप्त विधेयक र प्रतिवेदन छलफलका लागि समितिमा पठाउने गरेको छ, छैन ? | १. छ [ ]<br>२. छैन [✓] | सभाको निर्णय। |
| व्याख्याः<br>▪ गाउँसभाबाट समितिहरुमा विधेयक र प्रतिवेदनहरु छलफलका लागि पठाउने नगरेको । | | | |
| १०. | कार्यपालिकाको बैठक मासिक रूपमा हुने गरेको छ कि छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा १७) | १. प्रत्येक महिनामा १ पटक बैठक बस्ने गरेको [✓]<br>२. प्रत्येक महिना नबसेको तर १२ पटक बसेको [✓]<br>३. दुई वर्षमा ६ पटक भन्दा कम बैठक बसेको [ ]<br>४. बैठक बस्ने नगरेको [ ] | दुई वर्षको तथ्यांकको आधारमा। |
| व्याख्याः<br>▪ नियमित मासिक रुपमा कार्यपालिका वैठक वसेको र दुई आ.व.मा जम्मा ३१ पटक वैठक वसेको।<br>○ आ.व. २०७७।०७८ मा २० वटा कार्यपालिका बैठक भएको।<br>○ आ.व. २०७८।०७९ मा ११ वटा कार्यपालिका बैठक भएको। | | | |
| ११. | कार्यपालिकाबाट कतिवटा विधेयक पारित भई सभामा प्रस्तुत गरिए र सभाबाट कतिवटा स्वीकृत भए ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा १०२) | १. कार्यपालिकाबाट प्रस्तुत संख्या [११]<br>२. सभाबाट स्वीकृत संख्या [११] | सम्बन्धित अभिलेख |
| व्याख्याः<br>▪ कार्यपालिकाबाट निम्न ११ वटा विधेयक पारित भई सभामा प्रस्तुत गरिए र सभाबाट कतिवटा स्वीकृत भए ?<br>○ फिक्कल गाउँपालिकाको आर्थिक ऐन २०७७<br>○ फिक्कल गाउँपालिकाको विनियोजन ऐन २०७७<br>○ फिक्कल गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७<br>○ फिक्कल गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्ष० कार्यविधि २०७७<br>○ फिक्कल गाउँपालिकाको नदीजन्य वालसवा प्रशोधन सम्वन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७७<br>○ फिक्कल गाउँपालिकाको आर्थिक ऐन २०७८<br>○ फिक्कल गाउँपालिकाको विनियोजन ऐन २०७८<br>○ युवा स्वरोजगार संचालन तथा व्यवस्थापन कार्यविधि २०७८<br>○ फिक्कल गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८<br>○ फिक्कल गाउँपालिकाको आर्थिक ऐन २०७९<br>○ फिक्कल गाउँपालिकाको विनियोजन ऐन २०७९ | | | |
| १२. | कार्यपालिकाबाट कतिवटा नियम, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड, दिग्दर्शन आदि स्वीकृत भए? (हालसम्म)<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा १०२–३) | १. नियम संख्या [१८]<br>२. विनियम संख्या [४]<br>३. निर्देशिका संख्या [४]<br>४. कार्यविधि संख्या [१५]<br>[१] | सूची संलग्न गर्नु होस |

<table>
<tr><td></td><td></td><td>५. मापदण्ड संख्या<br>६. आचार संहिता संख्या [१]</td><td></td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ ऐन बाहेक कार्यपालिकाबाट ४ नियमावली, ४ निर्देशिका, १५ कार्यविधि, १ मापदण्ड, र १ आचार संहिता १ गरी २५ वटा स्वीकृत भए ।</td></tr>
<tr><td>१३.</td><td>स्वीकृत ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, दिग्दर्शन स्थानीय राजपत्रमा प्रकाशित भएका छन् कि छैनन् ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा १०२–३)</td><td>१. सबै ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका छन् । [✓]<br>२. सबै नियम, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड, दिग्दर्शन प्रकाशित हुने गरेका छन् । [✓]<br>३. कुनै कुनै मात्र प्रकाशित हुने गरेको छन् । [ ]<br>४. राजपत्र प्रकाशित हुने गरेको छैन् । [ ]</td><td>नमूना भिडान गरी पुष्टीकरण गर्ने</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ स्वीकृत ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, दिग्दर्शन स्थानीय राजपत्रमा प्रकाशित भएका छन् ।</td></tr>
<tr><td>१४.</td><td>स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित न्यायिक समिति गठन भएको छ छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ४६)</td><td>१. छ [✓]<br>२. छैन [ ]</td><td>सभाको निर्णय पुस्तिका</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ २०७४।१२।२४ गतेको गाउँपालिकाको दोश्रो गाउँसभाबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार उपाध्यक्ष श्री पार्वती सुनुवारको संयोजक गठन भएको थियो ।<br>○ श्री पार्वती सुनुवार संयोजक<br>○ श्री शंकर बहादुर भण्डारी सदस्य<br>○ श्री भानुभक्त श्रेष्ठ सदस्य<br>▪ तर गाउँपालिकामा नयाँ पदाधिकारीहरु निर्वाचित भएर आइसकेपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँसभावाट न्यायिक समिति गठन भएको भनिएता पनि गाउँकार्यपालिका बैठकबाट मिति २०७९ जेठ २३ गतेको निर्णय अनुसार उपाध्यक्ष श्री राजु बरालको संयोजकमा निम्न अनुसार न्यायिक समिति गठन गरेको छ ।<br>▪ न्यायिक समितिका पदाधिकारीहरू<br>○ श्री राजु बराल संयोजक<br>○ श्री पदम बहादु कटुवाल सदस्य<br>○ श्री पूर्णमाया भुजेल सदस्य</td></tr>
<tr><td>१५.</td><td>सभाबाट न्यायिक समिति गठन भएको हो होइन?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ४६ र ४७)</td><td>१. हो [✓]<br>२. होइन [ ]</td><td>सभाको निर्णय पुस्तिका</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँसभावाट न्यायिक समिति गठन भएको भनिएता पनि गाउँकार्यपालिका बैठकबाट मिति २०७९ जैठ २३ गतेको निर्णय अनुसार उपाध्यक्ष श्री राजु बरालको संयोजकमा न्यायिक समिति गठन गरेको छ ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १६. | न्यायिक समितिको कार्यसम्पादन प्रक्रिया के कस्तो रहेको छ ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ४६ र ४७) | १. आफ्नो कार्यविधि स्वीकृत गरी कार्य गरेको। ☐<br>२. वडा स्तरमा मेलमिलाप समिति गठन गरी सक्रिय गराइएको। ✓<br>३. सबै उजुरीहरु समितिमा नै छलफल गरी फछ्र्यौट गर्ने गरेको। ☐<br>४. अन्य (भएमा उल्लेख गर्ने) **ऐन** ✓ | कार्यविधि।<br>अवलोकन। |
| व्याख्याः<br>▪ फिक्कल गाउँपालिकाको न्यायिक कार्य सम्पादन सम्वन्धी ऐन २०७४ अनुसार र वडास्तरमा मेलमिलापकर्ता मार्फत कार्यसम्पादन भइरहेको छ। | | | |
| १७. | न्यायिक समितिको क्षमता विकासका कार्यक्रम संचालन भएका छन् कि छैनन् ? | १. सबै सदस्यका लागि तालिम भएको छ। ☐<br>२. संयोजक र कर्मचारीको लागि मात्र तालिमको व्यवस्था गरिएको छ। ✓<br>३. मेलमिलाप समितिका सदस्यका लागि समेत तालिम आयोजना गरिएको छ। ☐<br>४. कसैले पनि तालिम प्राप्त गरेका छैनन्। ☐ | छलफल। |
| व्याख्याः<br>▪ न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुको क्षमता विकासका लागि प्रदेशले २०७८ असोजमा प्रशिक्षण दिइएको पाइयो। | | | |
| १८. | न्यायिक समितिले हालसम्म सम्पादन गरेको कार्य विवरण | १. जम्मा उजुरी संख्या १९<br>२. फर्छौट भएको संख्या १२<br>३. फर्छौट मध्ये मेलमिलाप भएको संख्या १२<br>४. जिल्ला अदालतमा पुनरावेदन भएको संख्या ४ | अभिलेख |
| व्याख्याः<br>▪ न्यायिक समितिले २०७७।०७८ मा ३० वटा र २०७८।०७९ मा १९ गरी जम्मा ४९ वटा उजूरी परेकोमा क्रमशः ३० र १२ गरी जम्मा ४२ वटा उजुरी फछौट गरेका छन र ४ वटा विवादहरु जिल्ला अदालतमा पुनरावेदन भएका छन्। | | | |
| १९. | स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित स्थानीय राजश्व परामर्श समिति गठन भएको छ छैन?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा, ६५) | १. छ ✓<br>२. छैन ☐ | गठन सम्बन्धी कार्यपालिकाको निर्णय । |
| व्याख्याः<br>▪ २०७९ जेठ २३ गतेको कार्यपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित स्थानीय राजश्व परामर्श समिति निम्न अनुसार गठन गरिएको छ। | | | |

<table>
<tr><td colspan="4">
<ul>
<li>श्री राजु बराल संयोजनक</li>
<li>श्री मोहन बहादुर मगर सदस्य</li>
<li>श्री मंगलादेवी तामाङ सदस्य</li>
<li>श्री श्याम तामाङ सदस्य</li>
<li>श्री प्रेम बहादुर थापा मगर सदस्य</li>
<li>राजश्व शाखा प्रमुख सदस्य सचिव</li>
</ul>
</td></tr>
<tr><td>२०.</td><td>कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित अनुगमन समिति गठन गरेको/भएको छ छैन?<br>स्थानीय सरकार सञ्चालन ऐन दफा १६.४. ख. ५)</td><td>१. छ ✓<br>२. छैन ☐</td><td>गठन सम्बन्धी कार्यपालिकाको निर्णय।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित अनुगमन समिति उपाध्यक्ष श्री राजु बराल संयोजक गठन गरेको पाइयो ।</td></tr>
<tr><td>२१.</td><td>समयमा प्रतिवेदन नपठाउने आफ्ना शाखा, इकाई वा निकायलाई कुनै कार्वाही गर्ने गरिएको छ छैन?</td><td>१. छ ☐<br>२. छैन ✓</td><td>सम्बन्धित अभिलेख</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ समयमा प्रतिवेदन नपठाउने आफ्ना शाखा, इकाई वा निकायलाई कुनै कार्वाही गर्ने गरिएको छैन ।</td></tr>
<tr><td>२२.</td><td>सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई कार्यान्वयनको लागि मार्गदर्शन र बजेट अख्तियारी दिने गरेको छ छैन?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ७३–१)</td><td>१. सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत भएको सात दिन भित्र दिने गरेको ✓<br>२. सात दिनपछि दिने गरेको ☐<br>३. दिने नगरेको । ☐</td><td>अख्तियारीको अभिलेख हेर्ने ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ आ.ब. २०७७।७८ र २०७८।७९ मा गाउँ सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई कार्यान्वयनको लागि मार्गदर्शन र बजेट अख्तियारी दिने गरेको भनिएपनि सो सम्वन्धी कुनै अभिलेख उपलब्ध नभएको ।</td></tr>
<tr><td>२३.</td><td>प्रमुख प्रशासकीय अधिकृतले आफुलाई अख्तियारी प्राप्त भएको १५ दिन भित्र मातहत (विभाग, महाशाखा, विषयगत शाखा, वडा कार्यालय) लाई स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि जिम्मेवारी तालिका र मार्गदर्शन सहित अख्तियारी दिने गरेको छ छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ७३–२)</td><td>१. आफुलाई अख्तियारी प्राप्त भएको १५ दिन भित्र दिने गरेको छ । ☐<br>२. पन्ध्र दिन देखि एक महिना भित्र दिने गरेको ☐<br>३. एक महिना पछि दिने गरेको । ☐<br>४. अख्तियारी दिने नगरेको । ✓</td><td>अख्तियारीको अभिलेख हेर्ने ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ आ.ब. २०७७।७८ र २०७८।७९ मा प्रमुख प्रशासकीय अधिकृतले वडा कार्यालय विषायगत शाखाहरुलाइ अख्तियारी दिने नगरेको ।</td></tr>
</table>

<table>
<tr><td>२४.</td><td>तलव वा भत्ता पाउने गरी राजनीतिक नियुक्ति हुने गरेको छ वा छैन?</td><td>१. सल्लाहकार नियुक्ति गरिएको । ✓<br>२. सल्लाहकार समूहमा नियुक्ति गरिएको । ☐<br>३. पटके सल्लाहकार नियुक्ति गरिएको । ☐<br>४. नियुक्ति नगरिएको । ☐</td><td>नियुक्ति<br>अभिलेख</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ मिति २०७८।३।२५ मा गाउँसभाको निर्णय अनुसार कानूनी सल्लाहकारलाई तलव सुविधा पाउने गरी करारमा नियुक्त गरेको छ ।</td></tr>
<tr><td>२५.</td><td>सल्लाहकार नियुक्ति भएको भए कुन विषय क्षेत्र, योग्यता र सुविधा प्रदान गरिएको छ ?</td><td>
<table>
<tr><th>क्र. सं</th><th>सल्लाहकारको विषय क्षेत्र</th><th>योग्यता</th><th>बैठक भत्ता वा पारिश्रमिक रू</th></tr>
<tr><td>१</td><td>कानून</td><td>बी एल</td><td>१८९९५</td></tr>
<tr><td>२</td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ २०७८।४।१ देखि मासिक १५ दिन कार्यालय समय र सो बाहेक कार्यालयको आवश्यकता बमोजिम हुने गरी कानूनी सल्लाहकार – कानून विषय क्षेत्रमा स्नातक गरेका श्री नारायण बराललाई मासिक रु.१८,९९५। पारिश्रमिक सुविधा पाउने गरी करारमा नियुक्त गरेको छ ।</td></tr>
<tr><th colspan="4">ख. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन प्रक्रिया</th></tr>
<tr><td>२६.</td><td>गाउँ /नगर पालिकाको वस्तुगत विवरण (पार्श्व चित्र) तयार भएको छ कि छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ११.२. ड )</td><td>१. छ ✓<br>२. छैन ☐</td><td>वस्तुगत विवरण पुस्तिका संकलन</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ गाउँपालिकाको वस्तुगत विवरण (पार्श्व चित्र) तयार भएको छ ।</td></tr>
<tr><td>२७.</td><td>गाउँ /नगर पालिकाको आवधिक योजना तयार भएको छ कि छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा २४ )</td><td>१. छ ✓<br>२. छैन ☐</td><td>दस्तावेज संकलन</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ आव २०७८।०७९ देखि २०८२।०८३ सम्मको गाउँपालिकाको आवधिक योजना तयार भएको छ ।</td></tr>
<tr><td>२८.</td><td>मध्यमकालीन खर्च संरचना तयार गरेको छ कि छैन ?<br>अन्तर– सरकारी वित्त व्यवस्थापन ऐन (दफा १७)</td><td>१. छ । ✓<br>२. छैन। ☐<br>३. तयार गरेको योजना छ। ☐</td><td>दस्तावेज संकलन ।</td></tr>
<tr><td colspan="4">व्याख्याः</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ▪ आव २०७८।०७९ देखि २०८२।०८३ सम्मको गाउँपालिकाको मध्यम खच संरचना तयार भएको छ । | | | |
| २९. | संघीय सरकारबाट बजेट पूर्वानुमान (सिलिङ्ग) र मार्गदर्शन फागुन मसान्तभित्र प्राप्त भयो कि भएन?<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन (दफा १७) | १. प्राप्त भएको। ✓<br>२. चैत्र महिनामा प्राप्त हुन आएको।<br>३. चैत्र मसान्त पछि मात्र प्राप्त भएको। | पत्रको च नं. र मिति र स्थानीय तहमा प्राप्त मिति |
| व्याख्याः<br>▪ २०७७।७८ र २०७८।७९ का लागि संघीय सरकारबाट बजेट पूर्वानुमान (सिलिङ्ग) र मार्गदर्शन प्राप्त सम्वन्धी पत्र तोकिएको समयमा प्राप्त नभएको तर बजेट सिलिङ सूत्रमा आवद्ध हुने सूचना कर्मचारीबाट जानकारी भएको। | | | |
| ३०. | प्रदेश सरकारबाट बजेट पूर्वानुमान (सिलिङ्ग) र मार्गदर्शन चैत्र मसान्त भित्र प्राप्त भयो कि भएन?<br>अन्तर– सरकारी वित्त व्यवस्थापन ऐन (दफा १७) | १. प्राप्त भएको। ✓<br>२. बैशाख महिनामा प्राप्त हुन आएको।<br>३. बैशाख मसान्तपछि मात्र प्राप्त भएको। | पत्रको च नं. मिति र स्थानीय तहमा प्राप्त मिति |
| व्याख्याः<br>▪ २०७७।७८ र २०७८।७९ का लागि प्रदेश सरकारबाट बजेट पूर्वानुमान (सिलिङ्ग) र मार्गदर्शन प्राप्त सम्वन्धी पत्र तोकिएको समयमा प्राप्त नभएको तर बजेट सिलिङ सूत्रमा आवद्ध हुने सूचना कर्मचारीबाट जानकारी भएको। | | | |
| ३१. | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट बैशाख १० गते भित्र बजेट पूर्वानुमान पेश गर्ने गरेको छ छैन ?<br>अन्तर– सरकारी वित्त व्यवस्थापन ऐन (दफा १६) र स्थानीय सरकार सञ्चालन ऐन (दफा ६६) | १. बैशाख १० गते भित्र नै गर्ने गरिएको।<br>२. बैशाख १० गते देखि बैशाख मसान्त भित्र।<br>३. बैशाख मसान्त पछि। ✓<br>४. स्रोत पूर्वानुमान गर्ने गरिएको छैन। | पूर्वानुमान प्रतिवेदन |
| व्याख्याः<br>▪ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तोकिएको समयभित्र बजेट पूर्वानुमान पेश नगरेको।<br>▪ मिति २०७७।०७८ का लागि २०७७ असार ९ गते र २०७८।०७९ का लागि २०७८ असार २ गते मात्र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति बैठक बजेट पूर्वानुमान पेश गरेको। | | | |
| ३२. | विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण छ छैन ? (स्थाससऐन २०७४ को दफा ६६को ३ अनुसार) | १. विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण नगरिएको।<br>२. प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण गरिएको<br>३. प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण गरिएको गरी कार्यक्रम तर्जुमा गरिएको ✓ | |
| व्याख्याः<br>▪ प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण छ। | | | |

| | | | |
|---|---|---|---|
| ३३. | प्रमुख प्रशासकीय अधिकृतबाट बैशाख १५ गते भित्र मातहत (महाशाखा, विभाग, बिषयगत शाखा, वडा समिति) मा मार्गदर्शन र बजेट पूर्वानुमान पठाउने गरेको छ छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ६६.७ ) | ४. बैशाख १५ गते भित्र पठाउने गरेको छ। ☐<br>५. बैशाख १६ गते देखि बैशाख मसान्त भित्र। ☐<br>६. बैशाख मसान्त पछि। ☐<br>७. पठाउने गरिएको छैन। ☑ | बजेट पूर्व – अनुमान (सिलिङ्) पठाएको पत्र। |

व्याख्याः

- प्रमुख प्रशासकीय अधिकृतबाट मातहत बिषयगत शाखा, वडा समिति मा मार्गदर्शन र बजेट पूर्वानुमान पठाउने गरेको छैन।

| | | | |
|---|---|---|---|
| ३४. | बजेट तथा कार्यक्रम तर्जुमाका लागि बिषय क्षेत्रगत समितिहरु गठन गरी परिचालन भए नभएको ?<br>(दुई वा दुई भन्दा बढी भएमा सोही अनुसार चिन्ह लगाउने) | १. बिषयक्षेत्रगत योजना तर्जुमा समिति गठन भएको। ☑<br>२. समितिहरुले बिषयक्षेत्रगत योजनाको मस्यौदा तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा प्रस्तुत गर्ने गरेको। ☑<br>३. समितिहरुले बिषयक्षेत्रगत योजनाको तर्जुमा सम्बन्धी छलफलमा सहभागी हुने गरेको। ☑<br>४. समिति नै गठन नभएको। ☐ | समितिहरु गठनको निर्णय।<br>समितिहरुको बैठक र निर्णय पुस्तिका |

व्याख्याः

- मिति २०७९।२।२३ को कार्यपालिकाको बैठकको निर्णय अनुसार निम्न लिखित समितिहरु गठन गरिएको छ । उक्त समितिमा निम्नलिखित पदाधिकारीहरु रहेको।

१ आर्थिक विकास समिति

- पदाधिकारीहरुः
    - श्री कुलेन्द्र बहादुर मगर संयोजक
    - श्री सिता दमाई सदस्य
    - श्री ज्ञानेन्द्र बहादुर तामाङ सदस्य

२. सामाजिक विकास समिति

- पदाधिकारीहरुः
    - श्री टेक बहादुर रजन मगर संयोजक
    - श्री नारायण सिंह तामाङ सदस्य
    - श्री सावित्रा थापा सदस्य

३. पूर्वाधार विकास समिति

- पदाधिकारीहरुः
    - श्री शंकर बहादुर भण्डारी संयोजक
    - श्री याम बहादुर सुनुवार सदस्य
    - श्री तिलमाया श्रेष्ठ सदस्य

<table>
<tr><td colspan="4">४. वन तथा वातावरण र विपद व्यवस्थापन समिति<br>▪ पदाधिकारीहरुः<br>○ श्री लिल बहादुर सुनुवार संयोजक<br>○ श्री मोहन बहादुर मगर सदस्य<br>○ श्री जगत कुमारी विक सदस्य<br>५. सेवा परामर्श तथा क्षमता विकास समिति<br>▪ पदाधिकारीहरुः<br>○ श्री बैकुण्ठ लाल पहाडी संयोजक<br>○ श्री आई बहादुर राई सदस्य<br>○ श्री राजन लुङ्गेली सदस्य<br>▪ समितिहरुको निर्णयपुस्तिकाहरु उपलब्ध नभएको ।</td></tr>
<tr><td>३५.</td><td>टोल/वस्ती तहमा भेला गरी योजना कार्यक्रम बारे छलफल हुने गरेको छ छैन ?</td><td>१. टोल/वस्ती तहमा भेला गरी योजना कार्यक्रम बारे छलफल हुने गरेको छ । [✓]<br>२. टोल/वस्ती तहमा भेला गरी योजना कार्यक्रम बारे छलफल हुने गरेको छैन । [ ]</td><td>कुनै एक टोल /वस्ती भेलाको माइन्यूट ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ टोल/वस्ती तहमा भेला गरी योजना कार्यक्रम संकलन गरेको छ ।</td></tr>
<tr><td>३६.</td><td>वडा स्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण जेठ १५ गते भित्र गर्ने गरिएको छ छैन?<br>स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (नमूना) को (दफा ५.५ र ५.५.६)</td><td>१. छ । [ ]<br>२. उक्त समयको पालना हुन सकेको छैन । [✓]<br>३. वडा तहमा छलफल र प्राथमिकता हुने गरेको छैन । [ ]</td><td>कुनै एक वडा भेलाको माइन्यूट ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ वडा समितिले पनि बस्तीबाट वडामा आएका योजनाहरुको प्राथमिकीरण स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा भएको सूचकहरु अनुसार नगरी आ–आफ्नो हिसावले योजनाहरु छनौट गरी गाउँपालिकामा पठाउने गर्ने गरेको देखियो ।</td></tr>
<tr><td>३७</td><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिमा नीति तथा कार्यक्रम (बजेट मन्तव्य) मस्यौदामा छलफल गरी कार्यपालिकामा समयभित्रै प्रस्ताव गर्ने गरिएको छ छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ६७.२)</td><td>१. मस्यौदामा छलफल गरी कार्यपालिकामा समय भित्रै प्रस्तुत गर्ने गरिएको छ । [✓]<br>२. छलफल गर्ने गरिएको तर समय भित्र प्रस्तुत गरिएको छैन । [ ]<br>३. मस्यौदामा छलफल र समय भित्र प्रस्तुत दुबै गरिएको छैन । [ ]</td><td>निर्णय, मस्यौदा</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ बजेट तथा कार्यक्रम तर्जुमा समितिमा नीति तथा कार्यक्रम मस्यौदामा छलफल गरी कार्यपालिकामा समयभित्रै प्रस्ताव गर्ने गरेको भनी उल्लेख गरेतापनि बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय पुस्तिका उपलब्ध नभएको ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ३८. | दिगो विकास लक्ष्यहरुको स्थानीयकरण गरिएको छ छैन ? (स्थाससऐन २०७४ को दफा २४ अनुसार) | १. दिगो विकास लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार नभएको [✓]<br>२. दिगो विकास लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार भइ वार्षिक योजनामा समावेशा भएको [ ] | |
| व्याख्याः<br>▪ दिगो विकास लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार भएको छैन। | | | |
| ३९. | कार्यपालिकामा कार्यक्रम र बजेट, प्राथमिकता, बजेट मन्तव्य, प्राथमिकता प्राप्त योजना र क्षेत्रगत प्राथमिकता, आवधिक योजना र दीगो विकासका लक्ष समेत र लैससास (लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण), वातावरण, बालमैत्री, मौलिक हकको कार्यान्वयन पक्ष आदिलाई समेत छलफल गर्ने गरिएको छ छैन?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा २४.३ ) | ३. व्यापक रूपमा छलफल गर्ने गरिएको छ [ ]<br>४. सामान्य छलफल हुने गरेको छ [✓]<br>५. छलफल हुने गरेको छैन [ ]<br>६. उल्लिखित मध्ये ............ मा छलफल गर्ने गरिएको [ ]<br>७. अन्य केहि भए उल्लेख गर्ने [ ] | कार्यपालिका सदस्यबाट जानकारी लिन।<br>बार्षिक योजना पुस्तिका। |
| व्याख्याः<br>▪ कार्यपालिका बैठकमा कार्यक्रम र बजेट, प्राथमिकता, बजेट मन्तव्य, प्राथमिकता प्राप्त योजना र क्षेत्रगत प्राथमिकता र दीगो विकासका लक्ष समेत र लैससास (लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण), वातावरण, बालमैत्री, मौलिक हकको कार्यान्वयन पक्षमा सामान्य छलफल गरेको पाइयो। | | | |
| ४०. | बजेट विनियोजनमा अबण्डा रकम राख्ने गरिएको छ छैन? | १. अबण्डा राख्ने गरिएको छैन [ ]<br>२. आंशिक अबण्डा राख्ने गरिएको [✓]<br>३. प्राय सबै अबण्डा राखी प्रस्तुत गर्ने गरिएको [ ] | बार्षिक योजना पुस्तिका। |
| व्याख्याः<br>▪ बजेट विनियोजनमा केहि बजेट विनियोजनमा अबण्डा रकम अध्यक्ष कोषको नाममा राख्ने गरिएको छ। पछि अध्यक्ष र कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्ने गरेको पाइयो। | | | |
| ४१. | मध्यमकालीन खर्च संरचना बमोजिम बहु बर्षीय योजना बैंक बनाई प्राथमिकता क्रम निर्धारण गरिएको छ छैन?<br>स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (नमूना) को (अनुसूची ७) | १. बहु बर्षीय योजना बैंक छ [ ]<br>२. बहु बर्षीय योजना बैंक छ तर प्राथमिकताक्रम छैन [ ]<br>३. बहु बर्षीय योजना बैंक बनाई प्राथमिकता क्रम निर्धारण गरिएको छैन [✓] | योजना बैक अभिलेख पुस्तिका |
| व्याख्याः<br>▪ मध्यमकालीन खर्च संरचना तयार भएको भएतापनि र आयोजना बैंक पनि तयार नभएको हुनाले बहु बर्षीय योजनाहरु सोको आधारमा निर्धारण गरिएको छैन। | | | |

४.

<table>
<tr><td>४२.</td><td>भौतिक पूर्वाधार क्षेत्र अन्तर्गतका बहु बर्षीय योजनाको संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरेर कार्यक्रम संचालन गर्ने गरिएको छ छैन ?</td><td>१. संभाव्यता अध्ययन ✓<br>२. विस्तृत परियोजना प्रतिवेदन तयार गरेर ✓<br>३. माथिका १ र २ तयार गर्ने नगरिएको ☐<br>४. अन्य तरिकाबाट ☐</td><td>नमूनाको रुपमा दुईवटा फाईल भिडान गर्ने ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ आ.व. २०७८।७९ का भौतिक पूर्वाधार क्षेत्र अन्तर्गतका बहु बर्षीय योजनाको संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यक्रम संचालन गर्ने गरिएको छ । जस्तैः DPR of Phikkal Homestay Proramme । गाउँपालिकाले अन्य ११ वटा योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ ।<br>■ DPR of Bhadaure – Dhodeni gothdada Road<br>■ DPR of Tinkhande Stadium at Phikkal Rural Municipality at Phikkl -06<br>■ DPR of Nagdaha Conservation Phikkal-01<br>■ DPR of Gumba Phikkal -06<br>■ Master Plan of Phikkal Mahankali Devi, Phikkal -03<br>■ Nagthan – Devidanda Bhanjyan – Bhaedikhor<br>■ Sedari Khola Muhan Bhotegave Sichai Irrigation<br>■ DPR of Multipurpose cover hall, Phikkal Rural Municipality – 05<br>■ DPR of Damar Cold Storage Phikkal -01<br>■ DPR of Majha Kharka Baudha Gumba, Phikkal -01<br>■ DPR of Khangsang Multipurpose Phikkal - 04</td></tr>
<tr><td>४३.</td><td>ल. ई. मा ज्यालाबाट गर्ने र वास्तविक काम गर्दा डोजरको प्रयोग गर्ने गरिएको छ कि ल.ई. बमोजिम नै हुने गरेको छ ?</td><td>१. ल.ई. बमोजिम नै गर्ने गरिएको ✓<br>२. ल.ई. मा ज्याला भए पनि डोजरको प्रयोग गर्ने गरिएको ☐</td><td>नमूनाको रुपमा दुईवटा फाईल भिडान गर्ने ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ ल. ई. मा ज्यालाबाट गर्ने र वास्तविक काम गर्दा डोजरको प्रयोग गर्ने गरिएको छैन । तर डोजर (मेशिन) प्रयोग गर्ने गरी ल. ई. तयार गर्ने गरेको ।</td></tr>
<tr><td>४४.</td><td>उपभोक्ता समितिको गठन लाभान्वित समूहको आम भेलाबाट हुने गरेको छ कि पालिकाबाट नै हुने गरेको छ ?</td><td>१. वडा वा पालिकाबाट नै हुने गरेको ☐<br>२. आम भेलाबाट हुने गरेको ✓<br>३. गाउँपालिकाका पदाधिकारीहरुले तोक्ने गरेको ☐<br>४. निर्वाचित प्रतिनिधि, शिक्षक वा सरोकार समूहका सदस्य राखेर ☐</td><td>कुनै दुइवटा उपभोक्ता समिति गठनको माइन्यूट</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ उपभोक्ता समितिको गठन लाभान्वित समूहको आम भेलाबाट हुने गरेको छ ।</td></tr>
<tr><td>४५.</td><td>विपद व्यवस्थापनको पूर्व तयारी, कोष स्थापना र समिति गठन गरिएको छ छैन?</td><td>१. गठन गरिएको छ ✓<br>२. आंशिक रुपमा गठन गरिएको ☐</td><td>कार्यपालिकाको निर्णय</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | ३. समिति मात्र गठन भएको ☐ | |
| व्याख्याः<br>▪ विपद व्यवस्थापनको पूर्व तयारी, कोष स्थापना र समिति गठन गरिएको छ। २०७७।७८ मा रु १५ लाख विपद व्यवस्थापनका लागि बजेट विनियोजन गरेको थियो। | | | |
| ४६. | गाउँ/नगर यातायात गुरू योजना Municipal Transportation Master Plan (MTMP) बनेको छ छैन ? | १. गुरु योजना बनेको छ ☐<br>२. गुरु योजना तयार गर्ने चरणमा छ ☐<br>३. गुरु योजना बनेको छैन ☑ | योजनाको<br>दस्तावेज |
| व्याख्याः<br>▪ गाउँ यातायात गुरू योजना Municipal Transportation Master Plan (MTMP) बनेको छैन। | | | |
| ४७. | भौतिक पूर्वाधार क्षेत्र अन्तर्गतका आयोजना टुक्रयाएर ल.ई. तयार गरी संचालन गर्ने गरिएको छ कि छैन ? | १. आयोजना टुक्राएर ल.ई. तयार गरी संचालन गरेको छ ☐<br>२. आयोजना टुक्राएर ल.ई. तयार गरी संचालन गरेको छैन ☑ | नमूनाको रुपमा दुईवटा फाईल भिडान गर्ने। |
| व्याख्याः<br>▪ भौतिक पूर्वाधार क्षेत्र अन्तर्गतका आयोजना टुक्रयाएर ल. ई. तयार गरी संचालन गर्ने गरिएको छैन । | | | |
| ४८. | संघीय /प्रदेश सरकारसँग विशेष तथा सम्पूरक अनुदान माग गरिएको छ छैन। यदि छ भने विगत वर्षमा कति रकम बराबरका कति योजना कुन तहबाट प्राप्त भए? | १. विशेष तथा सम्पूरक अनुदान माग गरिएको छ ☑<br>२. माग गरेको तर प्राप्त भएको छैन ☐<br>३. विशेष तथा सम्पूरक अनुदान माग गरिएको छैन ☐ | माग गरिएको पत्र । |
| व्याख्याः<br>▪ गाउँपालिकाले पनि २०७७।७८ मा समपुरकमा लागि रु. ३ करोड रकम छुट्टयाएको छ।<br>▪ २०७८।७९ मा ३ करोड ५० लाख रकम छुट्टयाएको छ। | | | |
| ४९. | गत आर्थिक वर्षमा स्वीकृत योजना/कार्यक्रम र बजेट खर्चको औषत कार्यान्वयनको स्थिति के छ ? | १. लक्षको ८०% वा सो भन्दा माथी ☑<br>२. ६०% भन्दा माथी ☐<br>३. ४०-६०% भित्र ☐<br>४. ४० % भन्दा तल ☐ | वार्षिक प्रगति प्रतिवेदन |
| व्याख्याः<br>▪ आ.व. २०७७।०७८ को रु. ११७,९४९,३५४ को पूँजीगत वजेटमा रु. खर्चभएको (     प्रतिशत)<br>▪ आ.व. २०७८।७९ को पूँजीगत बजेट रु. मध्ये  खर्च भएको (     प्रतिशत) | | | |
| ५०. | संघ र प्रदेश सरकारबाट हस्तान्तरित गत विगत वर्षका अधुरा योजनाको कार्यान्वयनको स्थिति के छ? हस्तान्तरित योजना सम्पन्न गर्न पर्याप्त बजेट प्राप्त भयो वा भएन ?<br><br>स्थानीय सरकार सञ्चालन ऐन (दफा १०४) | १. बजेट सहित योजना प्राप्त भएको छ। ☑<br>२. योजनाको सूचीमात्र प्राप्त भई स्थानीय तहको बजेटबाट संचालन गरिएको छ। ☐ | छलफल र योजना हस्तान्तरणको विवरण |

| | | | |
|---|---|---|---|
| | | ३. न्यून बजेट (लागतको ५० प्रतिशत भन्दा कम) प्राप्त भएकाले कठिनाई भइरहेको। ☐<br>४. बिना बजेट योजनाको सूचीमात्र प्राप्त भएकोले कार्यान्वयन नगरिएको। ☐ | |
| व्याख्याः<br>■ संघ र प्रदेश सरकारबाट योजनाहरु हस्तान्तरण भइ आएको जानकारी गराइतापनि सो सम्वन्धी दस्तावेज उपलब्ध नभएको। | | | |
| ५१. | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा स्थानीय तहसँग समन्वय हुने गरेको छ कि छैन ? (निर्वाचन क्षेत्र विकास कार्यक्रमसँग सम्बन्धित)<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ (नियम ३) | १. योजना छनौट गर्दा समन्वय हुने गरेको छ। ☑<br>२. निर्णयमा सहभागिता छ। ☐<br>३. योजना छनौट, कार्यान्वयनमा समन्वय हुने गरेको छैन। ☐ | पदाधिकारीहरुसँग छलफल। |
| व्याख्याः<br>■ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा सामान्य समन्वय गरी गर्ने गरेको छ। तर उक्त कार्यक्रमको योजनाहरु गाउँपालिकाको आवधिक योजन तथा मध्यमकालीन खर्च संरचना भित्रबाट लिने गरेको छैन। | | | |
| ५२. | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम स्थानीय तहको आवधिक योजना वा मध्यमकालीन खर्च संरचना वा वार्षिक योजनाको प्राथमिकता भित्रबाट समावेश हुने गरेको छ छैन ?<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्य विधि) नियमावली, २०७७ (नियम ८.३.क) | १. स्थानीय तहको आवधिक योजनाबाट सम्बोधन हुने गरेको छ। ☐<br>२. बार्षिक योजना को प्राथमिकता भित्रबाट सम्बोधन हुने गरेको छ। ☐<br>३. आवधिक तथा वार्षिक योजना को प्राथमिकता भित्रबाट सम्बोधन हुने गरेको छैन। ☑ | छनोट भएका योजनाको विवरण |
| व्याख्याः<br>■ उक्त कार्यक्रमको योजनाहरु गाउँपालिकाको आवधिक योजन तथा मध्यमकालीन खर्च संरचना वा वार्षिक योजनाको प्राथमिकता भित्रबाट लिने गरेको छैन। | | | |
| ५३. | गाउँ/नगर कार्यपालिका वा व्यवस्थापनले आयोजनाको कार्यान्वयन विधि/कार्ययोजना (अमानत, ठेक्कापट्टा, उपभोक्ता समिति, करारमा/ साझेदारीमा गैसस वा नागरिक समाज आदि) स्वीकृत गर्ने गरेको छ छैन ? | १. छ ☑<br>२. छैन ☐ | कार्यान्वयन विधि सम्बन्धी कागजात |
| व्याख्याः<br>■ नेपाल सरकारको सार्वजनिक खरिद ऐन र नियमावलीका आधारमा अमानत, उपभोक्ता समिति, ठेक्काबाट योजना कार्यान्वयन गर्ने गरेको पाइयो। | | | |
| ५४. | योजना कार्यान्वयन तरिका (गत आ. व. २०७७।७८ र ०७८।७९) | १. उपभोक्ता समितिबाट कार्यान्वयन हुने संख्या ☑<br>२. ठेक्काबाट कार्यान्वयन हुने योजना संख्या ☑ | सम्बन्धित कागजात वा |

| | | | |
|---|---|---|---|
| | | ३. अमानतबाट कार्यान्वयन हुने योजना संख्या ☐<br>४. गैसस बाट कार्यान्वयन हुने योजना संख्या ☐<br>५. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने योजना संख्या ☐ | स्वीकृत कार्यान्वयन कार्ययोजनाको प्रति |

व्याख्याः

- २०७८।७९ मा जम्मा २२२ वटा आयोजनाहरू सम्पन्न भएका छन ।
- २०७७।७८ को तथ्याङ्क उपलब्ध भएन ।

| | | | |
|---|---|---|---|
| ५५. | विगत दुई आर्थिक वर्षमा कार्यान्वयन आयोजनाको अवस्था (गत आ. व. ०७७।७८ र ०७८।७९) | (see table below) | सम्पन्न आयोजनाहरुको विवरण |

| आ.ब. | सम्पन्न आयोजना संख्या | अधुरा आयोजना संख्या | सभाबाट स्वीकृत भएका तर शुरू नै हुन नसकेका |
|---|---|---|---|
| ०७७/७८ | | | |
| ०७८/७९ | २२२ | ८ | ४ |

व्याख्याः

- २०७८।७९ मा जम्मा २३४ आयोजना स्वीकृत भएकोमा जम्मा सम्झौता २३० वटा संग भएको थियो ४ वटाको सम्झौता हुन सकेन । सो मध्ये २२२ वटाको मात्र भुक्तानी भएको छ। ६ वटा योजनाको सम्झौता भई भुक्तनी नभएको र २ वटाकव रनिङ विल भुक्तानी भएको र अन्तिम विल भुक्तानी नभएको ।
- २०७७।७८ को तथ्याङ्क उपलब्ध भएन ।

| | | | |
|---|---|---|---|
| ५६. | अनुगमन समिति गठन भई अनुगमनको बजेट समेत छुट्ट्याई क्रियाशील रहेको छ छैन ? | १. गठन भएको र क्रियाशील समेत रहेको छ । ☑<br>२. गठन भएको तर क्रियाशील नरहेको । ☐<br>३. अनुगमन समिति गठन नभएको र अनुगमनको बजेट समेत छुट्ट्याएको छैन । ☐ | अनुगमन समिति गठनको माइन्यूट |

व्याख्याः

- अनुगमन समिति गठन भई क्रियाशील रहेको ।
- अनुगमन प्रतिवेदन विना अन्तिम भुक्तानी दिने नगरेको ।
- योजना अनुगमनका लागि गाउँपालिकाले अनुगमन प्रतिवेदन ढाँचा तयार गरेको र सोही अनुसार अनुगमन गर्ने गरेको छ ।

| | | | |
|---|---|---|---|
| ५७. | विषय शाखागत, योजनागत वा कार्यक्रमगत सूचक तयार भई तदनुसार एकल/ संयुक्त अनुगमन हुने गरेको छ छैन ? | १. सूचक अनुसार एकल/ संयुक्त अनुगमन हुने गरेको छ । ☑<br>२. सूचक अनुसार एकल अनुगमन हुने गरेको छ । ☐<br>३. सूचक विना अनुगमन हुने गरेको छ । ☐<br>४. सुपरिवेक्षण मात्र हुने गरेको । ☐ | सूचक विवरण र अनुगमन प्रतिवेदन |

व्याख्याः

- अनुगमन तथा सुपरीवेक्षण संचालन कार्यविधि २०७७ अनुसार नभएपनि योजना अनुगमनका लागि गाउँपालिकाले अनुगमन प्रतिवेदन ढाँचा तयार गरेको र सोही अनुसार अनुगमन समितिका पदाधिकारीहरुको संयुक्त अनुगमन हुने गरेको छ ।

| | | | |
|---|---|---|---|
| ५८. | अनुगमन प्रतिवेदन अनुगमन समितिमा नियमित प्राप्त हुने गरेको छ छैन? | १. सूचक बमोजिम प्राप्त हुने गरेको छ। [✓]<br>२. समितिमा प्राप्त प्रतिवेदन उपर छलफल भई कार्यपालिकामा नियमित रुपमा पेश भई निर्देशन कार्यान्वयन गर्ने गरेको। [ ]<br>३. प्रतिवेदन पेश हुने गरेको छैन। [ ] | अनुगमन प्रतिवेदन |

व्याख्याः

- अनुगमन प्रतिवेदन ढाँचा अनुसार अनुगमन प्रतिवेदन अनुगमन समितिमा प्राप्त हुने गरेको छ।
- अनुगमन समितिमा प्राप्त प्रतिवेदन उपर छलफल गर्ने भनिएतापनि अभिलेख उपलब्ध नभएको।
- योजना अनुगमन हुने गरेको तर त्यसको प्रतिवेदन भुक्तानीका लागि लेखामा दिने गरेको
- वडाको योजना अनुगमन प्रतिवेदन भुक्तानीका लागि सिधै लेखा शाखामा पेश हुने गरेको।

| | | | |
|---|---|---|---|
| ५९. | गत दुई आ.व. (०७७/७८ र ०७८/७९) मा के कति आयोजनाहरूको अनुगमन भयो? | **आ.व. २०७७/७८**<br>१. जम्मा आयोजनाको संख्या [ ]<br>२. अनुगमन भएका आयोजनाको संख्या [ ]<br>**आ.व. २०७८/७९**<br>१. जम्मा आयोजनाको संख्या [२३०]<br>२. अनुगमन भएका आयोजनाको संख्या [२२२] | जम्मा आयोजनाको संख्याका आधारमा प्रतिशत समेत खुलाउने। |

व्याख्याः

- २०७८।७९ मा २२२ वटा योजना अनुगमन गरेको पाइयो। अनुगमन प्रतिवेदन विना भुक्तानी नहुने भएकोले अनुगमन गरेको उल्लेख गरेको। बाँकी ८ वटा योजनाहरुको विविध कारणले समयमै अनुगमन तथा भुक्तानी हुन सकेन।
- २०७७।७८ को तथ्याङ्क उपलब्ध भएन।

| | | | |
|---|---|---|---|
| ६०. | विषयगत शाखा, कार्यालय वा गैससबाट तोकिएको समयमा भौतिक वा आर्थिक प्रतिवेदन प्राप्त हुने गरेको छ छैन ? (मासिक, चौमासिक र वार्षिक) | १. छ। [ ]<br>२. आंशिक रुपमा प्राप्त हुने गरेको। [✓]<br>३. एकैपटक समीक्षा बैठकमा पेश गर्ने र अभिलेख राखिने गरेको छैन। [ ] | अभिलेख |

व्याख्याः

- विषयगत शाखा, कार्यालय वा गैससबाट तोकिएको समयमा पुरा भौतिक वा आर्थिक प्रतिवेदन प्राप्त हुने गरेको छैन।

| | | | |
|---|---|---|---|
| ६१. | समयमा प्रतिवेदन नपठाउने मातहतका निकाय/शाखालाई कुनै कार्वाही गर्ने गरिएको छ छैन? | १. छ [ ]<br>२. छैन [✓] | कार्वाहीको पत्र |

व्याख्याः

- कुनै कारवाही गर्ने नगरेको। मौखिक रुपमा ताकेता गराउने गरेको।

| | | | |
|---|---|---|---|
| ६२. | प्राथमिकता प्राप्त योजनाको समस्या समाधानको लागि समीक्षा बैठक बस्ने गरेको छ छैन? | १. छ, समस्या समाधान हुने गरेको छ ✓<br>२. त्रैमासिक समीक्षामा नै प्रस्तुत हुने गरेको छ ☐<br>३. बैठक बस्ने गरेको छैन ☐ | माइन्यूट |
| व्याख्याः<br>■ समीक्षा वैठक वस्ने नगरेको तर कार्यलय प्रमुख र कर्मचारीहरु अनौपचारिक छलफल गरी समस्या समाधानको प्रयास गरिने र समाधान नभएमा कार्यपालिकाका पदाधिकारीसँग छलफल गर्ने गरेको । | | | |
| ६३. | सबै सरोकारवालाको उपस्थितिमा त्रैमासिक समीक्षा नियमित रुपमा हुने गरेको छ छैन? | १. नियमित हुने गरेको र देखापरेका समस्या समाधान समेत हुने गरेको छ । ✓<br>२. नियमित छैन ।<br>३. वार्षिक समीक्षा मात्र हुने गरेको छ । ☐ ☐ | माइन्यूट |
| व्याख्याः<br>■ त्रैमासिक समीक्षा वैठक वस्ने गरेको छ । आवश्यकता अनुसार छलफल गरी समस्या समाधानको प्रयास गरिने गर्ने गरेको छ । | | | |
| ६४. | संघीय सरकार, प्रदेश सरकार र जिससमा प्रगति प्रतिवेदन पठाउने गरिएको छ छैन? | १. मासिक प्रगति प्रतिवेदन पठाउने गरेको ☐<br>२. त्रैमासिक प्रगति प्रतिवेदन पठाउने गरेको ✓<br>३. प्रगति प्रतिवेदन पठाउने नगरिएको ☐ | पत्रको कार्यालय प्रति |
| व्याख्याः<br>■ संघीय सरकार, प्रदेश सरकारलाइ आवश्यकता अनुसारको कार्यक्रमको मात्र वार्षिक प्रगति प्रतिवेदन पठाउने गरेको । | | | |
| ६५. | संघ र प्रदेश सरकारलाई मासिक, त्रैमासिक र वार्षिक आर्थिक प्रतिवेदनहरु पठाउने गरिएको छ छैन? | १. संघमा प्रतिवेदन पठाउने गरेको ✓<br>२. प्रदेशमा प्रतिवेदन पठाउने गरेको ✓<br>३. प्रतिवेदन पठाउने नगरिएको ☐ | पत्रको कार्यालय प्रति |
| व्याख्याः<br>■ वार्षिक रुपमा संघको कोलेनिकामा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने गरेको भनिएको पाइयो। | | | |
| **ग. आर्थिक अनुशासन तथा वित्तीय जोखिम व्यबस्थापन** | | | |
| ६६. | आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कहिले सम्म सभामा पेश गरेको छ ? **(स्थानीय सरकार संचालन ऐन, दफा ७१)** | १. असार दश गतेभित्र । ✓<br>२. असार मसान्तभित्र । ☐<br>३. असार मसान्तपछि । ☐<br>४. पेश नै नभएको । ☐ | बजेट पेश गरेको माईन्युट निर्णय |
| व्याख्याः<br>आव २०७७।७८ मा<br>■ २०७८।०३।०९ मा धन बहादुर कार्कीको अध्यक्षतामा नवौं गाउँसभामा पेश गरेको । | | | |

<table>
<tr><td colspan="4">आव २०७८।७९ मा<br>■ २०७९।०३।१०मा पार्वती सुनुवारको अध्यक्षतामा एघारौं पेश गरेको।</td></tr>
<tr><td>६७.</td><td>आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को छलफल सभामा कति दिनसम्म भएको छ ?</td><td>१. सभामा एक दिन छलफल भएको। [ ]<br>२. सभामा तीन दिन छलफल भएको। [ ]<br>३. सभामा एकहप्ता भन्दा बढी छलफल भएको। [ ]<br>४. सभामा दुईहप्ता भन्दा बढी छलफल भएको। [✓]</td><td>सभाको माईन्युट</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ मिति २०७८।३।२५ मा गाउँसभाबाट निर्णय अनुसार आर्थिक वर्षको राजश्व र व्यय (बजेट) पारित भएको।</td></tr>
<tr><td>६८.</td><td>आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान सभाले कहिले स्वीकृत गरेको छ ?<br>(स्थानीय सरकार संचालन ऐन, दफा ७१.७)</td><td>१. असार दश गते भित्र। [ ]<br>२. असार २५ भित्र। [ ]<br>३. असार मसान्तभित्र। [✓]<br>४. असार मसान्तपछि। [ ]<br>५. स्वीकृत नभएको । [ ]</td><td>बजेट पास गरेको माईन्यूट निर्णय</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान सभाले ऐनमा तोकिएकै समयसीमाभित्र स्वीकृत गरेको।</td></tr>
<tr><td>६९.</td><td>सम्बन्धित स्थानीय तहको राजश्व र व्यय (बजेट) को अनुमान साथ कुन कुन विधेयक स्वीकृत भएको छ ? (स्थानीय सरकार संचालन ऐन, दफा ७१)</td><td>१. आर्थिक विधेयक [✓]<br>२. विनियोजन विधेयक [✓]<br>३. पेश्की विधेयक [ ]<br>४. .... [ ]<br>५. .... [ ]</td><td>बजेट पास गरेको माईन्यूट निर्णय</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>■ राजश्व र व्यय (बजेट) को अनुमान साथ आर्थिक विधेयक र नियोजन विधेयक स्वीकृत भएको।</td></tr>
<tr><td>७०.</td><td>लेखा प्रणालीमा प्रविधि (IT) को प्रयोग कसरी गरिएको छ ?<br>(स्थानीय सरकार संचालन ऐन, दफा ७२)</td><td>१. म्यानुअल्ली गर्ने गरिएको छ। [ ]<br>२. SuTRA (Sub-National Treasury Regulatory Application ) प्रणाली लागू गरेको छ। [✓]<br>३. आंशिक रूपमा SuTRA प्रयोगमा रहेको। [ ]</td><td>अवलोकन र प्रतिवेदन हेर्ने।</td></tr>
<tr><td colspan="4">व्याख्याः लेखा शाखामा रहेको अभिलेख र कम्प्युटरमा इन्सटल गरिएको सफ्टवेयर अवलोकन गर्दा लेखा प्रणालीमा प्रविधि (IT) को प्रयोगका रुपमा SuTRA (Sub-National Treasury Regulatory Application ) प्रणाली लागू गरेको।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ७१. | स्थानीय तहमा हुने गरेका सार्वजनिक खरिदसम्बन्धी कार्यको लागि कुन खरिद ऐन नियमावलीको प्रयोग भएको छ ?<br>(सार्वजनिक खरिद ऐन दफा ६, स्थानीय सरकार संचालन ऐन दफा८४ उपदफा २ को ट) | १. संघीय खरिद ऐन नियम ☑<br>२. स्थानीय खरिद नियमावली ☐<br>३. कार्यपालिकाको निर्णयबाट ☐<br>४. प्रमुख वा अध्यक्षको निर्णयबाट ☐ | खरिद कार्यको लागि गरेको निर्णयहरु हेर्ने । |

व्याख्याः

- सार्वजनिक खरिदसम्बन्धी कार्यको लागि संघीय खरिद ऐन नियम प्रयोग गरेको । स्थानीय सरकार संचालन ऐन दफा ७४ (२) अनुसार सार्वजनिक खर्च नियमावली बनाउन सक्ने व्यवस्थाको उपयोग नगरेको । खरिदका निर्णय फाइलहरु नभेटिएको ।

| | | | |
|---|---|---|---|
| ७२. | प्रचलित कानून अनुसार खरिद गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ छैन ?<br>(सार्वजनिक खरिद ऐन दफा ६, स्थानीय सरकार संचालन ऐन दफा ८४ उपदफा २ को ट) | १. खरिद गुरु योजना तयार गरेको छ । ☐<br>२. खरिद गुरू योजना तयार गरेको तर कार्यान्वयन नगरेको । ☐<br>३. खरिद गुरू योजना तयार नगरेको । ☑ | खरिद गुरुयोजना । |

व्याख्याः

- प्रचलित कानून अनुसार खरिद गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याएको छैन ।

| | | | |
|---|---|---|---|
| ७३. | प्रचलित कानून अनुसार वार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ छैन ?<br>(सार्वजनिक खरिद ऐन दफा ६, स्थानीय सरकार संचालन ऐन दफा ८४ उपदफा २ को ट) | १. वार्षिक खरिद योजना तयार गरेको छ । ☐<br>२. वार्षिक खरिद योजना तयार गरेको तर कार्यान्वयन नगरेको । ☐<br>३. वार्षिक खरिद योजना तयार नगरेको । ☑ | खरिद योजना |

व्याख्याः

- प्रचलित कानून अनुसार खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याएको छैन ।

| | | | |
|---|---|---|---|
| ७४. | खरिद प्रक्रियामा ई-विडिङ प्रणाली अवलम्बन गरे नगरेको | १. गरेको ☐<br>२. आंशिक रुपमा गरेको ☑<br>३. नगरेको ☐ | फाईल कागजात |

व्याख्याः

- खरिद प्रक्रियामा ई-विडिङ प्रणाली आशिक रुपमा अवलम्बन गरेको । जस्तै आ व २०७७।०७८मा पोखरी लुम्ती चनौटे सडक र आ व २०७८।०७९मा दमार कोल्डस्टोर निर्माणमा ई-विडिङ प्रणाली अपनाएको ।

| | | | |
|---|---|---|---|
| ७५. | आय व्ययको वर्गीकरण तथा लेखाङ्कन कुन ढाँचामा राखिएको छ ?<br>(अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३२) | १. नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचामा राखिएको छ । ☑<br>२. साविक स्थानीय निकायको आय र व्ययको वर्गीकरणमा राखिएको छ । ☐<br>३. एक्रुअल प्रणालीको आधारमा राखिएको छ ☐ | अभिलेख |

व्याख्याः

<table>
<tr><td colspan="4">▪ आय व्ययको वर्गीकरण तथा लेखाङ्कन  नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचामा राखिएको ।</td></tr>
<tr><td>७६.</td><td>विकास आयोजना कार्यक्रमको मूल्याङ्कन गरे पश्चात् भुक्तानी कसरी गर्ने गरिएको छ ?</td><td>१. सम्बन्धित उ.स. वा व्यवसायीको कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी हुने गरेको ☐<br>२. सम्बन्धित प्राविधिक बाट मूल्याङ्कन गरीए पश्चात् ☐<br>३. प्राविधिकको मूल्याङ्कन पश्चात् अनुगमन समितिबाट अनुगमनका आधारमा ☐<br>४. प्राविधिक मूल्याङ्कन, अनुगमन र सार्वजनिक परीक्षण पश्चात् भुक्तानी गर्ने गरेको । ☑</td><td></td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ प्राविधिक मूल्याङ्कन, अनुगमन र सार्वजनिक परीक्षण पश्चात् मात्र विकास आयोजनाहरुको भुक्तानी गर्ने गरेको ।</td></tr>
<tr><td>७७.</td><td>समयमा आन्तरिक लेखा परीक्षण भएको छ कि छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ७७)</td><td>१. आलेप मासिक रूपमा हुने गरेको । ☐<br>२. आलेप त्रैमासिक रूपमा हुने गरेको । ☐<br>३. अर्ध वार्षिक रूपमा हुने गरेको । ☐<br>४. वार्षिक रूपमा हुने गरेको । ☑</td><td>ले.प. प्रतिवेदन</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ आन्तरिक लेखा परीक्षण वार्षिक रूपमा हुने गरेको । जबकी स्थानीय सरकार संचाल ऐन २०७४ दफा ७७ (२) अनुसार चौमासिक समाप्त भएको एक महिनाभित्र गर्नुपर्ने व्यवस्थालाई अवलम्वन नगरिएको । मिति २०७८।५।३१ मा कोलेनिकाबाट पेश गरिएको आव ०७७।०७८को आलेप प्रतिवेदन उपलब्ध भएको ।</td></tr>
<tr><td>७८.</td><td>समयमा अन्तिम लेखा परीक्षण भएको छ कि छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ७७)</td><td>१. विगत दुई आ.व. को मलेप सम्पन्न भएको ☐<br>२. एक वर्षको मात्र सम्पन्न भएको ☑<br>३. दुबै वर्षको सम्पन्न हुन बाँकी रहेको । ☐</td><td>ले.प. प्रतिवेदन</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ विगत दुई आ.व. मध्ये आव २०७७।७८ सम्मको मलेप सम्पन्न भएको छ । मलेपको कार्यालयले तोकेको समयमा तहाँबाट आएका टोलिबाट कार्यसम्पन्न भएको ।</td></tr>
<tr><td>७९.</td><td>साविक स्थानीय निकायबाट बेरूजुको लगत हस्तान्तरण भएको छ छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ७७)</td><td>१. प्राप्त भएको । ☐<br>२. आंशिक प्राप्त भएको । ☐<br>३. लगत हस्तान्तरण नभएको । ☐<br>४. लगत हस्तान्तरण भएपनि श्रेस्ता हन्तान्तण नभएको । ☑</td><td>बेरूजु अभिलेख</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ साविक स्थानीय निकायबाट बेरूजुको लगत हस्तान्तरण भएको तथ्य ले.प. प्रतिवेदन २०७४।७५ को दफा १२० मा अद्यावधिक बेरुजु स्थिति अनुसार रु १५१३००० साविकबाट हस्तान्तरण भएको देखिएको । तर अन्य कुनै श्रेस्ता नपाइएको ।</td></tr>
</table>

<table>
<tr><td>८०.</td><td>लेखापरीक्षणको बेरुजु अभिलेख राखेको छ, छैन ?</td><td>१. छ ☐<br>२. छैन ☑</td><td>अभिलेख ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ लेखापरीक्षणको बेरुजु अभिलेख राखेको छैन । मलेपको प्रतिवेदनमा हेरेर बेरुजु फछ्यौंट गर्ने गरेको ।</td></tr>
<tr><td>८१.</td><td>वित्तीय अनुशासन कायम गर्न आर्थिक अनुशासनको अवस्था कस्तो छ ?<br>(अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, परिच्छेद ८, दफा २५ देखि ३२)</td><td>१. कूल खर्चको ५% भन्दा बढी बेरुजु ☐<br>२. कूल खर्चको ३%-५% बेरुजु ☑<br>३. कूल खर्चको ३% भन्दा कम बेरुजु ☐</td><td>मलेप प्रतिवेदन र लेखा शाखाको अभिलेख ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ आ. व. २०७६।०७७ मा कुल खर्च ४८०२३६७७९ र बेरुजु रु ३३४९३००० ६।९छ प्रारम्भिक प्रतिवेदनमा प्रतिवेदनमा १०% प्रारम्भिक प्रतिवेदनमा संप गरेको रकम अन्तिम प्रतिवेदनमा नघटाएको अवस्था रहेको ।<br>▪ २०७७।०७८ कुल खर्च रु ४६६४९१७३१ र बेरुजु रु १५२८४००० हुँदा वेरुजु ३.२% रहेको ।</td></tr>
<tr><td>८२.</td><td>कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्ने गरेको छ, छैन ?</td><td>१. सीमा र शीर्षक बाहिर गई खर्च गरेको छैन । ☑<br>२. सीमा नाघेर खर्च गरेको छ । ☐<br>३. शीर्षक बाहिर गई खर्च गरेको छ । ☐</td><td>लेखा शाखाको अभिलेख ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ सीमा र शीर्षक बाहिर गई खर्च नगरेको ।</td></tr>
<tr><td>८३.</td><td>गत विगतको अन्तिम लेखापरीक्षणमा औल्याएका बेरूजु फछ्यौंटको अवस्था कस्तो रहेको छ?</td><td>१. शत् प्रतिशत फछ्यौंट भएको । ☐<br>२. ८१ देखि ९९ प्रतिशत फछ्यौंट भएको । ☐<br>३. ५० देखि ८० प्रतिशत फछ्यौंट भएको । ☐<br>४. २६ देखि ४९ प्रतिशत फछ्यौंट भएको । ☐<br>५. २५ प्रतिशत भन्दा कम फछ्यौंट भएको । ☑</td><td>बेरूजुको अभिलेख ।</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ आ. व. २०७६।०७७ मा कुल बेरुजु रु ३३४९३००० संप ११२८००० र फछौंट ३.४% रहेको ।<br>▪ आ. व. २०७७।०७८ कुल बेरुजु रु ४७६४९००० संप ४८९६००० र फछौंट १०.३% रहेको ।</td></tr>
<tr><td>८४.</td><td>गत विगतको बेरूजु के कसरी फछ्यौंट गर्ने गरिएको छ?</td><td>१. मलेपबाट सम्परीक्षण गराई फछ्यौंट गर्ने गरिएको ☑<br>२. मलेप प्रतिवेदन सभाको लेखा समितिमा छलफल गरी फछ्यौंट गर्ने गरिएको ☐</td><td>बेरुजु फछौंट र सम्परीक्षणको प्रमाणहरु हेर्ने</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | ३. मलेप प्रतिवेदन सभाको बैठकमा छलफल गरी फछ्यौंट गर्ने गरिएको ☐<br>४. बेरूजुका सम्बन्धमा कुनै कारवाही नगरिएको ☐ | |
| व्याख्याः<br>▪ बेरूजु मलेपबाट सम्परीक्षण गराई फछ्यौंट गर्ने गरेको तर यससम्वन्धमा नगर सभामा छलफल नभएको । | | | |
| ८५. | एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा सञ्चित कोषमा जम्मा गरेको छ, छैन ?<br>(स्थानीय सरकार सञ्चालन ऐन दफा ७५) | १. संघ, प्रदेशको तत् तत् तहको सञ्चित कोष र स्थानीयको स्थानीय सञ्चित कोषमा जम्मा गर्ने गरेको ☑<br>२. स्थानीय सञ्चित कोषमा मात्र जम्मा गर्ने गरेको<br>३. अन्य खातामा सार्ने गरीएको ☐ | बेरूजु दाखिला विवरण । |
| व्याख्याः<br>▪ प्रदेश लेखा इकाइ कार्यालय र कोलेनिकाको राजश्व शीर्षकमा१५११३ मा जम्मा गरेको । संघ, प्रदेशको तत् तत् तहको सञ्चित कोष र स्थानीयको स्थानीय सञ्चित कोषमा असार मसान्तभित्रै जम्मा गर्ने गरेको । | | | |
| ८६. | पेश्की फर्छौटको समयमा दाखिला हुने रकम र असुल उपर हुने रकम नगद दाखिला गर्दा सम्बन्धित कोषमा दाखिला गर्ने गरेको छ छैन ? | १. छ ☑<br>२. छैन ☐ | बेरूजु दाखिला भौचरको प्रतिलिपि नमूनाका लागि । |
| व्याख्याः<br>▪ पेश्की फर्छौटको समयमा दाखिला हुने रकम र असुल उपर हुने रकम नगद दाखिला गर्दा सम्बन्धित कोषमा दाखिला गर्ने गरेको छ । | | | |
| ८७. | प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका तथा नगरपालिकाको कोषबाट खर्च भएको रकमको त्रैमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश र्गरेको छ, छैन ?<br>(स्थानीय सरकार सञ्चालन ऐन, दफा ७६) | १. चौमासिक प्रगति तयार गरी त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र बैठकमा पेश गरेको छ ☐<br>२. चौमासिक प्रगति तयार गरेको तर त्यस्तो अवधि समाप्त भएपछि लगत्तै बसेको बैठकमा पेश गरेको । ☐<br>३. बैठकमा पेश गर्ने गरिएको छैन । ☑<br>४. चौमासिक प्रगति तोकिएको अवधि भित्र तयार गरेको छैन । ☐ | बैठकको एजेण्डा र निर्णय पुस्तिका । |
| व्याख्याः<br>▪ प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका तथा नगरपालिकाको कोषबाट खर्च भएको रकमको त्रैमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश र्गरेको प्रमाण नभएको । | | | |

| | | | |
|---|---|---|---|
| ८८. | गाउँपालिका, नगरपालिका तथा वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गरेको छ, छैन ?<br>(स्थानीय सरकार सञ्चालन ऐन, दफा ७६) | १. आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गरेको छ। ☐<br>२. आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेपछि सार्वजनिक गर्ने गरेको छ। ☑<br>३. आय र व्ययको विवरण सार्वजनिक गर्ने गरेको छैन। ☐ | वेभसाइट र सूचना पाटी |
| व्याख्याः<br>▪ आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेपछि सूचना पाटीमा सार्वजनिक गर्ने गरेको । | | | |
| ८९. | आयोजनाको निर्माण गुणस्तर सुनिश्चित गर्न के कस्तो प्रक्रिया अवलम्बन गरिएको छ ? ( एक भन्दा बढी भए चिन्ह लगाउने) | १. नियमित प्राविधिक अनुगमन। ☑<br>२. प्रयोगशालामा गुणस्तर परीक्षण। ☐<br>३. ठेक्का गर्दा नै निश्चित अवधिको मर्मत संभारको समेत जिम्मेवारी सहित। ☐<br>४. प्राविधिकले गुणस्तर प्रमाणीकरण सहित नापी किताव, कार्यसम्पन्न प्रतिवेदन प्रमाणीकरण गरेपछि। ☑<br>५. अन्य (केही भए खुलाउने) ☐ | फाइल कागजात |
| व्याख्याः<br>▪ आयोजनाको निर्माण गुणस्तर सुनिश्चित गर्न नियमित प्राविधिक अनुगमन प्रक्रिया अपनाइएको। | | | |
| ९०. | स्थानीय तहले प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको छ छैन ?<br>(स्थानीय सरकार सञ्चालन ऐन, दफा ७८) | १. आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको। ☐<br>२. आन्तरिक नियन्त्रण प्रणालीको कार्यविधि तयार भएको तर कार्यान्वयनमा आइनसकेको। ☐<br>३. आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन ☑<br>४. यस विषयमा कुनै जानकारी नै नभएको। ☐ | बार्षिक आर्थिक विवरण |
| व्याख्याः<br>▪ आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको। | | | |
| ९१. | स्वीकृत वार्षिक बजेटको अधिनमा रही कार्यपालिकाले रकमान्तरको व्यवस्था तोकिएको सीमा (कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चिस प्रतिशत नबढाई) र शीर्षक भित्र भए नभएको।<br>(स्थानीय सरकार सञ्चालन ऐन, दफा ७९) | ▪ विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर भएको। ☑<br>▪ विनियोजन ऐनको सीमा भन्दा बढी रकमान्तर गरेको। ☐<br>▪ कार्यक्रम परिवर्तन गरी शीर्षकान्तर गरिएको। ☑ | बार्षिक आर्थिक विवरण |

| | | | |
|---|---|---|---|
| व्याख्याः<br>▪ विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर भएको र कार्यक्रम परिवर्तन गरी शीर्षकान्तर गरिएको । | | | |
| ९२. | पूँजीगत शीर्षकबाट चालु खर्चमा रकमान्तर [✓] गरी खर्च गरेको छ छैन? | १. छ [ ]<br>२. छैन [✓] | रकमान्तर भएकोमा विवरण लिने । |
| व्याख्याः<br>▪ पूँजीगत शीर्षकबाट चालु खर्चमा रकमान्तर गरी खर्च नगरेको । | | | |
| ९३. | कार्यालयको आम्दानी सम्बन्धी आर्थिक कारोवार कसरी हुने गरेको छ?<br>(सार्वजनिक खरिद गर्ने दफा ......) | १. बुझाउनु पर्ने दैदस्तुर नगदमा बुझाई हस्तलिखित रसिद दिइने । [✓]<br>२. अनलाइन प्रणालीबाट रसिद प्रदान गरिने । [✓]<br>३. बैकिङ्ग प्रणालीबाट बुझाउन सकिने । [✓]<br>४. विद्युतीय प्रणालीबाट ई –स्थानान्तरण प्रक्रियाको अवलम्वन गरेको । [ ] | अवलोकन र प्रतिवेदन, रसिद । |
| व्याख्याः<br>▪ सेवा ग्राहीका सहजताका लागि तीनवटै तरिकाबाट आम्दानी बुझाउन सकिने व्यवस्था गरेको तर अनलाइन र बैंकिङ प्रणालीलाई अपनाउन व्यवस्था मिलाएको । | | | |
| ९४. | कर असूलीको प्रक्रिया के कस्तो निर्धारण गरिएको छ ? | १. करदाताले गापा वा नपामा नै बुझाउने गरेको [✓]<br>२. वडा कार्यालयमा बुझाउने व्यवस्था गरेको [✓]<br>३. घुम्ति टोली खडागरी असूली गर्ने गरेको [ ]<br>४. उद्योग बाणिज्य संघ तथा अन्य विषयगत संस्थाहरूसंगको साझेदारीमा असूल गर्ने गरेको । [ ] | अवलोकन |
| व्याख्याः<br>▪ करदाताले गाउँपालिका र वडामा आफ्नो सुविधानुसार कर बुझाउने व्यवस्था गरेको । | | | |
| ९५. | प्राकृतिक श्रोत साधनको कर वा बिक्रिको व्यवस्था के कसरी गर्ने गरेको छ? | १. IEE /EIA (Initial Environmental Examination/Environmental Impact Assessment) गरेर मात्र विज्ञापन गरी एक वर्षका लागि ठेक्का बन्दोबस्त गरी राजस्व असूल गर्ने गरेको । [✓] | ठेक्का पट्टाको अभिलेख दस्तावेज । |

| | | | |
|---|---|---|---|
| | | २. एक वर्षभन्दा बढीको ठेक्का पट्टा बन्दोवस्त गरी असूल गरेको । ☐<br>३. अमानतमा आफैले बिक्रि गरि असूल गर्ने गरेको । ☑<br>४. अन्य ☐ | |
| व्याख्याः<br>▪ प्राकृतिक श्रोत साधनको कर वा बिक्रिको व्यवस्था गर्दा IEE /EIA (Initial Environmental Examination/Environmental Impact Assessment) गरेर मात्र विज्ञापन गरी एक वर्षका लागि ठेक्का बन्दोबस्त गरेको तर ठेक्का पूर्व र पश्चातको अवधिमा भने अमानतमा आफैले बिक्रि गरेर राजश्व असूल गरेको पाइयो । | | | |
| ९६. | स्थानीय आयोजनाहरूको (ठेक्का पट्टा वा उपभोक्ता समितिबाट भए गरेका कार्यहरू) रनिङ्ग बिल वा अन्तिम बिलको भुक्तानी कसरी गर्ने गरिएको छ ?<br>(स्थानीय सरकार सञ्चालन ऐन, दफा ७४/ सार्वजनिक खरिद नियमावलीको नियम ९७) | १. प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट ☑<br>२. अध्यक्ष वा प्रमुखको निर्णयबाट ☐<br>३. रनिङ्ग बिल प्रमुख प्रशासकीय अधिकृतले र अन्तिम बिल प्रमुख वा अध्यक्षको स्वीकृतिमा प्रमुख प्रशासकीय अधिकृतले ☐<br>४. कुनै प्रणाली स्थापित नभएको । ☐ | भुक्तानी फाईल नमूनाका रूपमा हेर्ने । |
| व्याख्याः<br>▪ प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट स्थानीय आयोजनाहरूको (ठेक्का पट्टा वा उपभोक्ता समितिबाट भए गरेका कार्यहरू) रनिङ्ग बिल वा अन्तिम बिलको भुक्तानी गर्ने गरिएको । | | | |
| ९७. | कोषको विवरण (राजश्व, धरौटी र खर्च) बैङ्क भिडान गर्ने गरिएको छ छैन? | १. मासिक भिडान गरेको । ☐<br>२. चौमासिक भिडान हुने गरेको । ☐<br>३. बार्षिक भिडान गर्ने गरेको । ☑<br>४. बैङ्क भिडान गर्ने नगरेको । ☐ | Reconciliation विवरण |
| व्याख्याः<br>▪ कोषको विवरण (राजश्व, धरौटी र खर्च) बैङ्क भिडान बार्षिक रुपमा गर्ने गरिएको । | | | |
| **घ. राजश्व सम्बन्धी व्यबस्था** | | | |
| ९८. | गाउँ/नगर पालिकाले आफ्नो वित्तीय अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोत बद्धिका लागि अध्ययन तथा राजश्व सुधार कार्ययोजना निर्माण गरे नगरेको? | १. राजश्वको संभाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना निर्माण भएको । ☑<br>२. राजश्व सुधार कार्ययोजना निर्माणको क्रममा रहेको । ☐ | दस्तावेज । |

| | | | |
|---|---|---|---|
| | | ३. राजश्व सुधार कार्ययोजना निर्माण नभएको । ☐ | |

व्याख्याः

- फिक्कल गाउँपालिकाले राजश्व सुधार कार्ययोजना २०७५ मा तयार गरेको थियो। तर हाल त्यसमा संशोधन वा नयाँ राजश्व सुधार कार्ययोजना बनाउन बाँकी रहेको छ।

| | | | |
|---|---|---|---|
| ९९. | आन्तरिक आय र राजश्व बाडफाँटको रकमबाट साधारण खर्च पुगे नपुगेको ? (.................) | १. आन्तरिक स्रोत र राजश्व बाँडफाँटबाट प्रशासनिक खर्च पुगेको । ✓<br>२. साधारण खर्चको ८० प्रतिशत मात्र पुगेको । ☐<br>३. साधारण खर्चको ५० देखि ८० प्रतिशत सम्म मात्र पुगेको । ☐<br>४. साधारण खर्चको ५० प्रतिशत भन्दा कम मात्र पुग्ने गरेको । ☐ | बजेट पुस्तिका |

व्याख्याः

- आ.व. २०७७।०७८मा आन्तरिक आय र राजश्व बाँडफाँटको आयले शत प्रतिशत साधारण खर्च पुगेको।
- आ.व. २०७८।०७९मा आन्तरिक आय र राजश्व बाँडफाँटको आयले ८४ प्रतिशत साधारण खर्च पुगेको।

| | | | |
|---|---|---|---|
| १००. | राजस्व परामर्श समितिबाट राजश्वको करका आधार र दर निर्धारण गरी पूर्वानुमान तयारीका लागि पौष मसान्तभित्र प्रतिवेदन पेश गर्ने गरेको छ छैन ?<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन (दफा १८) | १. राजश्वको करका आधार र दर सहितको प्रतिवेदन कार्यपालिकामा समय सीमा भित्र पेश हुने गरेको। ✓<br>२. बैशाख १० गते भित्रपेश हुने गरेको। ☐<br>३. आषाढ १० गतेभित्र पेश हुने गरेको । ✓<br>४. पेश गर्ने गरिएको छैन। ☐ | प्रतिवेदन |

व्याख्याः

- आ.व. २०७७।०७८ का लागि मिति २०७७ जेठ २१ गते र आ.व. २०७८।०७९ कालागि मिति २०७८ जेठ २८ गते राजश्व परामर्श समिति बैठक बसि राजश्वका करका आधार र दर निर्धारण गरी गाउँपालिकामा पेश गरेको पाइयो ।

| | | | |
|---|---|---|---|
| १०१. | राजश्वको बृद्धि प्रतिशत | १. आ. व. २०७७/७८ मा राजश्वको बृद्धि प्रतिशत (आ. व. २०७६/७७ को तुलनामा) २४.५%<br>२. आ. व. २०७८/७९ मा राजश्वको बृद्धि प्रतिशत (आ. व. २०७७/७८ को तुलनामा) ८.९९% | दुई वर्षको राजश्वको आर्थिक विवरण । |

व्याख्याः

- आ.व. २०७६।०७७ को आन्तरिक राजश्व रु.
- आ.व. २०७७।०७८ आन्तरिक राजश्व रु., (२४.८ प्रतिशतले बढेको )

| | | | |
|---|---|---|---|
| ▪ आ.व. २०७८।०७९ को आन्तरिक राजश्व रु. , (८.९९ प्रतिशतले बढेको ) | | | |
| १०२. | साविकको गाविस वा जिविसबाट राजश्व असुलीको बक्यौता हस्तान्तरण भएको छ कि छैन ?<br>(स्थानीय सरकार सञ्चालन ऐन, दफा १०४) | १. असूल हुनु पर्ने रकमको लगत साबिकको गाविस वा जिविसबाट हस्तान्तरण भएको छ । ☐<br>२. वक्यौताको लगत हस्तान्तरण भएको तर सम्बन्धित श्रेस्ता प्राप्त नभएको । ☐<br>३. लगत तथा श्रेस्ता प्राप्त नभएको । ☑<br>४. नभएको भए कुनै पहल गरिएको छ ? ☐ | अभिलेख श्रेस्ता |
| व्याख्याः<br>▪ साविक स्थानीय निकायबाट बेरूजुको लगत हस्तान्तरण भएको तथ्य ले.प. प्रतिवेदन २०७४।७५ को दफा १२० मा अद्यावधिक बेरुजु स्थिति अनुसार रु १५१३००० साविकबाट हस्तान्तरण भएको देखिएको । तर अन्य कुनै श्रेस्ता नपाइएको । र कुनै पहल नगरिएको । | | | |
| १०३. | राजश्व मिनाहा दिने गरेको भए कहाँबाट निर्णय गरी दिने गरेको छ ? | १. प्रमुख /अध्यक्षबाट निर्णय गरेर ☐<br>२. प्रमुख कार्यकारी अधिकृतबाट निर्णय गरेर ☐<br>३. कार्यपालिकाबाट मिनाहा दिने गरेको ☐<br>४. सभाबाट मिनाहा दिने गरेको ☑<br>५. ठेकेदारको निवेदनमा बैठकबाट निर्णय गरी मिनाहा दिने गरेको । ☐ | गत वर्ष मिनाहा गरेको रकमको विवरण |
| व्याख्याः<br>▪ कोभिडको समयमा गाउँसभाबाट पारित गरि मिनाहा दिने कार्य भएको छ। २०७८।०७९ वार्षिक नीति तथा वजेट निर्णय नै चको अध्ययनबाट देखिएको । | | | |
| १०४. | खास प्रयोजनका लागि राजश्वमा छुट सम्बन्धी कुनै व्यवस्था गरिएको छ छैन? | १. उद्योग व्यवसाय सञ्चालनका लागि निश्चित अवधिको छुट सुविधा दिईएको । ☐<br>२. राजश्वको एकमुष्ट अग्रीम दाखिलामा छुट सुविधा दिने गरेको । ☐<br>३. ठेक्कापट्टामा सबै किस्ता एकमुष्ट अग्रीम दाखिला गरेमा छुट सुविधा दिने गरेको । ☐<br>४. अन्य **छैन** ☑ | स्थानीय आर्थिक ऐनको व्यवस्था भिडान। |
| व्याख्याः<br>▪ खास प्रयोजनका लागि राजश्वमा छुट सम्वन्धी व्यवस्था नगरिएको भएतापनि कोभिडको समयमा गाउँसभाबाट पारित गरि मिनाहा दिने कार्य भएको छ। | | | |
| १०५. | अधिकारमा आधारित घटना दर्ता तथा नागरिकता सिफारिश दस्तुर कसरी निर्धारण हुने गरेको छ?<br>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७ | १. समय भित्रको व्यक्तिगत घटना दर्ता निःशुल्क ☑<br>२. समय नाघेपछिको विलम्ब शुल्क रू. १०० सम्म ☐ | स्थानीय आर्थिक ऐन |

| | | | |
|---|---|---|---|
| | | ३. समय नाघेपछिको विलम्ब शुल्क रू. १०० भन्दा बढी [✓]<br>४. नागरिकता सिफारिश दस्तुर रू. १०० सम्म [✓]<br>५. नागरिकता सिफारिश दस्तुर रू.१०० भन्दा बढी [ ]<br>६. अन्य **प्रतिलिपि दस्तुर रू.५००** | र रसिद नमूनाको रूपमा हेर्ने। |
| व्याख्याः<br>▪ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७ ले तोकेको समयभित्र घटना दर्ता निशुल्क गराउने गरेको । स्थानीय आर्थिक ऐन अनुसार समय नाघेपछि रु.१०० शुल्क लिने गरेको ।<br>▪ नागरिकता सिफारिस दस्तुर रु. १०० लिने गरेको पाइयो ।<br>▪ प्रतिलिपी सिफारिश दस्तुर रु.५०० लिने गरेको छ । | | | |
| **ङ. सुशासन तथा विविध** | | | |
| १०६. | कर्मचारीलाई कार्य विवरण प्रदान गरिएको छ छैन? (निजामती सेवा नियमावलीको नियम ९ ) | १. दरबन्दी अनुसार कार्य विवरण तयार गरेको छ । [ ]<br>२. प्रत्येक कर्मचारीलाई कार्य विवरण प्रदान गरिएको । [ ]<br>३. शाखा प्रमुखलाई मात्र प्रदान गरिएको । [ ]<br>४. अभ्यासमा नरहेको । [✓] | अभिलेख |
| व्याख्याः<br>▪ संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेको  गरेको भएपनि स्वीकृत भएको छैन । कर्मचारीहरुलाई कार्यविवरण प्रदान नगरिएको । तर कर्मचारीलाई आफ्नो पदको जिम्मेवारी गर्न र शाखामा वसी कार्य गर्न भनी जानकारी गरेको । गाउँपालिकाको स्वीकृत संगठन संरचना अनुसार कर्मचारीहरुको आंशिक मात्र पदपूर्ति भएकोमा प्राविधक कर्मचारी सबै पूर्ति नभएको अवस्था छ । रिक्त पदहरुको पदपूर्तिका लागि माग फाराम पठाएको छ ।<br>▪ | | | |
| १०७. | कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन समयमा भर्ने गरेको छ छैन?   (निजामती सेवा ऐन दफा २४ क) | १. कर्मचारीले समयमा बुझाउने गरेको । [✓]<br>२. समयमा नै मल्याङ्कनको कार्य हुने गरेको । [ ]<br>३. समयमा पेश नहुने । [ ]<br>४. समयमा मूल्याङ्कन हुने नगरेको । [ ] | दर्ता पुस्तिका |
| व्याख्याः<br>▪ कर्मचारीहरुले समयमै कार्यसम्पादन मूल्याङ्कन तथा सम्पत्ति विवरण भरेर बुझाउने गरेका छन् । | | | |
| १०८. | स्वीकृत दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति भएको छ कि छैन ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ८३) | १. दरबन्दी भन्दा बढी समायोजन भएको [ ]<br>२. सबै पदपूर्ति भएको [ ]<br>३. आंशिक पदपूर्ति भएको [✓]<br>४. प्राविधिक कर्मचारी सबै पूर्ति नभएको [✓] | कर्मचारी प्रशासन शाखाको अभिलेख |
| व्याख्याः | | | |

| | | | |
|---|---|---|---|
| १०९. | रिक्त पदहरूको पदपूर्ति प्रक्रिया अवलम्वन भए नभएको?<br>कर्मचारी समायोजन ऐन, २०७५ को (दफा १२) | १. पदपूर्तिका लागि माग फाराम पठाएको । ✓<br>२. पदपूर्ति भई काम काजमा लगाइएको । ☐<br>३. प्रतिशत निर्धारणको पक्रियामा रहेको । ☐<br>४. सरुवा भई पदपूर्ति भएकोले कर्मचारी फिर्ता भएको । ☐ | कर्मचारी प्रशासन शाखाको अभिलेख |
| व्याख्याः<br>▪ गाउँपालिकाको स्वीकृत संगठन संरचना अनुसार कर्मचारीहरुको आंशिक मात्र पदपूर्ति भएकोमा प्राविधक कर्मचारी सबै पूर्ति नभएको अवस्था छ । रिक्त पदहरुको पदपूर्तिका लागि माग फाराम पठाएको छ । | | | |
| ११०. | लोकसेवा आयोयबाट सिफारिश भएका व्यक्तिहरूलाई नियुक्ति गरी काममा लगाएको छ छैन?<br>(कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२–६) | १. नियुक्ति दिइएको । ✓<br>२. काममा लगाइएको । ✓<br>३. सिफारिश प्राप्त हुने क्रममा रहेको । ☐<br>४. मागको आकृति फाराम नभरिएको । ☐ | कर्मचारी प्रशासन शाखाको अभिलेख |
| व्याख्याः<br>▪ लोकसेवा आयोगबाट सिफारिश भइ आएका कर्मचारीहरुलाई नियुक्ती गरी काममा लगाएको छ। | | | |
| १११. | करारमा कार्यरत कर्मचारी संख्या | १. स्वीकृत दरबन्दी संख्या ११४<br>२. स्थायी पदपूर्ति संख्या ३३<br>३. करारमा कार्यरत कमर्चारी संख्या ८१ | कर्मचारी प्रशासन शाखाको अभिलेख |
| व्याख्याः<br>करारमा ८१ जना कर्मचारीहरु कार्यरत रहेको । | | | |
| ११२. | प्रशासनिक पदमा करारमा कर्मचारी भर्ना गरेको छ छैन? (स्थानीय सरकार संचालन ऐन दफा८३ उपदफा ८) | १. प्रशासनिक पदमा करारमा नियुक्त नगरिएको । ✓<br>२. .... वटा प्रशासनिक पदमा करारमा नियुक्त गरिएको । ☐ | कर्मचारी प्रशासन शाखाको अभिलेख |
| व्याख्याः<br>▪ प्रशासनिक पदमा करारमा भर्ना गरेको छैन । | | | |
| ११३. | करारमा भर्ना गर्दा कसरी कुन प्रक्रिया अवलम्वन गरिएको छ ? | १. विज्ञापन गरी खुला प्रतिस्पर्धाबाट नियुक्त गर्ने गरिएको । ✓<br>२. विना विज्ञापन कार्यपालिकाको निर्णयबाट भर्ना गर्ने गरिएको । ☐ | अभिलेख भिडान । |

<table>
<tr><td></td><td></td><td>३. प्रमुख वा अध्यक्षको तोक आदेशबाट भर्ना हुने गरेको । ☐<br>४. संस्था करारबाट सेवा लिने गरेको । ☐</td><td></td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ करारमा कर्मचारी भर्ना गर्दा विज्ञापन गरी खुल्ला प्रतिष्पर्धाबाट लिने गरिएको ।</td></tr>
<tr><td>११४.</td><td>कर्मचारीलाई प्रोत्साहन भत्ता प्रदान गरे नगरेको ?</td><td>१. छ ✓<br>२. छैन ☐</td><td>विवरण खुलाउने</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ सम्वन्धित कर्मचारीहरुलाई कोभिडको समयमा प्रोत्साहन भत्ता प्रदा गरेको छ । तर जनप्रतिनिधिहरुले प्रदेश कानूनको अधिनमा रहेर मात्र सुविधा लिने गरेको छ ।</td></tr>
<tr><td>११५.</td><td>स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको सम्पत्ति विवरण समयमा प्रस्तुत हुने गरे नगरको ?</td><td>१. सबैले कानून बमोजिम पेश गर्नुपर्ने सम्पत्ति विवरण पेश गरेको । ✓<br>२. केहि पदाधिकारी र कर्मचारीहरुले कानून बमोजिम पेश गर्नुपर्ने सम्पत्ति विवरण पेश नगरेको । ☐</td><td>स्थानीय तहमा सम्पत्ति पेश गरेको दर्ता पुस्तिका र प्रदेश सरकारमा सम्पत्ति विवरण पठाएको पत्रको प्रति</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुले समयमै कार्यसम्पादन मूल्याङ्कन तथा सम्पत्ति विवरण भरेर बुझाउने गरेका छन् ।</td></tr>
<tr><td>११६.</td><td>जनप्रतिनिधिलाई प्रदेश कानून बाहेकको सुविधा प्रदान गरे नगरेको ?</td><td>१. छ ☐<br>२. छैन ✓</td><td>विवरण राख्ने</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ जनप्रतिनिधिहरुले प्रदेश कानूनको अधिनमा रहेर मात्र सुविधा लिने गरेको छ ।</td></tr>
<tr><td>११७.</td><td>नागरिक बडापत्र रहे नरहेको ?<br>(सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, दफा २५)</td><td>१. रहेको ☐<br>२. नरहेको ✓<br>३. डिजिटल बडापत्र रहेको ☐<br>४. क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा रहेको । ☐</td><td>अवलोकन</td></tr>
<tr><td colspan="4">व्याख्याः<br>▪ गाउँपालिकाको अवलोकन गर्दा नागरिक वडापत्र राखेको पाइएन ।</td></tr>
<tr><td>११८.</td><td>गाउँ/नगर पालिकाले सार्वजनिक सेवालाई पारदर्शी उत्तरदायी तथा जवाफदेही बनाउन सामाजिक परीक्षण गर्ने गरेको छ छैन?</td><td>१. सामाजिक परीक्षण गरी प्राप्त पृष्ठपोषण अनुसार सेवामा सुधारको शुरूवात भएको । ☐</td><td>परीक्षण प्रतिवेदन</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन (दफा ७८.५) | २. सामाजिक परीक्षण सम्बन्धी विधिमात्र तयार गरेको। [ ]<br>३. सामाजिक परीक्षण गर्ने नगरेको। [✓] | |
| व्याख्याः<br>■ सामाजिक परीक्षण गर्ने गरेको छैन भने मिति २०७८ कार्तिक २९ गते २ आव बर्षमा एक पटक मात्र सार्वजनिक सुनुवाई गरेका छन। | | | |
| ११९. | आ.व. २०७७/७८ र ०७८/७९ मा गाँउ/नगरवासी तथा सरोकारवालाहरू समेतको सहभागितामा सार्वजनिक सुनुवाईको आयोजना कति पटक भयो?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ७८.५) | १. प्रत्येक चौमासिकमा गर्ने गरिएको। [ ]<br>२. वार्षिक रूपमा गर्ने गरिएको। [ ]<br>३. दुई वर्षमा एकपटक मात्र भएको। [✓]<br>४. एक पटक पनि नभएको। [ ] | सार्वजनिक सुनुवाईको उपस्थिति पुस्तिका। |
| व्याख्याः<br>■ मिति २०७८ कार्तिक २९ गते २ आव बर्षमा एक पटक मात्र सार्वजनिक सुनुवाई गरेका छन। | | | |
| १२०. | सामाजिक सुरक्षा भत्ताको वितरण कसरी आद्यवधिक हुने गरेको छ? | १. भत्ता प्राप्त गर्नेहरूको विवरण वार्षिक रूपमा अध्यावधिक गर्ने गरिएको। [ ]<br>२. भत्ता प्राप्त गर्नेहरूको नामावली वडातहमा सार्वजनिक गरी पालिकाको वेभसाइडमा राखिएको। [ ]<br>३. वितरणको विवरण कार्यपालिकाको बैठकमा जानकारीका लागि प्रस्तुत गर्ने गरिएको। [✓] | अभिलेख |
| व्याख्याः<br>■ त्रैमासिक रुपमा अद्यावधिक गर्ने गरिएको। गाउँपालिकाको वेवसाइटमा नराखिएको तर राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको वेवसाइटमा अद्यावधिक हुने गरेको। | | | |
| १२१. | सामाजिक सुरक्षा भत्ता कसरी दिने गरिएको छ ? | १. नगद [ ]<br>२. बैक दाखिला [✓] | |
| व्याख्याः<br>■ बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरेको छ। | | | |
| १२२. | सोधपुछ कक्ष रहे नरहेको? | १. रहेको [ ]<br>२. नरहेको [✓]<br>३. स्थानाभवाले राख्न नसकिएको। [ ]<br>४. हाल कर्मचारी नपुग भएर सञ्चालनमा आउन नसकेको। [ ] | अवलोकन |
| व्याख्याः<br>■ सोधपुछ कक्ष नरहेको । | | | |

| | | | |
|---|---|---|---|
| १२३. | स्थानीय सेवा प्रवाहमा विचौलियाको प्रयोगको अवस्था कस्तो छ? | १. पालिकाले नै तोकेका व्यक्तिले निःशुल्क सहयोग गर्ने। [✓]<br>२. पालिकाले नै तोकेका व्यक्तिले सःशुल्क सहयोग गर्ने। [ ]<br>३. रजिष्टर लेखनदासको सेवा लिनु पर्ने। [ ]<br>४. बाहिरका बिचौलियाको सेवा लिनु पर्ने। [ ]<br>५. अन्य [ ] | अवलोकन। |
| व्याख्याः<br>▪ गाउँपालिकाले औपचारिक रुपमा सहयोग गर्ने कर्मचारी नतोकेको तर सम्वन्धित शाखामा कार्यरत कर्मचारीहरुले निशुल्क रुपमा सहयोग गरिदिने गरेको। | | | |
| १२४. | सबै कर्मचारीले तोकिएको सरकारी पोशाक लगाउने गरेका छन् कि छैनन्? | १. लगाउने गरेको। [✓]<br>२. आंशिक लगाउने गरेको। [ ]<br>३. लगाउने नगरेको। [ ]<br>४. यस सम्बन्धमा कुनै पहल नभएको। [ ] | अवलोकन |
| व्याख्याः<br>▪ कर्मचारी सबैले सरकारी पोशाक लगाउने गरेको। | | | |
| १२५. | स्थानीय तहको सम्पत्ति संरक्षणको अभिलेख व्यवस्थापनको अवस्था कस्तो रहेको छ?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ११.२.ड ४) | ▪ पालिकाको लगानीका सम्पूर्ण सम्पत्ति अभिलेख विवरण राख्ने गरेको। [ ]<br>▪ पालिकाद्वारा सञ्चालित संपूर्ण योजनाको अभिलेख अद्यावधिक पुस्तिका तयार गरी राखेको। [ ]<br>▪ चालु आ.ब. मा सञ्चालित योजनाहरूको मात्र विवरण सहितको योजना अभिलेख पुस्तिका तयार गरी राख्ने गरेको। [✓]<br>▪ संघ र प्रदेशबाट हस्तान्तरित योजनाको मात्र अभिलेख राख्ने गरेको। [ ] | अभिलेख लगत पुस्तिका। |
| व्याख्याः<br>▪ गाउँपालिकाको सम्पत्ति संरक्षणको अभिलेखको लगत नभएको तर चालु आ.ब. मा सञ्चालित योजनाहरूको मात्र विवरण सहितको योजना अभिलेख पुस्तिका तयार गरी राख्ने गरेको। | | | |
| १२६. | सार्वजनिक सम्पत्तिको अभिलेख अध्यावधिक राख्ने गरेको।<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ११.२.ड ४) | १. पालिका भित्रका सार्वजनिक सम्पत्तिको विवरण राख्ने गरेको। [ ] | अभिलेख |

| | | | |
|---|---|---|---|
| | | २. अभिलेखका साथै सार्वजनिक सम्पत्ति भएको स्थानमा सोको जनाउ बोर्ड समेत राखिएको। ☐<br>३. चालु वर्षमा राख्ने कार्यक्रम रहेको। ☐<br>४. हालसम्म केहि पनि नगरिएको। ☑ | |
| व्याख्याः<br>▪ गाउँपालिकाको सम्पत्ति संरक्षणको अभिलेखको लगत नभएकोले अद्यावधिक पनि नभएको। | | | |
| १२७. | जनप्रतिनिधिहरूको आचार संहिता छ छैन?<br>(सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन दफा २३–२ ज र स्थानीय सरकार संचालन ऐन, दफा ११२) | १. आचार संहिता स्वीकृत भएको। ☑<br>२. स्वीकृत आचार संहिता सार्वजनिक भएको। ☐<br>३. आचार संहिता कार्यान्वयनमा आएको। ☐<br>४. आचार संहिता नरहेको। ☐ | निर्णय पुस्तिका आचार संहिता |
| व्याख्याः<br>▪ फिक्कल गाउँपालिका पदाधिकारीहरुको आचरण संहिता २०७४ रहेको छ। | | | |
| १२८. | स्थानीय स्तरमा सुशासन सम्बन्धी नीति वा प्रतिवद्धता पत्र निर्माण भए नभएको? | १. सुशासन नीति तर्जुमा भई कार्यान्वयनमा रहेको। ☐<br>२. सुशासन नीति र प्रतिवद्धता सार्वजनिक भएको। ☐<br>३. तर्जुमा नभएको। ☑ | दस्तावेज |
| व्याख्याः<br>▪ स्थानीय स्तरमा सुशासन सम्वन्धी नीति वा प्रतिवद्धता अलग्गै निर्माण नभएको। | | | |
| १२९. | बाह्य निगरानी निकायहरू (जस्तैः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र) बाट सोधनी हुने उजुरीका सम्बन्धमा कुनै शाखा इकाईलाई तोकिएको छ छैन? | १. शाखा वा इकाई तोकिएको। ☐<br>२. शाखा वा इकाई नतोकिएको । ☐<br>३. प्रमुख प्रशासकीय अधिकृतले प्रत्यक्ष हेर्ने गरेको। ☑<br>४. प्रमुख वा अध्यक्षले प्रत्यक्ष हेर्ने गरेको। ☐ | तोकिएको पत्र |
| व्याख्याः<br>▪ कुनै शाखालाई नतोकिएको तर आएका उजुरीहरु प्रशासन शाखामार्फत कारवाहीका लागि पठाउने गरेको। | | | |
| १३०. | बाह्य निगरानी निकायहरू (जस्तैःअख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र) बाट सोधनी भएका विषयहरूमा नियमित जवाफ दिने गरे नगरेको।<br>सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ नियम ३२ | १. ३ दिन भित्र। ☑<br>२. ७ दिन भित्र। ☑<br>३. ताकेता भएपछि जवाफ जाने गरेको। ☐<br>४. कतिपयको जवाफ नै दिन नसकिएको। ☐ | दर्ता चलानी अभिलेख |
| व्याख्याः<br>▪ साधारणतया तोकिएको समयभित्र नै जवाफ पठाउने गरेको। तर छानवीन प्रतिवेदन पठाउनुपर्ने सम्वन्धमा गाउँपालिकाले तोकिएको समयभन्दा थप लगाएको पनि देखियो। | | | |

| | | | |
|---|---|---|---|
| १३१. | बाह्य निगरानी निकायहरू (जस्तैःअख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र) मा उजुरीपरी जानकारीमा आएका उजुरीहरूको फरफारक (प्रतिशत) | १. उजुरी संख्या [१]<br>२. उजरीको फरफारक संख्या [०] | अभिलेख |
| व्याख्याः<br>▪ अख्तियार दुरूपयोग अनुसन्धान आयोग मा १ उजुरी परेकोमा हालसम्म पनि सो उजुरीहरुको फरफारक नभएको। | | | |
| १३२. | गाउँ/नगर पालिका सम्बन्धी विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएका निर्णय तथा सुझाव कार्यान्वयनको अवस्था (प्रतिशत) | १. निर्णय तथा सुझाव संख्या [०]<br>२. निर्णय तथा सुझाब कार्यान्वयन संख्या [०] | कार्यान्वयन सम्बन्धि अभिलेख भिडान |
| व्याख्याः<br>▪ गाउँपालिका सम्बन्धी विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएका निर्णय तथा सुझाव कार्यान्वयनको सम्वन्धी कुनै अभिलेख उपलब्ध नभएको। | | | |
| १३३. | बाह्य निगरानी निकायहरू (जस्तैःअख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र) बाट प्राप्त उजुरीहरूमा न्यून फर्छयौटका क्षेत्र | १. शिक्षा सम्बन्धी [ ]<br>२. स्वास्थ्य सम्बन्धी [ ]<br>३. कृषि सम्बन्धी [ ]<br>४. सार्वजनिक निर्माण [✓]<br>५. उपभोक्ता समिति सम्बन्धि [✓]<br>६. अन्य कुनै भए खुलाउने (......) [ ] | अभिलेख |
| व्याख्याः<br>▪ सार्वजनिक निर्माणसम्वन्धी १ वटा<br>▪ उपभोक्ता समितिसम्वन्धी १ वटा | | | |
| १३४. | अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरीपरेका कारण रोकिएका योजनाहरु | १. उजुरीका कारण काम नै प्रारम्भ हुन नसकेका योजना। [ ]<br>२. बीचमा नै रोकिएका योजना। [ ]<br>३. आयोगको निर्देशन अनुसार रोकिएका योजना। [ ]<br>**४. छैन** [✓] | योजनाको विवरण संकलन |
| व्याख्याः<br>▪ कुनै योजना नरोकिएको। | | | |
| १३५. | गाउँ/नगर पालिकाले पठाउनु पर्ने प्रतिवेदन तथा विवरण नियमित रुपमा पठाउने गरे नगरेको ? (मासिक, त्रैमासिक, वार्षिक र पटके माग गरिएका)<br>▪ वार्षिक प्रगति प्रतिवदेन, | १. संघ, प्रदेश र जिससलाई पठाउनु पर्ने प्रतिवेदन नियमित रुपमा पठाई कार्यालयको वेभसाइटमा समेत राख्ने गरेको। [ ] | नमूनाको रुपमा प्रतिवेदन पठाएको कार्यालय प्रति र चलानी हेर्ने |

| | | | |
|---|---|---|---|
| | ▪ वार्षिक आर्थिक (आय व्यय) विवरण<br>▪ त्रैमासिक प्रगति प्रतिवेदन<br>▪ मासिक आर्थिक (आय व्यय) विवरण<br>▪ सयम समयमा माग भएका अन्य विवरणहरू | २. संघ र प्रदेशमा पठाउनु पर्ने प्रतिवेदन नियमित रुपमा पठाउने गरेको । ✔<br>३. संघ, प्रदेश र जिससलाई पठाउनु पर्ने प्रतिवेदन समयमा पठाउने नगरेको । ☐<br>४. HMIS (Health management Information System), EMIS (Education Management Information System) SuTRA लगायतका अनलाइन रिपोटिङ्गहरु नियमितरुपमा हुने गरेको । ✔ | |
| व्याख्याः<br>▪ आर्थिक विवरण मात्र त्रैमासिक रुपमा संघको लागि कोलेनिकामा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने गरेको भनेर लेखा शाखाका कर्मचारीहरुको भनाई । तर प्रमाण चालू आ.व.को मात्र प्राप्त भएको । वार्षिक पठाएको छैन । वेवसाइटमा नराखिएको । | | | |
| १३६. | २ आर्थिक वर्षको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्राप्त अङ्क | 1. आ. व. २०७६/०७७ मा पाएको औसत अङ्क ४७<br>2. आ. व. २०७७/०७८ मा पाएको औसत अङ्क ३५ | प्रतिवेदन |
| व्याख्याः<br>▪ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा क्रमशः ४७ र ३५ अंक प्राप्त गरेको छ । | | | |
| **च. सेवा प्रवाहको अबस्था** | | | |
| १३७. | कृषि क्षेत्रसँग सम्बन्धित योजना संचालनका लागि कृषकलाई दिइने अनुदानको नीति, कार्यविधि एवं मापदण्ड तयार गरिएको छ छैन ? | १. छ ☐<br>२. छैन ✔ | दस्तावेज |
| व्याख्याः<br>▪ गाउँपालिकाको कृषि क्षेत्रसँग सम्वन्धित योजना संचालनका लागि कृषकलाई लिइने अनुदानको ठोस नीति, कार्यविधि र मापदण्ड नभएको ।<br>▪ संघ तथा प्रदेशबाट आएको कृषि सम्वन्धि कार्यक्रमहरु अनुदान सम्वन्धित निकायबाट आएको कार्यविधिअनुसार गर्ने निर्णय भएको । | | | |
| १३८. | स्वीकृत अनुदान मापदण्ड बमोजिम कार्य हुने गरे नगरेको ? | १. छ ☐<br>२. छैन ✔ | नमूनकोरुपमा श्रेष्ता हेर्ने |
| व्याख्याः<br>▪ संघ तथा प्रदेशबाट आएको कृषि सम्वन्धि कार्यक्रमहरु सम्वन्धित अनुदान निकायबाट आउने कार्यविधिअनुसार कार्यान्वयन गर्ने भनी कार्यपालिकाले निर्णय गरेको ।<br>▪ गाउँपालिकाको सन्दर्भमा कृषि तथा पशुसम्वन्धी प्रस्तावना छनौट गर्ने तथा कृषक छनोट गाउँकार्यपालिकाले गर्ने गरेको । | | | |
| १३९. | उद्योग व्यवसाय गाउँ/नगर पालिकामा दर्ता र नवीकरण गर्ने गरिएको छ छैन?<br>स्थानीय सरकार सञ्चालन ऐन (दफा ११.५ घ) | १. छ ✔<br>२. छैन ☐ | संख्या खुलाउने |
| व्याख्याः<br>▪ गाउँपालिकामा उद्योग व्यवसायको दर्ता हुने गरेको छ । | | | |
| १४०. | पालिकामा सञ्चालित उद्योग व्यवसायको विवरण अध्यावधिक राखे नराखेको | १. छ ✔<br>२. छैन ☐ | संख्या खुलाउने |

| | | | |
|---|---|---|---|
| व्याख्याः<br>▪ गाउँपालिकामा नियम अनुसार उद्योगहरु दर्ता गर्ने गरेको छ र तीनिहरुको नवीकरण पनि गर्ने गरेको छ। | | | |
| १४१. | सबै विद्यालयको विद्यालय व्यवस्थापन समिति अभिभावक भेलाबाट गठन गर्ने गरिएको छ छैन? | १. छ ✓<br>२. छैन ☐ | शिक्षा शाखाको अभिलेख |
| व्याख्याः<br>▪ गाउँपालिकामा अवस्थित विद्यालयहरुमा अभिभावक भेलाबाट व्यवस्थापन समिति गठन हुने गरेको छ र सोही समितिहरु मार्फत विद्यालयमा निर्माण कार्य हुने गरेको छ। | | | |
| १४२. | विद्यालयमा निर्माण कार्य व्यवस्थापन समिति मार्फत गर्ने गरिएको छ कि पालिकाबाट नै सोझै गर्ने गरिएको छ? | १. व्यवस्थापन समितिबाट ✓<br>२. उपभोक्ता समितिवाट ☐<br>३. ठेक्कापट्टाबाट ☐<br>४. अमानतबाट ☐<br>५. गैससंगको साझेदारीमा ☐ | अभिलेख |
| व्याख्याः<br>▪ विद्यालयमा निर्माण कार्य सोही विद्यालयको विद्यालय व्यवस्थापन मार्फत हुने गरेको छ। | | | |
| १४३. | स्थानीय तहमा कतिवटा सहकारी संस्थाहरु दर्ता भएका छन् ? | 1. आ. व. २०७७/०७८<br>2. आ. व. २०७८/०७९ ☐<br>3. हालसम्म जम्मा २९ | |
| व्याख्याः<br>▪ गाउँपालिकामा हाल २९ वटा सहकारी संस्थाहरु कार्यरत रहेका छन तर गाउँपालिकाले तिनिहरुको नियमन गर्न सकेको छैन। जसले गर्दा ती सहकारी संस्थाहरुको वर्तमान अवस्थाको कुनै दस्तावेज उपलब्ध छैन। | | | |
| १४४. | कतिवटा सहकारी संस्थाहरुको नियमन गरेको छ? | 1. आ. व. २०७७/०७८ ☐<br>2. आ. व. २०७८/०७९ ☐<br>**3. छैन** ✓ | |
| व्याख्याः<br>▪ उँपालिकाले सहकारी संस्थाहरुको नियमन गर्न सकेको छैन। जसले गर्दा ती सहकारी संस्थाहरुको वर्तमान अवस्थाको कुनै दस्तावेज उपलब्ध छैन। | | | |
| १४५. | कुनै सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ? | 1. आ. व. २०७७/०७८ ☐<br>2. आ. व. २०७८/०७९ ☐<br>**3. छैन** ✓ | |
| व्याख्याः<br>▪ कुनै सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छैन। | | | |
| **छ. कोभिड/कोरोना भाइरस सम्बन्धी अवस्था** | | | |

| | | | |
|---|---|---|---|
| १४६. | यस गाउँ/नगरपालिकामा कोरोना भाइरसबाट नागरिकहरु संक्रमित/प्रभावित भए नभएको | १. बिरामी भएको संख्या २८६<br>२. निको हुनेको संख्या २७८<br>३. स्थानीय स्वास्थ्य संस्थामा निको हुने<br>४. क्वारेन्टाइनमा बसेर निको हुने ३६<br>५. मृत्यु भएको संख्या ८ | स्वास्थ्य शाखाबाट विवरण संकलन |

व्याख्याः

- फिक्कल गाउँपालिका अन्तर्गत संचालन भएका जम्मा संख्या २८६ जनामध्ये २७८ जना निको भएको र ८ जनाको मृत्यु भएको थियो ।

| | | | |
|---|---|---|---|
| १४७. | यस गाउँ/नगरपालिकामा १८ बर्षभन्दा माथिका कोरोना भाइरस विरुद्ध खोप लिएका जनसंख्या | १. बुस्टर दोज लिएका जनसंख्या<br>२. दोश्रो दोज लिएका जनसंख्या<br>३. पहिलो दोज मात्र लिएका जनसंख्या | स्वास्थ्य शाखाबाट विवरण संकलन |

व्याख्याः

- तथ्याङ्क उपलब्ध नभएको ।

| | | | |
|---|---|---|---|
| १४८. | कोरोना भाइरस कोषमा जम्मा भएको रकम | 1. संघीय सरकारबाट प्राप्त रकम ४० लाख<br>2. प्रदेश सरकारबाट प्राप्त रकम ०<br>3. स्थानीय पालिकाको कोषबाट प्राप्त रक ६.१९ लाख<br>4. स्थानीय स्तरमा प्राप्त रकम ३६ हजार | आर्थिक प्रशासन शाखाबाट |

व्याख्याः

- कोभिडलागि संघ सरकारबाट ४० लाख र गाउँपालिकाबाट ६ लाख १९ हजार उपलब्ध भएको थियो र स्थानीय स्तरमा ३० हजार गरी जम्मा ४६ लाख ४९ हजार
-

| | | | |
|---|---|---|---|
| १४९. | कोरोना कोषको रकम कुन कानून अनुसार खर्च हुने गरेको छ | १. कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ ✓<br>२. स्थानीय तहको प्रचलित आर्थिक कानूनबाट ✓<br>३. कार्यपालिकाको निर्णयबाट ✓<br>४. स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयबाट ✓ | आर्थिक प्रशासन शाखाबाट |

व्याख्याः

- कारोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि २०७६ अनुसार खर्च गरेको ।

| | | | |
|---|---|---|---|
| १५०. | कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचारमा भएको खर्च रकम | 1. २०७९ असार मसान्त सम्मको खर्च र ४६.४५लाख<br>2. मौज्दात रकम ४ हजार<br>3. खर्च रकम आलेप भएको ✓<br>4. खर्च रकम आलेप नभएको | आर्थिक प्रशासन शाखाबाट |

व्याख्याः

- ४६ लाख ४५ हजार कारोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि २०७६ अनुसार खर्च गरेको
- कोषमा ४ हजार जम्मा रहेको विवरण उपलब्ध भएको छ।

# स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता सम्बन्धी अध्ययन

**खण्ड (ख)**

## विषयगत खुला प्रश्नावली

**स्थानीय तहको नाम**: फिक्कल गाउँपालिका

**जिल्ला:** सिन्धुली **प्रदेश:** बागमती

| स्थानीय तहले भरी उपलब्ध गराउने | | |
|---|---|---|
| **क्र.सं** | **विषय** | **स्थानीय तहको धारणा** |
| १. | स्थानीय तहले भोगेका प्रमुख पाँच समस्याहरू के के रहेका छन्? | 1. सुविधा सम्पन्न भवनको अभाव<br>2. आन्तरिक स्रोतको कमी<br>3. विकास निर्माणमा कार्यमा कठिनाई<br>4. गाउँपालिकाको भौगोलिक विकटता रहेको कारण सडक पूर्वाधार निर्माण व्यवस्थित हुन नसकेको<br>5. कृषि पेशालाई व्यवस्थित गर्न नसकिएको<br>6. प्रयाप्त मात्रामा कानुन निर्माण हुन बाँकी रहेको अवस्था |
| २. | गाउँ /नगर सभा र कार्यपालिकाको बैठक सञ्चालनमा के कस्ता कठिनाईहरू रहेका छन्? | 1. सुविधा सम्पन्न भवन नभएको कारण गाउँसभा तथा कार्यपालिका बैठक वस्ने स्थान व्यवस्थित नभएको<br>2. बैठकका सदस्यहरुको बैठक एजेण्डाको वारेमा वुझाई कमी रहेको ।<br>3. साथै गाउँपालिकाको भौगोलिक विकट अवस्थाका कारण सभा तथा बैठकमा सदस्यहरुको आवागमनमा समस्या |
| ३. | राजश्व संकलन (करको दर, आधार, संकलनको प्रक्रिया ,.....) का क्षेत्रमा देखिएका प्रमुख समस्या र गर्नुपर्ने सुधार के होलान् ? | 1. करको दर न्यूनगरी करको दायरामा वृद्धि हुर्नुपर्ने<br>2. गाउँपालिकामा अतिविपन्न व्यक्तिहरुको वसोवास रहेको कारण राजश्व संकलनमा कठिनाई<br>3. राजश्व संकलनको क्षेत्र कमी भएको<br>4. राजश्व संकलनको क्षेत्र विस्तार गर्नुपर्ने । |
| ४. | बार्षिक योजना सञ्चालनमा संघ, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैसस, स्थानीय तहका योजना बीच दोहोरोपन देखिएको छ कि छैन, यसमा के कस्तो सुधार आवश्यक देख्नुहुन्छ? | 1. योजना तथा कार्यक्रमहरु सञ्चालन प्रक्रियामा दोहोरोपन नभएको । |

| | | |
|---|---|---|
| ५. | कर्मचारी व्यवस्थापनको अवस्था (कार्यालय, बिषयगत शाखा तथा वडामा कर्मचारी पदपूर्ति भएको छ कि छैन? पदपूर्ति नभएको स्थानमा कसरी काम गर्ने गरिएको छ? सेवा प्रवाहमा के कस्ता समस्या देखापरेका छन्?) कस्तो रहेको छ? | 1. कर्मचारी पदपूर्ति पूर्ण अवस्थामा नरहेको कारण दैनिक काम कारवाहीमा समस्या रहेको<br>2. विद्युत र इन्टरनेटको अवभाका कारण डिजिटल प्रविधिमा काम कारवाहीमा केही समस्या आएको छ ।<br>3. गाउंपालिका मातहतका हरेका शाखा तथा कार्यालयहरुमा डिजिटल प्रविधिवाट काम कारवाही वा सेवा प्रवाहको कार्य विस्तारै विस्तार गरिदै लगिएको छ । |
| ६. | उपभोक्ता समिति व्यवस्थापनमा के कस्ता समस्या रहेका छन्, के कस्ता सुधार आवश्यक देखिन्छ? | 1. उपभोक्ता समिति गठनमा सम्वन्धित उपभोक्ताहरु सक्षम र लेखपढ गर्न सक्नेको कमी<br>2. गाउँपालिकाको भु-वनावट साथै सोही स्थानमा बसोवास गर्ने फिक्कलवासीहरुको आर्थिक, सामाजिक, शैक्षिक अवस्था कमजोर रहेको कारण उद्देश्य अनुसारको उपभोक्ता समिति गठन हुन नसकेको । |
| ७. | योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा के कस्ता कठिनाई (उदाहरण, सहभागितामूलक र समावेशी प्रक्रिया अवलम्वन, अवण्डा बजेट, दामासाही भागबण्डा, विस्तृत संभाव्यता अध्ययन, डोजरको प्रयोग, अधुरा योजनाको सम्बन्धमा भएगरेका प्रयासहरू....आदि) व्यहोर्नु परेको छ? | 1. योजना तर्जुमा प्रक्रिया कानुन बमोजिम वस्ती स्तर हुँदै चरणवद्धरुपमा प्रक्रिया अवलम्वन गरी गरिएको<br>2. अवस्था हेरी हेभी मेशीन प्रयोग भएको<br>3. जनश्रमदान सहभागिता मुलक योजना प्रक्रिया अवलम्वन भएकोमा रकमको अभाव भई समस्या आएको<br>4. केही वजेट अवण्डा राखी पछि कार्यपालिका निर्णयले वजेट विनियोजन गर्नुपर्ने । |
| ८. | अनुगमन प्रणाली (अनुगमनको सूचक निर्धारण, अनुगमन प्रतिवेदन उपर कार्यपालिकामा छलफल, अनुगमनका क्रममा अनियमितता भएको देखिएकोमा कारवाही ...) | 1. स्थानीय सरकार संचालन ऐन बमोजिम उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन भएको र सोही समिति मार्फत समितिको प्रतिवेदनको आधारमा भुक्तानी दिने गरेको । |
| ९. | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनबाट देखिएका सुधार गर्नुपर्ने पक्षमा गरेका कार्यहरु | 1. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन बाट देखिएका सुधार गर्नुपर्ने पक्षमा सुधार कार्यहरु प्रक्रियामा रहेका । |

| | | |
|---|---|---|
| १०. | यस अवधिमा गाउँ/नगर पालिकाले गरेका नवीन, सिर्जनात्मक तथा अनुकरणीय कार्य (कम्तीमा दुई वटा दृष्टान्त सहित प्रस्तुत गर्ने) | 1. सिन्धुली जिल्लाको सवैभन्दा अग्लो स्थानमा पर्यटन प्रवर्द्धन गर्ने हेतुले १८ वटा कोठा सहितको होमस्टे भवनहरु निर्माण गरिएको। सो होमस्टेमा स्थानीय तथा प्राङगारिक उपभोग वस्तुको उपभोग गर्न पाईने व्यवस्था छ। फिक्कल गाउँपालिकाबाट संचालन हुने कार्यक्रमहरु वढीमात्रामा सोही स्थानमा संचालन हुने गरेको।<br>2. गाउँपालिका मातहतमा दुई एम्वुलेन्स संचालनमा रहेको। न्युन मातृशिशु मृत्युदर कम गर्न सवै वर्थिङ्ग सेन्टर सम्म आउन गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिएको। |
| ११. | बाह्य निगरानी निकायहरु(जस्तैःअख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता  केन्द्र) प्रतिको धारणा र अपेक्षा | बाह्य निगरानी निकायहरु जस्तैःअख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता  केन्द्र प्रतिको धारणा सकारात्मक रही गाउँपालिकाको काम कारवाहीमा सकारात्मक  प्रभाव पुर्याएको छ। |
| १२. | अन्य | प्रभावकारी स्थानीय सरकार संञ्चालन व्यवस्थापन तथा नमुना गाउँपालिका निर्माण गर्न सूचक सहितको दस्तावेज तयार गरी स्थानीय तहका कर्मचारी तथा जनप्रतिनीधिलाई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले अभिमुखीकरण गर्नुपर्ने |

अध्ययनकर्ता/सहजकर्ताको नामः ... ... ………....

दस्तखतः

मितिः

प्रमाणित गर्नेको नामः ... …………

दस्तखतः

मितिः

**२ बैठकमा उपस्थित पदाधिकारी र कर्मचारीहरुको नामावली**

आज मिति : २०७४ साल भाद्र २८ गते मंगलवारका दिन स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट "प्रभावकारी स्थानीय सरकार संचालन तथा व्यवस्थापन" सम्बन्धी अनुसन्धान गर्न यस फिक्कल गाँउपालिकालाई छनौट गरी सो कार्यका लागि आउनुभएका स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको टोलीसँग छलफल / अन्तरक्रिया यस फिक्कल गाँउपालिकाका अध्यक्ष श्री पार्वती सुनुवार ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारी एवं कर्मचारीहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति :-

| | |
|---|---|
| श्री पार्वती सुनुवार | गा.पा. अध्यक्ष |
| श्री जयकृष्ण श्रेष्ठ | निर्देशक LDTA |
| श्री राजु बराल | उपाध्यक्ष गा.पा. |
| श्री शिवहरी दाहाल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टेक बहादुर रजन मगर | वडा अध्यक्ष वडा नं. ३ |
| श्री मोहन मगर | वडा अध्यक्ष वडा नं. ५ |
| श्री वैकुण्ठ लाल पहाडी | वडा अध्यक्ष वडा नं. २ |
| श्री हरि लाल विश्वकर्मा | - विद्यालय निरीक्षक |
| श्री महेश्वर दाहाल | - लेखा सहायक |
| Er. Dinesh Bhandari | - IT officer |
| श्री नारायण प्रसाद अधिकारी | - का.स. नं. ५ |
| श्री सागर कुलाल | - इन्जिनियर |
| श्री पेम्बा बहादुर सार्की | - MIS operator |
| श्री उषा रुकाल अधिकारी | - अ.हे.व. |
| श्री संदीप उपाध्याय | कृषि ईन्जिनियर |
| श्री योगमाया सापकोटा | व्य. अधिकृत |

## फोटोहरु






























मध्यमकालीन खर्च संरचना
प्रथम आवधिक विकास योजना
(आ.व.०७८/७९- ८२/८३)
फिक्कल गाउँपालिका
फिक्कल गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, खाडसाड, सिन्धुली
२०७८


प्रथम आवधिक विकास योजना
(आ.व.०७८/७९- ८२/८३)
फिक्कल गाउँपालिका
फिक्कल गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, खाडसाड, सिन्धुली
२०७८